लेखापरीक्षण प्रतिवेदन

लिखु तामाकोशी गाउँपालिका, रामेछाप

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

लिखु तामाकोशी गाउँपालिका, रामेछाप

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/382

श्रीमान् अध्यक्षज्यू,
लिखु तामाकोशी गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, रामेछाप।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/382

श्रीमान अध्यक्षज्यू,
लिखु तामाकोशी गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, रामेछाप ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको रायः

हामीले त्यस **गाउँपालिकाको** आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु. १ अर्ब ३५ करोड ६० लाख ५७ हजार ७२३ को लेखापरीक्षण गरीएको छ । लेखापरीक्षणबाट रु. १ करोड ७७ लाख २३ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. ६६ लाख ३९ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. ९ लाख ७६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २८ लाख ८४ हजार, नियमित गर्नुपर्ने रु. ७१ लाख २६ हजार र पेश्की बाँकी रु. ९८ हजार गरी जम्मा रु. १ करोड १० लाख ८४ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. २१ करोड २६ लाख ७५ हजार रहेकोमा यसवर्षको थप रु. १ करोड १० लाख ८४ हजार समेत हालसम्म अद्यावधिक बेरुजू रु. २२ करोड ३७ लाख ५९ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
९२	१४३	१,७७,२३,३१४	०	५४	६६,३९,७८९	०	९२	८९	१,१०,८३,५२५	९,७६,२३८	७१,२५,८४४	२८,८३,४४३	०	०	१,००,०९,२८७	९८,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्योँट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रामेछाप	२१,२६,७५,०००	०	०	२१,२६,७५,०००	०	१,१०,८३,५२५	२२,३७,५८,५२५

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	७४.१	सामाजिक सुरक्षा भत्ता	१२,२४,४२३
२	२०८१/८२	६२.६ र ६२.१०	शिक्षातर्फ	७७,३४४
३	२०८१/८२	५२.४	विभिन्न समितिको वैठक भत्ता	२०,४००
४	२०८१/८२	३०.१ र ३०.२	भ्रमण खर्च थप	२,३६,७००
५	२०८१/८२	५१	प्रमाण पेश नभएको	७,४४,८३९
६	२०८१/८२	४५.२	दिलौरी-जगमाने-वासे सडक (ठेक्का नं LTRM/NCB/WORKS/07/2081/82)	१२,१३,३६२
७	२०८१/८२	६१.४	तालिम तथा कार्यक्रम	३,४००
८	२०८१/८२	३३.३	जिन्सी मालसामान व्यवस्थापन	२९,४७,८९१

९	२०८१/८२	४४.३	कर भुक्तानी	२६,७३०
१०	२०८१/८२	२२.५	आन्तरिक आय तर्फ	१४,०००
११	२०८१/८२	२९.२	अनुगमन तथा भ्रमण खर्च	१,३०,७००
जम्मा				६६,३९,७८९

लिखु तामाकोशी गाउँपालिका, रामेछाप

(८०३२४५०५३००)

लिखु तामाकोशी गाउँपालिका , रामेछाप

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस लिखु तामाकोशी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३६ सभा सदस्य, १२४.५ वर्ग किलोमिटर क्षेत्रफल तथा १८,३२५ जना जनसङ्ख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०४ देखि २०८२।०५।०७ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको आयव्ययतर्फ रु. १ बर्व ३५ करोड ६० लाख ५७ हजार ७२३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची - २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा रु. १० लाख ८६ हजार ७०८ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

२.१ **वित्तीय प्रतिवेदन**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

लिखु तामाकोशी गाउँपालिका, रामेछाप

आर्थिक वर्ष २०८१।८२

आर्थिक कारोबारको एकीकृत विवरण

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
१. सुरु मौज्दात		१२२३००२१२।४०	१. चालु खर्च		३४०२८२९८२।८४
१. संचित कोष	१०६९५३३६२।९४		क) पालिकातर्फ	१३०९७४४३९।११	
२. धरौटी	१४९०१६६४।२३		ख) संघीय सशर्त	२०२४००५९६।८२	
३. कार्यसञ्चालन कोष	४४२४८५।२२		ग) संघीय विशेष	०	
४. अन्य कोष	०		घ) प्रदेश सशर्त	६९०७९४७।००	
५. नगद	२७००।००		ङ) प्रदेश विशेष	०	
२. आन्तरिक आय	६९७०३६८।३४	६९७०३६८।३४	२. पुँजीगत खर्च		१४६९६८१०१।०२
३. वित्तीय हस्तान्तरण (संघ)		४४३५०७९९१।३५	क) पालिका तर्फ	१२०३७५६३०।९२	
क) समानीकरण अनुदान	१११२१३१२०।००		ख) संघीय सशर्त	२७१२२७३।००	
ख) राजस्व बाँडफाँट	९०५१२३७१।३५		ग) संघीय विशेष	०	
ग) सशर्त अनुदान	२३६७८२५००।००		घ) संघीय समपुरक	३३७३९७०।००	
घ) समपुरक अनुदान	५००००००।००		ङ) प्रदेश सशर्त	१४२८६३८२।००	
ङ) विशेष अनुदान	०		च) प्रदेश विशेष	६२१९८४६।००	
च) रोयल्टी	०		छ) प्रदेश समपुरक	०	
छ) अन्य	०		३. अन्तर सरकारी अख्तियारी (संघ)		१४२७४२९८५।१३
४. वित्तीय हस्तान्तरण (प्रदेश)		६५७५९१८२।७०	क) सामाजिक सुरक्षा	१३२६६१८१७।२६	
क) समानीकरण अनुदान	१२८१९०००।००		ख) एकीकृत स्वास्थ्य पुर्वाधार	९०९९२५०।००	
ख) राजस्व बाँडफाँट	१९७८११८२।७०		ग) रोजगार प्रवर्द्धन	१८१४६९।८७	
ग) सशर्त अनुदान	२५११५९०००।००		घ) स्वास्थ्य क्षेत्र सुधार	८५०४४८।००	
घ) विशेष अनुदान	८००००००।००		४. अन्य वित्तीय व्यवस्था		१२८०३६०६।

					७०
५. अन्तर सरकारी अख्तियारी (संघ)		१४२७४२९८५।१३	क) धरौटी फिर्ता तथा सदरस्याहा	४६५१२०२।००	
क) सामाजिक सुरक्षा	१३२६११८१७।२६		ख) कार्यसञ्चालन कोषबाट भएको खर्च	२६६४८२५।७०	
ख) एकीकृत स्वास्थ्य पुर्वाधार	९०९९२५०।००		ग) अन्य कोषबाट भएको खर्च प्रकोष	५४८७५७९।००	
ग) रोजगार प्रवर्द्धन	१८१४६९।८७		५. अनुदान फिर्ता		
घ) स्वास्थ्य क्षेत्र सुधार	८५०४४८।००		१. संघ तर्फ		३३२९५६६०।१८
६. ऋण/ वित्तीय व्यवस्था		१३९४१८१७।१५	क) सशर्त अनुदान	३१६६९६३०।१८	
क) धरौटी आय	३५५७६१३।००		ख) विशेष अनुदान	०	
ख) कार्यसञ्चालन कोष आय	३०३४२०४।१५		ग) समपुरक अनुदान	१६२६०३०।००	
ग) अन्य कोषको आय प्रकोष ब्यवस्थापन	७३५००००।००		२. प्रदेश तर्फ		५७४४८२५।००
७. अन्य आय भएमा			क) सशर्त अनुदान	३९६४६७१।००	
मालपोतबाट प्राप्त	१२९७२१७।००	१२९७२१७।००	ख) विशेष अनुदान	१७८०१५४।०१	
			६. अन्तिम मौज्दात		११४६८१६१३.२
			क) संचित कोषको मौज्दात	९८२०४५६२।३०	
			ख) धरौटी	१३७८५०७५।२३	
			ग) कार्यसञ्चालन कोष	८२९५५४।६७	
			घ) अन्य कोष प्रकोप	१८६२४२१।००	
जम्मा		७९६५१९७७४।०७	जम्मा		७९६५१९७७४।०७

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **वित्तीय विवरणको यथार्थता-** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नु पर्छ ।पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू. १३२६१८८१७।२६, स्वास्थ्य क्षेत्र सुधारमा रू. ८५०४४८।००, एकिकृत स्वास्थ्य पूर्वाधार रू. ९०९९२५०।- र रोजगार प्रवर्द्धनमा रू. १८१४६९।२६ समेत गरी रू१४२७४२९८५।१३ सुत्रमा लेखाङ्कन गरेको छैन । साथै म.ले.प.फाराम २७० को एकीकृत आर्थिक विवरणले धरौटी र कोषहरूको आय र व्यय देखाएको छैन । सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक जिम्मेवारी-** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको आर्थिक विवरण अनुसार रु १२,२१,८३,६०७।४६मौज्दात रहेकोमा यो वर्ष रु १२,२३,००,२१२।४० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु १,१६,६०४।९४ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

२.४ **बैङ्कहिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आयव्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबलमिलान विवरण तयार नगरेको कारण वर्षान्तिमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ ।

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार २०८२।३।३२ को बाँकी	बैंक स्टेटमेण्ट अनुसार २०८२।३।३२ को बाँकी
१	ग.१.१, आन्तरिक राजस्व खाता	०	०
२	ग .१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०
३	ग. १.३, आन्तरिक अनुदान खाता	०	०
४	ग. २.२, चालू खर्च खाता- जोर वर्ष	०	०
५	ग .२.४, पुँजीगत खर्च खाता- जोर वर्ष	०	०
६	ग .२.७, विविध खर्च खाता	८,२९,५५४।००	८,२९,५५४।६७
७	ग .३.१, स्थानीय तह धरौटी खाता	१,३७,८५,०७५।२३	१,३७,८५,०७५।२३
८	ग .४.१, स्थानीय तह सञ्चित कोष खाता	९,८२,०४,५६२।३०	९,८२,०४,५६२।३०
९	ग. ५.१, स्थानीय तह विविध कोष खाता	०	०
१०	ग. ६.१, स्थानीय तह विभाज्य कोष खाता	०	०
११	ग. ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१८६२४२१।००	१८६२४२१।००
	जम्मा	११,४६,८१,६१३.२०	११,४७,०४,६१२।५०

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्क बीच हिसाब मिलान गर्नुपर्दछ । कार्यालयले हिसाव मिलान नगरेकोले म. ले. प. फा. न.२७० सुत्रको अनुसूची भिडान गर्दा श्रेस्ता भन्दा रू २२,९९९।३० बैंक बढी देखिन्छ । अतः कार्यालयले हिसाब एकिन गर्नुपर्दछ ।

३ नीति तथा कार्यक्रम कार्यान्वयन

यस वर्षको पालिकाको नीति तथा कार्यक्रम तथा बजेट वक्तव्यमा उल्लेख भएका केहि प्रमुख विषयहरुको कार्यान्वयनको अवस्था निम्नानुसार रहेका छन्।

१. हालसम्म पालिकाको करको दायरामा नआएको ढुंगा,गिट्टि,बालुवा,स्लेट लगायत खनिजजन्य वस्तुको निकासीलाई करको दायरामा ल्याईने नीति कार्यान्वयनमा आएको छैन ।

२. गाउँपालिकाको लगानीमा निर्माण भएका पूर्वाधार तथा सडकहरुमा सेवा शुल्क लगाई आय सङ्कलन गरिने नीति कार्यान्वयनमा आएको छैन ।

३. खेतीयोग्य जमिन बाँझो रहेको कारण कृषि जन्य वस्तुको उत्पादनमा ह्रास आई देशको अर्थतन्त्रमा प्रतिकुल असर पारेको कारण सोको निराकरणका लागि भूमि बैंकको स्थापना गरी जोतौ जमिन सारा पारौ हराभरा कार्यक्रमको सञ्चालन गर्ने नीति कार्यान्वयनमा आएको छैन ।

४. किसान सूचीकरण तथा कृषि सम्बन्धी तथ्यांक अद्यावधिक, कृषि समूह तथा फर्महरुको व्यवस्थापन गरी व्यावसायिक तथा उत्कृष्ट कृषक वर्गीकरण गर्ने नीति कार्यान्वियनमा आएको छैन ।

५. गाउँपालिकामा दर्ता भएका तर गाउँपालिकामा अद्यावधिक हुन नआएका सहकारीहरुको वास्तविक अवस्था पहिचान गरी समायोजन एवं अद्यावधिक हुन प्रोत्साहनगरी रुग्ण सहकारीलाई खारेजीको प्रक्रियामा लगिने नीति कार्यान्वियनमा आएको छैन ।

६. विद्यालय समायोजन पश्चात् विद्यार्थीको समस्यालाई मध्येनजर गर्दै माद्यामिक तह सञ्चालित विद्यालयमा स्कुल बसको व्यवस्थापनको लागि विशेष पहल गर्ने कार्य सञ्चालनमा आएको छैन ।

७. विद्युतीय पुस्तकालय कार्यान्वियनमा ल्याउने नीति कार्यान्वियनमा आएको छैन ।

८. संघ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा सञ्चालन गरिएको १५ शैयाको अस्पतालमा सरकारी तथा गैर सरकारी स्वास्थ्य संस्थाहरुको लागत साझेदारीमा दाँत र आँखाको सेवा विस्तार गरिने, खिम्ती प्राथमिक स्वास्थ्य केन्द्रमा फार्मेशी सेवा सञ्चालनमा लयाईने र स्वास्थ्य बीमाका सेवाहरुलाई सहज र सरल वनाईने नीति कार्यान्वियनमा आएको छैन।

९. महिला बालबालिका तथा जेष्ठ नागरिकको लागि सेफ हाउस कार्यक्रम सञ्चालन गर्ने नीति कार्यान्वियनमा आएको छैन ।

१०. डढेलोको कारण हुने क्षति र जैविक विविधतालाई सन्तुलन कायन गर्न सामुदायिक वन र अन्य वनमा सुख्खा पोखरी निर्माण गर्ने नीति कार्यान्वियनमा आएको छैन ।

११.गाउँपालिकाको कार्यालय,वडा कार्यालय तथा विद्यालय क्षेत्र आसपास ५० मिटर क्षेत्रभित्र कार्यालय समय बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म मदिरा तथा सूर्तिजन्य वस्तुहरु साथै बालबालिकाको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने पत्रु खाद्य वस्तु लगायतका आयातित वस्तुहरुको बिक्रि वितरणमा पूर्ण रोक लगाउने नीति कार्यान्वियनमा आएको छैन ।

अतः पालिकाले स्वीकृत गरेका नीति तथा कार्यक्रमको कार्यान्वियन गर्नुपर्दछ ।

४ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कूल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्राथमिकिकरण विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले सो समयमा विषयगत शाखा तथा वडा समितिलाई बजेटको सीमा उपलब्ध गराएको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि, तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

५ बजेट तथा कार्यक्रम तर्जुमा

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन अनुसार बजेट तयार गर्नु भन्दा पहिले स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति वनाउने, मध्यमकालिन खर्च संरचना तयार गरी स्रोत सुनिश्चित गर्ने, बजेट निर्माण तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने, आगामी बजेट तयार गर्दा साविकको उपलब्धीको विश्लेषण गर्ने योजना तथा कार्यक्रमको तथ्यांकको आधारमा प्राथमिकिकरण गर्ने, विगत देखिको दायित्व बजेट निकासा खर्च र प्रगति विवरण जस्ता विषय ध्यान दिइ बजेट निर्माण गर्ने जस्ता पक्षलाई विचार गरी बजेट तर्जुमा गर्नु पर्ने व्यवस्था छ । बजेट निर्माण गर्दा स्थानीय आयोजना बैंकमा रहेका र प्राथमिकताक्रममा माथिल्लो श्रेणीमा रहेका आयोजनामा मात्र बजेट प्रस्ताव गर्नुपर्ने, योजना तयार गर्दा गाँउटोलबाट वडामार्फत गर्नुपर्ने जस्ता व्यवस्था आंशिक मात्र कार्यान्वियन भएका छन । यस्ता व्यवस्थाको पूर्ण कार्यान्वियन गरी बजेटलाई गरिवी निवारण गर्ने आय आर्जन रोजगारी सिर्जना गर्ने उत्पादनमुलक क्रियाकलापमा विनियोजन हुनुपर्नेमा छिटो प्रतिफल नदिने, स्थानिय स्रोत साधनको प्रयोग नहुने र वितरणमुलक क्रियाकलापमा समेत बजेट विनियोजन भएको अवस्था छ । स्थानीय सरकार सञ्चालन ऐनको पूर्ण कार्यान्वियन गर्नुपर्दछ ।

६ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०८१।०३।१० गते रु. ६६,५१,०५,६५० को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।१० मा पारित भएको छ । यसैगरी पालिका अध्यक्षले मिति २०८१।०४।०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐनले तोकेकोभन्दा ढिलो अख्तियारी दिएको देखिएकोले कानूनको पालनामा पालिकाले सुधार गर्नुपर्दछ ।

७ पदाधिकारी सेवा सुविधा

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७६ को दफा २, ३, ४, ५ र ६ मा पदाधिकारी सेवा सुविधाको व्यवस्था गरी अनुसुची १ (क), १ (ख) र १ (ग) मा उल्लेख गरिएको छ। ऐनमा भएको सुविधाको अधिनमा रहि कार्यालयले गाउँपालिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्यगरी ३७ जना जनप्रतिनिधिलाई प्रदेश कानुन बमोजिम पदाधिकारी पारिश्रमिक शिर्षकबाट बजेट व्यवस्था गरी सेवा सुविधा वापत जम्मा रु.५०,७०,०००।-भुक्तानी गरेको छ।

क्र.सं.	पदाधिकारी	संख्या	मासिक सुविधा (प्रति सदस्य)	जम्मा वार्षिक
१.	गाउँपालिका अध्यक्ष	१ जना	रु.३४,०००।-	४,०८,०००।-
२.	गाउँपालिका उपाध्यक्ष	१ जना	रु.३०,०००।-	३,६०,०००।-
३.	वडाध्यक्ष	६ जना	रु.१९,०००।-	१३,६८,०००।-
४.	कार्यपालिका सदस्य	६ जना	रु.१२,०००।-	८,६४,०००।-
५.	वडा सदस्य	२३ जना	रु.७,५००।-	२०,७०,०००।-
	जम्मा			**५०,७०,०००।-**

८ आन्तरिक लेखापरीक्षण

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकाको यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण अन्तरसरकारी अख्तियारीको कोष तथा लेखा नियन्त्रक कार्यालय, रामेछापबाट भएको छ भने पालिका तर्फको आन्तरिक लेखापरीक्षण वार्षिक रुपमा एक पटक मात्र भएको छ। कानूनमा भएको व्यवस्था अनुसार लेखापरीक्षण गर्ने तथा त्यसको प्रतिवेदन तयार गर्नुपर्दछ।साथै पालिकाले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोराहरुको अन्तिम लेखापरीक्षण हुनु अगावै सुधार गर्नुपर्दछ।

९ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको पाइएन । आवधिक योजनासँग तालमेल हुनेगरी वजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । आवधिक योजना तर्जुमा नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी सो अनुसार विषयहरूलाई नीति तथा कार्यक्रम तथा बजेटमा समावेश गर्नुपर्दछ ।

१० तलबी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई गाउँपालिका तर्फका स्थायी कर्मचारीलाई रु. १,१७,५४,२९४/- र सङ्घीय सरकारबाट हस्तान्तरित अन्तर्गत स्वास्थ्य तर्फ रु.१,३२,४५,७९१/- खर्च

लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलवी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

११ **दरबन्दी भन्दा बढी कर्मचारी**

बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ५ मा स्थानीय तहमा स्थानीय सेवा संगठन संरचना वा दरबन्दी सिर्जना गर्न तथा त्यस्तो संगठन वा दरबन्दी पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धीत स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा समिति गठन गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने, सर्वेक्षण गर्दा दरबन्दी सिर्जना वा पुनरावलोकन वा हेरफेर गर्नुपर्ने देखिए सोको कारण र औचित्य खुलाई स्वीकृतिका लागि गाउँ कार्यपालिकामा प्रतिवेदन पेस गर्नुपर्ने, पेस गरिएको दरबन्दी आवश्यकता र औचित्य समेतको आधारमा गाउँ सभाले प्रस्ताव स्वीकृत गर्न सक्ने व्यवस्था छ । त्यस्तै दफा ७ मा माथि उल्लेखित प्रकृया बमोजिम दरबन्दी स्वीकृत भएपछि स्थानीय सेवाको पदहरूको सेवा, समूह, उपसमूह तथा तहसमेत खुल्ने गरी संगठन संरचना स्वीकृत गर्ने वा पद सिर्जना गर्ने निर्णय भएको मितिले १ महिनाभित्र प्रदेश किताबखानामा पददर्ता गराउनुपर्ने र प्रदेश किताबखानाबाट पददर्ताको जानकारी प्राप्त भएपछि मात्र त्यस्तो पदमा पदपूर्ति गर्न सकिने व्यवस्था छ। तर पालिकाले माथि उल्लेखित प्रकृया पुरा नगरी तपसिलका पदमा स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी पदपूर्ति गरी जम्मा रु. ५२,८७,९३७/- खर्च गरेको नियम सम्मत नदेखिएको रु.

सि.नं	पद	स्वीकृत दरबन्दी	पदपूर्ती संख्या	दरबन्दी भन्दा बढी	पदपूर्ती प्रकार	भुक्तानी रकम
१.	अमिन	दरबन्दी नभएको	१ जना	१ जना	करार	१३१६०४
२.	सहायक कम्प्युटर अपरेटर	दरबन्दी नभएको	७ जना	७ जना	करार	२९९३९९१
३.	पशु प्राविधिक सहायक	२ जना	३ जना	१ जना	स्थायी र करार	४५१४९०
४.	कृषि ना.प्रा.स	१ जना	४ जना	३ जना	स्थायी र करार	१२८३१३९
५.	पशु ना.प्रा.स	१ जना	२ जना	१ जना	स्थायी र करार	४२७७१३
	जम्मा					**५२,८७,९३७**

अनियमित भएको	५२,८७,९३७

१२ **खाना, विविध तथा सभा संचालन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले यस वर्ष विविध तर्फ रू.३३,००,०००/- बजेट विनियोजन गरी रु.१०,६४,७८९/- खर्च गरेको छ । साथै सभा सञ्चालनको तर्फ रु. ९,००,०००/- बजेट विनियोजन गरी रु. ५,७६,७४५/- खर्च गरी जम्मा विविध र सभा संचालनमा रु. १६,४१,५३४/-खर्च गरेको छ । पालिकाको आन्तरिक आय रू. ६९,७०,३६८.३४/-को तुलनामा उक्त खर्चमा २३.५५ प्रतिशत खर्च भएको देखिन्छ ।चालु प्रकृतिका खर्चमा नियन्त्रण गरी उत्पादनमूलक क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

१३ **विभिन्न आर्थिक सहायता**

कार्यालयबाट वितरण भएका विभिन्न किसिमका आर्थिक सहायतामा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन् ।

१३.१ **आर्थिक सहायता** –सरकारको वार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक सहायता प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ। साथै उक्त मार्गदर्शनमा उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उल्लेख छ। पालिकाले मिति २०८१/१२/१७ मा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१ बनाइ रु. २०,०००/- सम्मको आर्थिक सहायता कार्यविधिमा व्यवस्था भएका समितिको सिफारिसमा गाउँपालिका अध्यक्षले दिन सक्ने र रु.५०,०००/- सम्मको आर्थिक

सहायताका लागि कार्यपालिका वैठकको निर्णयका आधारमा गरिने व्यवस्था गरेको छ । सो कार्यविधि जारी हुनु भन्दा अगाडी गाउँपालिका अध्यक्षले तोक आदेशमा रु. २०,०००/- सम्मको आर्थिक सहायता दिन सक्ने व्यवस्था कार्यपालिका वैठकको निर्णयका आधारमा भएको जानकारी कार्यालयबाट प्राप्त भएको छ । यसरी माथी उल्लेखित प्रावधानको व्यवस्था अनुरुप प्रकोप पिडित, दिर्घरोगी र अन्य विपदका लागि कार्यालयले यस वर्ष राहत उद्धार तथा औषधी उपचार कोषमा रु.१०,००,०००/- बजेट विनियोजन गरी रु.८,४१,६१८/- खर्च गरेको छ । पालिकाको आन्तरिक आम्दानी रू. ६९,७०,३६८.३४/- रहेकोमा आन्तरिक आम्दानीको १२.०७ प्रतिशत रकम व्यक्तिगत आर्थिक सहायतामा वितरण गरेको छ। पालिकाले आर्थिक सहायता वितरणमा मितव्ययीता र पारदर्शिता कायम गर्नुपर्ने देखिन्छ ।

१३.२ (४२०/2082-02-08):

नेपाल रेडक्रस सोसाइटी - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले मिति २०८२।०१।१९ को कार्यपालिका वैठकको निर्णयका आधारमा विविध खर्च शिर्षकबाट नेपाल रेडक्रस सोसाइटी मन्थली शाखालाई रु.१,५०,०००/- आर्थिक सहायता वितरण गरेको छ । यसरी उक्त संस्थाले सहायता माग गर्दा सामाग्री खरिद, ब्लड डोनेसन कार्यक्रम, कर्मचारी व्यवस्थापन र अफिस व्यवस्थापनमा खर्च गर्ने उल्लेख गरेपनि उक्त कार्यको बिल भर्पाइ पेश गरेको छैन । यसरी आर्थिक सहायता प्रदान गर्दा आवश्यकता र उक्त खर्चको रकम पुष्ट्याइ गर्ने कागजात संलग्न गर्नुपर्दछ ।

१३.३ **अन्य निकायको खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। साथै पालिकाले आफ्नो क्षेत्राधिकार तथा आफु अन्तरगत रहेका संघ,संस्था तथा निकायलाई मात्र कार्यालय सञ्चालनको लागि बजेट विनियोजन तथा खर्च गर्ने गर्नुपर्दछ। पालिकाले संघीय सरकार अन्तरगतका निम्नानुसारका कार्यालयको लागि बजेट खर्च गरेको छ । यि कार्यालयको आफ्नै अख्तियारी हुने हुनाले पालिकाले अन्य निकायलाई सहायता प्रदान गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । साथै माथिल्लो तहका कार्यालयको लागि खर्च गरेको रकम नियमसंगत नभएको रू.

गो.भौ.नं/मिति	कार्यालयको नाम	खर्चको विवरण	रकम
८९-०८१/०८/०३	इलाका प्रहरी कार्यालय, धोबीडाडा	टायर खरिद	२६४०१
१५६-०८१/०९/०८	इलाका प्रहरी कार्यालय, धोबीडाडा	मौला पुजा	१८०००
	जम्मा		**४४४०१**

अनियमित भएको	४४,४०१

१४ गत वर्षको भूक्तानी दायित्व

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को (१३) मा चालु वर्षको बजेटले नखामेको खर्च बेहोर्न पर्ने भएमा बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनु पर्ने कारण खोली महालेखापरीक्षक कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारी नामनामेसी चढाइ श्रावण ७ गते भित्र कार्यालय प्रमुख र सभाबाट प्रमाणित गराइ राख्नुपर्ने व्यवस्था रहेको छ।यस पालिकाले नामनामेसी सहितको भुक्तानी दिन बाँकी विवरण प्रमाणित गरी राख्नु पर्नेमा चालु वर्षको बजेट भित्र एकमुष्ट रकम राखि गत आर्थिक वर्षको जिम्मेवारी दायित्व सारेको देखिन्छ बिल भरपाई प्राप्त गरी प्रमाणित अभिलेख बेगर राखेको दायित्वबारे कार्यालयले यकिन गर्नु पर्दछ। केही उदाहरण निम्न छन् ।

भौचर नं. र मिति	भुक्तानी बाँकीको विवरण	रकम
१४।२०८१।६।१७	सैयू स्वास्थ्य चौकी भवन निर्माण	१३०२३००
१५।२०८१।६।१७	खिम्ती वडा कार्यालय भवन निर्माण	४१३७५७
१६।२०८१।६।१७	कोटगाउ स्वास्थ्य चौकी भवन निर्माण	१४४०००
१३।२०८१।६।१७	राम्चेडाडा वडा न७ कोटगाउ सडम मर्मत	१२४०६१६
१३।२०८१।६।१७	स्वास्थ्य चौकी जाने बाटो निर्माण वडा न ४	९३४४२०

१५ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यिक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथौ त्रैमासिक	आषाढ महिना
पुँजीगत खर्च	१४६९६८१०१	११४४३१५६	३९२३६९२	-६२५७४९२	१३७८५८७४५	५५४४८३०७
चालु खर्च	३४०३३४८४३	६९५२४२९८	६९३१७०७२	७७१४११६६	१२४३५२३०७	९११४१५४३
जम्मा खर्च	४८७३०२९४४	८०९६७४५४	७३२४०७६४	७०८८३६७४	२६२२११०५२	१४६५८९८५०
खर्च प्रतिशत	१००.००	१६.६२	१५.०३	१४.५५	५३.८१	३०.०८

पालिकाले उपलब्ध गराएको विवरणअनुसार चालु र पुँजीगत शीर्षकमा वार्षिक खर्च रु. ४८,७३,०२,९४४ रहेको छ । कुल खर्चमध्ये प्रत्येक त्रैमासिकमा खर्चको प्रतिशत क्रमश: १६.६२, १५.०३, १४.५५ र ५३.८१ तथा आषाढ महिनाको मात्र खर्च ३०.०८ प्रतिशत रहेको तथ्याङ्क देखिन्छ । खर्चको प्रवृत्ति हेर्दा अन्तिम त्रैमासिक र आषाढ महिनामा बढेको देखिन्छ । सन्तुलित खर्च व्यवस्थापन नहुँदा वर्षको अन्तमा योजना कार्यान्वियनको चाप बढी भई प्रभावकारी अनुगमन तथा मूल्याङ्कन हुँदैन जसले गर्दा कार्यको गुणस्तरमा असर पार्दछ । आर्थिक वर्षको सुरुदेखिनै योजना बनाइ प्रभाकारी कार्यान्वियनमार्फत सन्तुलित खर्च व्यवस्थापनमा जोड दिनुपर्दछ ।

१६ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	विवरण	बजेट	खर्च	खर्च प्रतिशत (बजेटको तुलनामा)	खर्च प्रतिश (कुल खर्चको तुलनामा)
१	आर्थिक विकास	४,८०,५२,०००	३,४६,०१,१७८	७२	७.२२
२	सामाजिक विकास	३२,८५,७८,५००	२८,२५,३५,०५४	८५.९८	४९.४
३	पूर्वाधार विकास	१६,३३,१७,०००	८,५६,५३,८२१	५२.४४	२४.५५
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२,६४,५८,०००	१,६१,०२,९२७	६०.८६	३.९७
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	९,८७,००,१५०	६,८४,०९,९६५	६९.३१	१४.८३
६	जम्मा	६६,५१,०५,६५०	४८,७३,०२,९४५	७३.२६	१००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट रु ५१,१८,०१,५०० मध्ये रु ४२,५२,०५,६३८ खर्च गरेकोमा समग्र खर्चको तुलनामा सामाजिक विकासमा सबैभन्दा बढी ४९.४ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमामा सबै भन्दा घटी ३.९७ प्रतिशत खर्च रहेको छ । स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासको लागि क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी सन्तुलित रूपमा बजेट व्यवस्थापन गरी खर्च गर्नुपर्दछ । पालिकाले वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा कुनै बजेट विनियोजन देखिएन । नियमअनुसार बजेट क्षेत्रगतरूपमा सन्तुलित रूपमा विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ ।

१७ **सेवा प्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ मा स्थानीय तहले आफ्नो एकल अधिकारक्षेत्र भित्रका विषय कार्यान्वयन गर्न काम कर्तव्य र अधिकार तोकेको र सो अनुसार कार्य विस्तृतिकरण प्रतिवेदन अनुसारका कार्य गर्न आवश्यक संयन्त्र बनाई कार्य गर्नु पर्दछ। पालिकाले पेश गरेको सेवाप्रवाहको विवरणअनुसार स्वीकृत घरनक्सा दर्ता पास/अभिलेखीकरण २९, पञ्जिकरणतर्फ ११७१ दर्ता र सडक निर्माणतर्फ १९९८ किमि ग्राभेल, पिच तथा ढलान रहेको देखिन्छ । पालिकाले व्यक्तिगत घटना दर्ता र सडक निर्माण तर्फको मात्र प्रगति विवरण पेश गरेको तर समग्र उपलब्धीको विवरण तयार गरेको छैन । यसले गर्दा पालिकाले समग्र काम कर्तव्य र अधिकारको प्रयोग गरी लक्ष्य हासिल गरेको छ भन्न सक्ने अवस्था छैन ।

१८ **अनुत्पादक खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले देहाय बमोजिमका अनुत्पादक क्षेत्रमा बजेट खर्च गरेको छ । विकास निर्माणको लागि विनियोजन बजेटबाट तोकादेशमा र बिल भर्पाइ पेश गरी अनुत्पादक क्षेत्रमा खर्च गर्ने कार्य नियमानुसार देखिएन । यसमा सम्बन्धित क्षेत्रको ध्यान जानु पर्दछ ।

गो.भौ.नं र मिति	विवरण	रकम
३६-०८१/०६/०४	तीज कार्यक्रम	३५३५०
८६-०८१/०८/०२	मौला पुजा	२५०००
४९२-०८२/०३/०१	पूर्वाञ्चल गन्धर्व संस्कृती उत्थान समाज सास्कृतिक कार्यक्रम	२००००
४९६-०८२/०३/०१	तामाकोशी जनजागृती मा.वि श्रीमद भागवत महायज्ञ	३८०००
५०४-०८२/०३/०८	भृङ्गेश्वरी सेवा समिति श्रीमद भागवत महायज्ञ	५१०००
५०५-०८२/०३/०८	खाजा वापत भुक्तानी विभिन्न संगठनको	२००००
७१७-०८२/०३/२५	जीवन विज्ञान फाउन्डेसन ध्यान कार्यक्रम	१५०००
७२६-०८२/०३/२५	श्री माध्यामिक विद्यालय ज्यामिरे शुभकामना सन्देश वापत	९८०००

१९ **वितरणमुखी कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानिय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जन सँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनु पर्दछ।पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भइ योजना कार्यान्वयन गर्नु पर्नेमा वितरणमुखी योजना र कार्यक्रमहरु संचालन गर्ने गरेको देखियो।यस्तो योजना र कार्यक्रमहरु जसले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान नपुर्याउनेमा समुहलाई कुर्ची वितरण, स्वास्थ्यकर्मीलाईअफिस ब्याग, टर्च लाइट र छाता वितरण, लक्षित समुहलाई ट्याङ्की, चरेसको थाल, ब्ल्याङ्केट, पञ्चेबाजा, मौरीघार, झोला वितरण, विपन्न नागरिक विद्युत महसुल भुक्तानी वापत खर्च लेखेकोमा यस्ता खर्चमा सुधार हुनु पर्दछ । केहि उदाहरणहरु निम्नानुसार रहेका छन् ।

गो.भौ.नं र मिति	कार्यक्रम	वितरणको विवरण	रकम
७२३-०८२/०३/२५	मागका आधारमा ३ समुहलाई सामाग्री वितरण कार्यक्रम	कुर्ची वितरण	२५७७५३
६६८-०८२/०३/२१	स्वास्थ्य कर्मीलाई सामाग्री वितरण कार्यक्रम	अफिस ब्याग, टर्च लाइट र छाता वितरण कार्यक्रम	३४६९४१
६६६-०८२/०३/२१	स्वास्थ्य कर्मीलाई सामाग्री वितरण	अफिस ब्याग वितरण कार्यक्रम	९७८५८
५२२-०८२/०३/०९	वडा नं ७ दलित लक्षित कार्यक्रम	२२ थान ट्याङ्की वितरण	१९८०००
५२३-०८२/०३/०९	वडा नं ७ ज्येष्ठ नागरिक सम्मान कार्यक्रम	५४ थान चरेसको थाल वितरण	१९८१७९
६४२-०८२/०३/२०	विपन्न नागरिक विद्युत महसुल भुक्तानी वडा नं २	५५९ ग्राहकको विद्युत महसुल भुक्तानी	२०००००
६४७-०८२/०३/२०	वडा नं २ ज्येष्ठ नागरिक सम्मान कार्यक्रम	२५० थान ब्ल्याङ्केट वितरण	२५००१२
४५१-०८२/०२/२३	दलित लक्षित पञ्चेबाजा खरिद	पञ्चेबाजा खरिद	१७९१०५
५४८-०८२/०३/११	लक्षित समुह पन्चेबाजा खरिद	पञ्चेबाजा खरिद ७ प्रकारका १० थान	१९९८९७
६७२-०८२/०३/२१	लक्षित समुह पन्चेबाजा खरिद	पञ्चेबाजा खरिद	१४५२०५
५११-०८२/०३/०८	दलित लक्षित कार्यक्रम	मौरीघार वितरण	१५००००
५२०-०८२/०३/०९	अपाङ्ग भएका व्यक्ति लक्षित कार्यक्रम	झोला ८७ थान वितरण	१५००००

२० **कानून निर्माण र न्यायिक समिति**

कानून निर्माण र व्यवस्था - स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकालाई आफ्नो एकल अधिकार अन्तर्गत आवश्यक कानून तर्जुमा गर्न सक्ने व्यवस्था छ । पालिकाले दिएको विवरण अनुसार पालिकाले हालसम्म १० ऐन, ३ नियमावली र ६३ निर्देशिका, मापदण्ड, कार्यविधि तथा नर्म्स बनाएको विवरण पेश गरेको छ । ऐनबाट प्रदत्त अधिकार प्रयोग गरी नियमावली तर्जुमा गर्ने तथा नियमावलीको अधिनमा रही निर्देशिका, मापदण्ड, कार्यविधि आदिको तर्जुमा गर्नुपर्ने हुन्छ । पालिकाले ऐन तथा नियमावलीबिनानै निर्देशिका, मापदण्ड, कार्यविधिको निर्माण गरेको देखियो ।

न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस वर्ष २४ वटा मुद्दा दर्ता सहित ३१ वटा मुद्दा रहेकोमा २२ वटा मात्र फर्स्योट भई ९ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२१ **सम्पति व्यवस्थापन**

यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् :

(क) सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको,कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

(ख) सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।

(ग) जिन्सी सम्पतिको सुरक्षा : आर्थिक कार्यविधि, तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानूनले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखाङ्कन प्रतिवेदन संरक्षण र उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हुने व्यवस्था छ । मिति २०७६/२/१५ मा महालेखा परीक्षक कार्यालयबाट स्वीकृत सम्पत्तीको संकेत (Chart of Account) को आधारमा सम्पत्तीको लेखाकंन तयार हुने र स्वीकृत म.ले.प. फारम अनुसार सम्पत्ती लेखाङ्कन तथा प्रतिवेदन हुने गरेको छ । २०७७ श्रावण महिना देखि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ । पालिकाले कम्तिमा वार्षिक रुपमा एक पटक भौतिक परीक्षण गर्नुपर्नेमा नगरेको, आवधिक रुपमा गरेको जिन्सी सामानको भौतिक परीक्षण प्रतिवेदन बमोजिम लिलामी प्रकृया शुरु नगरेको, कर्मचारी सरुवा हुँदा जारी हुने रमानापत्र भण्डार शाखाबाट जारी हुने भण्डार स्वीकृतिपत्र प्राप्त गरे पछि मात्र हुनुपर्नेमा सो नगरेको, पालिकाले वैदेशिक सहयोगबाट प्राप्त गरेको वा कुनै ठेक्का सम्झौता अनुसार प्राप्त सम्पतिहरु कार्यालयको अभिलेखमा अद्यावधिक रुपमा अभिलेख नगरेको, जिन्सी अभिलेखका लागि तोकिएका म.ले.प. फाराम ४०१ देखि ४१८ सम्म प्रयोग आंसिक रुपमा प्रयोगमा आएको पालिकाको भनाइ रहेको छ। यसबाट जिन्सी आम्दानी र खर्च व्यवस्थित छ भन्न सकिने आधार देखिदैन । पालिकाले सवै म.ले.प. फारमहरु प्रयोगमा ल्याई हालसम्मको जिन्सी आम्दानी तथा खर्चलाई PAMS प्रविष्टी गरी पेश गर्नुपर्दछ ।

(घ) मालसामानको गुणस्तरः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम प्रतिशत स्पेसिफिकेशन निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

(ङ) संरचना तथा कार्यालय गाभिएको अवस्थामा सम्पत्ति व्यवस्थापनः- हाल स्थानियतहहरु विगतका गाउँ विकास समितिहरु गाभिएर बनेका हुन। त्यसै गरी आधारभुत प्राथमिक र माध्यमिक विद्यालयहरुको विद्यार्थी शिक्षक अनुपात घटी भएको अवस्थामा एक अर्कामा गाभिने व्यवस्था छ। त्यसै गरी अन्य किसिमका निर्मित संरचना विगतमा साविकका जिल्ला विकास समिति, जिल्ला प्राविधिक कार्यालय एवं अन्य संघ संस्थाले सार्वजनिक भनी निर्माण गरेका समेतका विद्यालय, कार्यालय लगायतका सार्वजनिक प्रयोजनका भवन, फर्निचर तथा अन्य मेसिनरी औजार लगायतका सामाग्री, उक्त भवनहरु लगायतका संरचना विस्थापन गर्दा भत्काउँदा वा तोकिएको वाहेक अन्य प्रयोजनको लागि प्रयोजनको लागि प्रयोग गर्न दिँदा भौतिक रुपमा नष्ट गरिएको अवस्थामा पुनः प्रयोग गर्ने सकिने प्रकृतिका मालसामान तथा मेसिनरी औजारहरुको लगत राख्ने, अर्को स्थानमा प्रयोग गरेको भए सो स्थानको निर्माण लागतमा परेको प्रभाव विश्लेषण गर्ने, अनुगमन गरी मूल्याङ्कन सहितको प्रतिवेदन तयार गर्नुपर्नेमा पालिकाले त्यसको अभिलेख राखेको र प्रतिवेदन तयार गरेको छैन। यसले गर्दा सार्वजनिक खर्चबाट निर्मित संरचनाको अवस्था, त्यसको प्रयोग एवं भौतिक रुपमा नस्ट गरेको वा भत्काएको र त्यसको सामाग्री अन्य प्रयोजनमा उपयोग भएका छन वा छैनन भनी एकिन गर्न सकिएन ।

२२ **आन्तरिक आय तर्फ**

आन्तरिक आय तर्फ देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन् ।

२२.१ **आयको अनुमान तथा संकलन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले पेश गरेको आय-व्ययको

अनुमानमा आन्तरिक आयतर्फ अनुमानित रु. ५० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. ६९ लाख ७३ हजार अर्थात अनुमानको १३९.४६ प्रतिशत २० वटा राजश्व शिर्षकबाट राजश्व संकलन भएको छ।पालिकाले आन्तरिक स्रोतको दायरा फराकिलो पारी संकलित राजश्वबाट पुँजि निर्माण तथा उत्पादनमूलक क्षेत्रमा खर्च गर्नुपर्दछ ।पालिकाले विगत ३ वर्षको अनुमानित राजश्व तथा संकलन गरेको राजश्वको विवरण निम्नानुसार रहेको छ।

आर्थिक वर्ष	अनुमानित राजस्व	यथार्थ सङ्कलन	अघिल्लो वर्षभन्दा घटी/बढी रकम
२०७९।८०	५००००००	५२७६८४८.५४	१६१०८६०.९६ बढी
२०८०।८१	५००००००	५४६४६२८.९६	१८७७८०.४२ बढी
२०८१।८२	५००००००	६९७३०५८.३४	१५०८४२९.३८ बढी

माथिको तालिका विश्लेषण गर्दा पालिकाले विगत ३ वर्ष देखि राजश्वको अनुमान रू ५० लाख राखेकोमा प्रत्येक वर्ष अनुमान भन्दा वढी सङ्कलन भएको देखिन्छ । पालिकाले राजश्वको अनुमान ३ वर्षसम्म ५० लाख राख्नु उपयुक्त देखिदैन । राजश्वका संभावित श्रोतको विश्लेषण गरी राजश्वको अनुमानलाई थप यथार्थपरक बनाउनुपर्ने देखिएको छ ।

आ.व.२०८१।८२ को शिर्षक अनुसारको राजश्वको अनुमान तथा संकलनको विवरण निम्नानुसार रहेको छ ।

क्र.सं.	राजस्व		प्राप्ती
	संकेत	नाम	
१	११३१३	सम्पती कर	१८४०००
२	११३१४	भुमिकर/मालपोत	८५९१९१
३	११३१७	वहाल कर	३२१०६३
४	११६११	व्यवसायले भुक्तानी गर्ने	२१०००
५	११६३१	कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर	१७४२०
६	११६९१	अन्य कर	३१८२४७७
७	१४१५१	सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय	८५००
८	१४२१९	अन्य सेवा शुल्क तथा विक्रि	१००
९	१४२२१	न्यायिक दस्तूर	७१६०
१०	१४२२३	शिक्षा क्षेत्रको आम्दानी	१८००
११	१४२२४	परीक्षा शुल्क	७४००
१२	१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	२३४५००
१३	१४२४२	नक्सापास दस्तुर	२७१२८६
१४	१४२४३	सिफारिश दस्तुर	१३४७२५९
१५	१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	३२४४००
१६	१४२४५	नाता प्रमाणित दस्तुर	१४५००
१७	१४२४९	अन्य दस्तुर	११४२००
१८	१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	२०४७००
१९	१४२६५	अन्य क्षेत्रको आय	१४००
२०	१४५२९	जलस्रोत सम्बन्धी अन्य दस्तुर	१६३००
जम्मा			**६९,७३,०५८**

२२.२ **आन्तरिक आयको प्रतिशत** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय सरकारको अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
१०२७७५०००	६९७३०००	६.७८

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सामा ६.७८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२२.३ **कर सङ्कलन**

सम्पत्ति कर – पालिकाको आर्थिक ऐन,२०८१ को दफा २ मा पालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचना (घर) मा पालिकाको कर र गैर कर राजश्व सम्वन्धी ऐन,२०८१ बमोजिम सम्पत्ति कर लगाउने र असुल उपर गर्ने व्यवस्था रहेको छ । साथै सम्पत्ति करको दर अनुसुचि-१ मा उल्लेख भए बमोजिम हुने व्यवस्था रहेको छ । पालिकाले सम्पत्ति करको तथ्याङ्क अध्यावधिक गरी राखेको छैन । यस वर्ष पालिकाले सम्पत्ति कर वापत रू. १८,४०० मात्र संकलन गरेकोमा सो रकम वास्तविक हो भन्न सकिदैन । पालिकाले करको विभिन्न क्याटेगोरीहरु अनुसार तथ्यांङ्क अद्यावधिक गर्नुपर्दछ । त्यसरी बाँकी कर रकम पालिकाले यकिन गरी असुल गर्नुपर्दछ।

मनोरञ्जन कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८१।८२ मा पालिकाले यस शिर्षकमा कुनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको व्यवस्थित अभिलेख अध्यावधिक गरेको छैन। पालिकामा व्यवसाय गरेर बस्ने व्यवसायीको वास्तविक विवरण पालिका सँग रहेको छैन । पालिकाले यस वर्ष व्यवसाय कर वापत रु. २,०४,७००।- मात्र संकलन गरेको छ । जुन शुल्क यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२२.४ **नगदि रसिद मार्फत राजश्व संकलन** – महालेखा नियन्त्रक कार्यालयको मिति २०८१।०३।३० को परिपत्र अनुसार २०७९ माघमा सुत्र राजस्व मोड्युलको शुरुवात भएकोमा २०८० पौषदेखि सबै स्थानीय तहको राजश्व अनलाईन माध्यमबाट वुझाउन सकिने र करदाताको व्यक्तिगत तथा संस्थागत विवरण अनलाईन मार्फत भरी पेश गर्न सक्ने गरी स्थानीय तह राजस्व पोर्टल संचालनमा आएको छ । मिति २०८१।०३।०१ देखि स्थानीय तहका राजश्व खाताहरुमा राजश्व दाखिला गर्दा अनलाईन रुपमा गर्नुपर्ने अनिवार्य गरेको छ । तर यस पालिकाले संकलन गरेको कुल राजश्वको अधिकांश भाग नगदि रसिद मार्फत् गरेको देखिन्छ । यस कार्यमा पालिकाले सुधार गर्नुपर्ने देखिएको छ । नगदि रसिद मार्फत भएका कारोबारको विवरण निम्नानुसार दिईएको छ ।

वडा नं.	नगदि रसिद ठेली संख्या	नगदि रसिद मार्फत संकलन रकम	कुल संकलित रकम	नगदि रसिद मार्फत संकलित राजस्व प्रतिशत
१	१९	३६३२२५	६२३७५५	५८.२३
२	११	१४६६१२	४१५४०७	३५.२९
३	१४	११९३७३	२६५४५६	४४.९६
४	१२	१०५८०९	३८६७५३	२७.३५
५	११	१४८४४५	५५३७८३	२६.८०
६	११	१११०६५	६६९४१५	१६.५९
७	२९	५६४६२३	२३८१६१(सिस्टममा देखिएको मात्र)	
पालिका कार्यालय	६	३१०९२२	१०८९२४२	२८.५४
जम्मा	**११३**	-	**६९७३०५८**	-

वडा नं. ७ ले नगदी रसिदमार्फत राजस्व सङ्कलन गर्ने गरेकोले सिस्टममा नदेखिएको र नमुना परीक्षण गरी हेर्दा वडाबाट वर्षभरी सङ्कलन भएको राजस्व २ पटक मात्र बैंकमा जम्मा गरेको प्रमाण पेश भएको देखिन्छ । नगदी रसिद मार्फत् सङ्कलन भएको राजस्व सबै अभिलेखमा आयो वा आएन विश्वस्त हुन सकिएन।

२२.५ .दाखिला गर्न बाँकी राजस्व

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२२.६ **कार्यालय तथा वडागत राजश्व संकलन तथा असुली** – पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका तथा वडा अनुसारको राजश्व संकलनको विवरण निम्नानुसार रहको छ । पालिकाले यस आर्थिक वर्षमा रू. १०,८९,२४२/-सबैभन्दा बढि राजश्व पालिका कार्यालयबाट १५.६२ प्रतिशत संकलन भएको छ भने सबैभन्दा घटि राजश्व ७ नं. वडा कार्यालयबाट रू. २,३५,७६३/- अर्थात् कुल राजश्वको ३.४१ प्रतिशत राजश्व संकलन भएको छ। पालिका कार्यालय बाहेक वडाबाट मात्र रू.२,३८,१६१/- राजश्व संकलन भएको छ भने कुल राजश्वको तुलनामा सबैभन्दा वढि राजश्व ६ नं.वडाबाटरु.६,६९,४१५/- रकम संकलन भएको छ । पालिकाले प्राप्त राजश्व र प्राप्त हुनुपर्ने राजश्व परीक्षण भिडान गर्ने पद्धती विकास गर्नुपर्दछ।

क्र.सं.	राजस्व संकलन गर्ने कार्यालय	संकलन रकम	दाखिला रकम
१	गाउँपालिका	१०८९२४२	१०८९२४२
२	वडा नं.१	६२३७५५	६२३७५५
३	वडा नं.२	४१५४०७	४१५४०७
४	वडा नं.३	२६५४५६	२६५४५६
५	वडा नं.४	३८६७५३	३८६७५३
६	वडा नं.५	५५३७८३	५५३७८३
७	वडा नं.६	६६९४१५	६६९४१५
८	वडा नं. ७	५६४६२३	५६४६२३
जम्मा		**६९७३०५८**	**६९७३०५८**

२३ **सामुदायिक वनबाट आम्दानी**

स्थानिय सरकार संचालन ऐन,२०७४ (संशोधन सहित) को दफा ६२(ख) १ मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपभोग सम्बन्धि आफ्नो वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा ६२(ख) २ मा वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाको क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपभोग सम्बन्धि आफ्नो वार्षिक कार्ययोजना पालिकामार्फत स्वीकृत गराउने नगरेको तथा वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको १० प्रतिशत रकम पालिकाको सञ्चित कोषमा दाखिला गरेको देखिएन । ऐनमा व्यवस्था भए बमोजिम सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको १० प्रतिशत रकम पालिकाको संचित कोषमा दाखिला गराउनु पर्दछ ।

२४ **ग्रामिण आखाँ क्लिनिक**

गाउँपालिकामा एउटा ग्रामिण आखाँ क्लिनिक संचालनमा रहेको छ जसमा एक जना नेत्र सहायक र एक जना चश्मा फिटर कार्यरत छन् । उक्त क्लिनिकको स्थापना तिलगंगा आखाँ अस्पतालबाट भएकोमा पछि पालिका मातहत राखिएको छ । गाउँपालिकाले यस वर्ष उक्त क्लिनिकमा कार्यरत दुइ जना कर्मचारीको तलब भत्ता वापत रु. ८,६०,०००/- बजेट विनियोजन गरेकोमा रु.८,१०,४४६/- खर्च भएको छ । त्यस्तै उक्त क्लिनिकका लागि औषधी तथा औजार उपकरण खरिदका लागि रु.३,००,०००/- बजेट विनियोजन गरेकोमा हनिस्टार सर्जिकल सप्लायर्सबाट औषधी र उपकरण खरिद गरी Elims मा दाखिला गरेको देखियो । लेखापरीक्षणको क्रममा खरिद भएका औषधीको विक्रिबाट के कति आम्दानी पालिकामा प्राप्त भयो भनी खोजी गर्दा लेखापरीक्षण अवधीमा नै रु. ९३,९९५/- संघीय बेरुजु (शिर्षक १५१११) खातामा दाखिला गरेको प्रमाण पेश भएको छ । यसरी पालिकाभित्र पालिका मातहत रहेको क्लिनिकबाट सेवा प्रवाह हुदाँ कार्यालयबाट दिइएको औषधी लगायतका सामाग्रीको विक्रि गरी प्राप्त आम्दानी समयमै पालिकाको खातामा दाखिला गरी पारदर्शिता कायम गर्नमा सम्बन्धित सबैको ध्यान जानुपर्ने देखिन्छ ।

२५ **दोहोरो भत्ता** (636-2082-03-20):

भ्रमण खर्च नियमावली, २०६४ (संसोधन सहित) को नियम ७ को उपनियम ११ मा यस नियमावली बमोजिम दैनिक भ्रमण भत्ता भुक्तानी लिने पदाधिकारी वा कर्मचारीले अन्य कुनै पनि किसिमको भत्ता भुक्तानी लिन नपाइने उल्लेख छ । कार्यालयको DHIS 2 (HMIS) सम्बन्धी तालिममा प्रशिक्षक दिवाकर सापकोटाले (मिति २०८२/०३/०४-२०८२/०३/०८) काठमाडौँ देखि धोबी सम्मको भ्रमण भत्ता वापत रु.१०,४००/- भुक्तानी लिएको र सोही समयमा तालिममा प्रशिक्षण गरेवापत खुद रु.१०,७१०/- प्रशिक्षण भत्ता पनि भुक्तानी लिएको देखिएकोले एउटै समयमा दोहोरो भत्ता भुक्तानी लिएको रकम (दैनिक भ्रमण भत्ता वापत भुक्तानी भएको रकम रु.१२०० का दरले ४ दिनको रकम) सम्बन्धितबाट असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	४,८००

२६ **छायाप्रति बील**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यालयले देहायका खर्चको भुक्तानीमा सक्कल बील पेश नगरी छायाप्रति बील मार्फत भुक्तानी दिएकोले सक्कल बील पेश हुनु पर्ने रु.

गो.भौ.नं र मिति	**फर्मको नाम**	**बील नं र मिति**	**रकम**
७२४-०८२/३/२५	हिमाल बुक्स एण्ड स्टेशनरी	२०५-०८२/३/२०	८९७२२
५५-०८१/०६/१७	छाता मिडिया ग्रुप प्रा.लि	१२३-०८१/०३/१९	२००००
५२६-०८२/०३/०९	Arrow net Private Ltd	६३२७६-०८२/०३/०८	२५०००
	जम्मा		**१,३४,७२२**

प्रमाण पेश नगरेको	१,३४,७२२

२७ **गाडी भाडा**

लिखु तामाकोशी गाउँपालिकाको कार्यसंचालन निर्देशिका, २०७८ को परिच्छेद ५ मा पारवहन तथा ईन्धन सुविधा सम्बन्धी व्यवस्था गरिएको छ । उक्त निर्देशिकाको दफा ८ (३) मा कार्यालयमा सवारी साधनको उपलब्धता नभएमा आर्थिक वर्षको प्रारम्भमै मापदण्ड तय गरी कार्यालयले न्यूनतम मुल्यमा जिप/कार भाडामा लिन सक्नेछ भनी व्यवस्था गरिएको छ ।गाउँपालिकाले अध्यक्ष र उपाध्यक्षका लागि गाडीको व्यवस्था गरेको छ। साथै कार्यालयले वडा अध्यक्ष र कर्मचारीहरुको लागि आवश्यकता अनुसार मोटरसाइकल उपलब्ध गराएको छ। सो बाहेक विभिन्न मितिमा विभिन्न स्थानमा जाँदा, विभिन्न कार्यक्रममा कर्मचारी लैजान ल्याउन, विभिन्न योजना अनुगमन गर्न जादा, विभिन्न सामाग्री ढुवानी गर्दा प्रयोग भएको लगायतको व्यहोरा जनाइ केहीमा सम्झौता गरी वा अधिकाशंमा सम्झौता नै नगरी पटके रुपमा गाडी भाडा वापत सवारी साधन तथा मेशिनरी औजार भाडा शिर्षकमा रु. ५,००,०००/– बजेट विनियोजन गरी

रु.३,३९,६२५/-भुक्तानी खर्च गरेको देखियो। माथी उल्लेखित खर्च शिर्षक बाहेकका अन्य शिर्षकबाट पनि सवारी साधन भाडा वापत भुक्तानी भएको देखिन्छ । त्यसैगरी कर्मचारीले दैनिक भ्रमण भत्ता वापत भुक्तानी लिदा भ्रमण साधन वापत नियमानुसार भुक्तानी लिएको देखिन्छ।कार्यालयको निर्देशिकामा भएको व्यवस्था बमोजिम सवारीसाधन भाडाका लागि मापदण्ड बनाएको देखिएन ।पालिकाले गाडी प्रयोग गरेको प्रमाणित गर्ने सम्पूर्ण कागजात संलग्न नगरी गाडी भाडा वापत रकम भुक्तानी गर्दा वास्तविक रुपमा गाडी प्रयोग भए नभएको सम्बन्धमा आश्वस्त हुन नसकिने हुँदा मापदण्ड बनाइ खर्च गर्नुपर्ने देखिन्छ । केही उदाहरणहरु देहाय बमोजिम रहेका छन्

गो.भौ.नं र मिति	व्यहोरा	भ्रमण स्थान	रकम	कैफियत
३३-०८१/०६/११	सवारी चालक दिनेश कुमार खत्रीलाई सवारी भाडा वापत भुक्तानी	वडा अनुगमनमा	५००००	सम्झौता नगरिएको,
३८-०८१/०६/१४	सवारी चालक कुमार बुढाथोकीको गाडी भाडामा लिइएको	मन्थली देखि धोबी र धोबी देखि मन्थली	१७०००	सम्झौता नगरिएको
४३-०८१/०६/१४	स्वास्थ्य सामाग्री ओसार पसारका लागि गाडी भाडामा लिइएको	रामेछाप, मन्थली, धोबी र वडामा	६६०००	सम्झौता नगरिएको, सामाग्रीको हस्तान्तरण, खरिद आदेश, जिन्सी दाखिला लगायतका प्रमाण पेश नभएको

२८ **ईन्धन र सवारी साधन मर्मत**

२८.१ **ईन्धन खर्च** – सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को दफा १४ मा भएको व्यवस्था अनुसार कार्यालयले ईन्धन खर्चमा मितव्यीता ल्याइ खर्च गर्नुपर्ने उल्लेख छ। कार्यालयले ईन्धनका लागि विभिन्न बजेट शिर्षकमा बजेट विनियोजन गरी लक्ष्मी आयल स्टोर, जाल्पादेवी आयल स्टोर र अन्य विभिन्न स्टोरबाट विभिन्न मिति र भौचरबाट ईन्धनको कुपन प्रयोग गरी र सोझै बिल पेश गरी खर्च गरेको छ । बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७६ को अनुसुची १ क मा भएको ईन्धन प्रयोगको मासिक दर भन्दा गाउँपालिका अध्यक्ष र उपाध्यक्षले बढी दरमा र आवश्यकताका आधारमा ईन्धन प्रयोग गरेको देखियो । साथै कार्यालयका कर्मचारीका लागि ईन्धन उपलब्ध गराउन लिखु तामाकोशी गाउँपालिकाको कार्यसंचालन निर्देशिका, २०७८ को अनुसुची १ मा व्यवस्था गरिएकोमा सोमा भएको व्यवस्था भन्दा बढी दरमा ईन्धन उपलब्ध गराएको देखियो । महालेखा नियन्त्रक कार्यालयबाट इन्धन खर्च सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्ने भनी निर्देशन गरेकोमा प्रविष्टी गरेको पाईएन । प्रचलित कानूनी व्यवस्थाको पालना गरी PAMS मा प्रविष्टि गरेर मात्र इन्धन खर्च गर्नुपर्दछ ।

पालिकाका एम्वुलेन्स, पिकअप लगायत चारपाङ्ग्रेमा कति इन्धन खपत भएको एकीकृत विवरण समेत राखेको पाइएन । पालिकाले सवारी साधनमा ईन्धन खपतको अवस्था खुल्नेगरी म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्दछ । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा लगबुक राखेपनि अभिलेख दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नुपर्दछ । यसरी पदाधिकारी र कर्मचारीले ऐन र कार्यविधिमा भएको व्यवस्था बमोजिम ईन्धन प्रयोग गर्ने तर्फ बिशेष ध्यान दिनु पर्ने देखिन्छ ।

क्र.सं	बजेट शिर्षक	वार्षिक वजेट	खर्च
१.	ईन्धन (पदाधिकारी)	१५०००००	७८३८०७
२.	ईन्धन (कार्यालय प्रयोजन)	२००००००	१६२१८६५
	जम्मा	**३५,००,०००**	**२४,०५,६७२**

२८.२ **सवारीसाधन मर्मत खर्च**- सार्वजनिक खरिद नियमावली,२०६४ (चौधौँ संसोधन) को नियम ९६ मा मालसामान मर्मत सम्भार गर्ने, गराउने कार्यविधिको व्यवस्था गरिएको छ । साथै लिखु तामाकोशी गाउँपालिकाको कार्यसंचालन निर्देशिका २०७८ को परिच्छेद - ५ को दफा ८ को उपदफा ७ मा सरकारी चारपाङ्गे सवारी साधनको वार्षिक मर्मत वापत र दुई पाङ्ग्रे सवारी साधनको वार्षिक मर्मत वापत भनी व्यवस्था गरेकोमा रकम नखुलाई सो स्थानमा खाली राखिएको र सो भन्दा बढीको खर्चका लागि कार्यपालिकाको निर्णय बमोजिम

गर्ने व्यवस्था गरेको छ । कार्यविधि नै अपुरो बनाएको नियमानुसार देखिएन । कार्यालयले यस वर्ष देहाय बमोजिमको मर्मत शिर्षकमा रु.४७,००,००० बजेट विनियोजन गरी रु ३८,२५,९२० खर्च गरेको छ । वडाका सवारी साधनको मर्मतका लागि वडाको कार्यालय संचालन बाट खर्च भएको छ । पालिकाले सवारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले मर्मत आदेश, अभिलेख लगायतका लागि PAMS को प्रयोग नगरी केहीमा Manual मर्मत आदेश र अभिलेख राखेको र धेरै जसोमा Manual पनि नराखी बिलको आधारमा भुक्तानी दिएको र सवारी मर्मतको म.ले.प.फा.नं.अद्यावधिक गरेको छैन । यसरी कार्यालयले नियमावली र निर्देशिकामा भएको व्यवस्था बमोजिम मर्मत खर्च गर्ने र नियमानुसार मर्मत आदेश र अभिलेख राख्नुपर्ने देखिन्छ ।

(क) यस वर्ष मर्मत सम्भारका लागि विनियोजित बजेट र खर्चको विवरण देहाय बमोजिम रहेको छ ।

क्र.सं	बजेट शिर्षक	विनियोजित बजेट	खर्च रक
१.	सवारी साधन मर्मत खर्च	३५०००००	२६२५९२०
२.	मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च (ई हाजिरी खरिद समेत)	१२०००००	१२०००००
	जम्मा	**४७,००,०००**	**३८,२५,९२०**

(ख) नमुना परीक्षण गरिएका देहायका भौचरमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्।

गो.भौ.नं र मिति	फर्मको नाम	मर्मत रकम	कैफियत
३२-०८१/०६/११	युनिक आइडियल अटोमोबाइल्स प्रा.लि	६६८१२	मर्मत आदेश र मर्मत अभिलेख नभएको
४२-०८१/०६/१४	जबिसा मोटरसाइकल मर्मत केन्द्र	१३४५०	
१०२-०८१/०८/०७	नुम्बुर ट्रेडर्स	३८०००	
१०३-०८१/०८/०७	डि एण्ड आर मोटर स्पेयर्स एण्ड सप्लायर्स	८०६८५	

२९ अनुगमन तथा भ्रमण खर्च

अनुगमन तथा भ्रमण खर्चमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन् ।

२९.१ **अनुगमन तथा भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ (संसोधन सहित) को नियम ३ मा भ्रमण आदेशको स्वीकृती, नियम १० मा दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च भुक्तानी विधि, नियम १८ मा भ्रमण सम्बन्धी बिल भर्पाइ र नियम २१ मा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष विभिन्न भ्रमण खर्च शीर्षकमा रु. ५०,५०,०००/- बजेट व्यवस्था गरी भ्रमण भत्तामा रु. ३९,६९,०२५/- खर्च गरेको देखिन्छ । वडा कार्यालयले वडा संचालन खर्चमा नै भ्रमण भत्ताको भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

· विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि भ्रमण अभिलेख राखेको छैन ।

· भ्रमण प्रतिवेदन संलग्न गरेपनि उक्त प्रतिवेदन यथार्थपरक रहेको देखिएन । यसबाट भ्रमण कार्य प्रभावकारी भयो भन्ने आधार देखिएन । उक्त खर्च गर्दा भ्रमण गर्ने व्यक्तिको स्पष्ट व्यहोरा देखिने गरी अभिलेख राखेको छैन । यसबाट आर्थिक वर्षको अन्तमा कर्मचारी भ्रमण अवस्थाको मुल्याङ्कन गर्न सक्ने देखिएन । साथै भ्रमणबाट निर्धारित उदेश्य प्राप्त भए नभएको साथै खर्च प्रभावकारी भए नभएको यकिन गर्न सकिएन ।

· अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार देखिएन।

· कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित ठाउँमा गएको र स्पष्ट काम वेगर समेत भ्रमण खर्च भुक्तानी गर्ने गरेको छ ।

· विभिन्न कार्यक्रमको लागि भ्रमण गरेकोमा कार्यक्रमको उपस्थितिका लागि पठाएको पत्र र यस कार्यालयबाट कर्मचारी तथा पदाधिकारीलाई छनौट गरी पठाएको पत्र राखेको देखिएन । साथै यस्ता कार्यक्रम अवधि र बाटो म्याद भन्दा पनि बढी दिनको भ्रमण भुक्तानी गरेको देखियो ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर ७ दिनको समयावधी राखी अधिकांश भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमणमा खर्च भएको रकम सम्बन्धमा विश्वस्त हुन सकिएन । तसर्थ तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

क्र.सं	**बजेट शिर्षक**	**विनियोजित बजेट**	**खर्च**
१.	अनुगमन मुल्याङ्कन खर्च	२५०००००	२४८७१३०
२.	स्वास्थ्यकर्मी अनुगमन मुल्याङ्कन खर्च	५०००००	४१४२९५
३.	योजना अनुगमन तथा मुल्याङ्कन खर्च	१००००००	३८८३५०
४.	पशु सेवा तथा कृषि सम्बन्धी अनुगमन तथा मुल्याङ्कन खर्च	३०००००	२८९६००
५.	मेलमिलाप केन्द्र अनुगमन मुल्याङ्कन	१०००००	७४५५०
६.	प्रधानमन्त्री रोजगार योजनाको अनुगमन तथा मुल्याङ्कन	५००००	४०६००
७.	पञ्जिकरण अनुगमन मुल्याङ्कन	१०००००	१०००००
८.	कर्मचारी सरुवा भ्रमण खर्च	५०००००	१७४५००
	जम्मा	**५०,५०,०००**	**३९,६९,०२५**
नोट	वडा कार्यालय प्रशासनिक खर्च	वडा सचिवले पेश्की लिइ वा सोधभर्ना लिएको वडा कार्यालयको प्रशासनिक खर्चबाट भ्रमण भत्ता वापत वडाका पदाधिकारी र कर्मचारीले भुक्तानी लिएको	

२९.२ .भ्रमण भत्ता

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **२५,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३९,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **५,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **११,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **२१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१०,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३० **भ्रमण खर्च थप**

भ्रमण खर्चमा देखिएका थप व्यहोरा देहाय बमोजिम रहेका छन् ।

३०.१ .आफ्नो क्षेत्रभित्र भ्रमण भत्ता

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **५१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **२७,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१२,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१२,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **११,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **११,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **११,९००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३०.२ .दोहोरो भ्रमण भत्ता

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३१ **विद्युत जरिवाना**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को बुदाँ नं ८ मा पानी, बिजुली र संचार महसुलवापत विनियोजित बजेटबाट खर्च धान्ने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ । केही भौचरहरु छनौट गरी परीक्षण गर्दा कार्यालयले विद्युत महसुलको जरिवाना स्वरुप रु.२९,७७७।– सहित महशुल भुक्तानी गरेको पाइयो। कार्यालयले यस्ता युटिलिटी खर्चमा समयमै भुक्तानी गरी छुट प्राप्त गर्नु पर्नेमा म्याद समाप्त भएपछि ५% र २५% सम्म जरिवाना समेत विल रकमको भुक्तानी गरेको कार्य नियमसंगत नदेखिएको रु.

गो.भौ.नं र मिति	**कार्यालय**	**बिल रकम**	**जरिवाना दर**	**जरिवाना रकम**
७२१-०८२/०३/२५	वडा नं ४ डिप बोरिङ खानेपानी योजना	१२५०८	५%, १०% र २५%	२६१०१
५२६-०८२/०३/०९	गाउँपालिका	८१९२	५%, २५%	१८४४
५८१-०८२/०३/१८	गाउँपालिका	७३३०	२५%	१८३२
	जम्मा			**२९७७७**

अनियमित भएको	२९,७७७

३२ **वडा कार्यालय संचालन खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ । कार्यालयले वडा कार्यालयहरुको कार्यालय संचालनका लागि वार्षिक रु.१० लाख बजेट विनियोजन गरी ७ वटा वडाको वार्षिक वडा संचालन खर्च जम्मा रु. ७०,००,०००। गरेको छ । कार्यालयले वडा खर्चका लागि आवश्यक मापदण्ड बनाएको छैन । कार्यालयले उक्त बजेटबाट वडाको लागि आवश्यक विजुली, पदाधिकारी वैठक भत्ता, ईन्धन, सवारी साधन मर्मत खर्च, मसलन्द तथा कार्यालय सामाग्री, पत्रपत्रिका, छपाइ तथा सुचना प्रकाशन खर्च र खाना खाजा लगायतको विविध प्रकृतिका खर्चमा खर्च गरेको देखियो । वडा कार्यालयमा भएका खर्चको नमुना छनौट गरी स्रेस्ता परीक्षण गर्दा निम्नानुसार व्यहोरा देखिएको छ ।

· खरिद भएका सामाग्रीहरुको माग फारम, खरिद आदेश र जिन्सी दाखिला PAMS मा भएको देखिएन । म्यानुअल जिन्सी दाखिला गरेकोमा दाखिला प्रतिवेदन नं, जिन्सी खाता पाना नं र जिन्सी वर्गिकरण नियमानुसार गरेको देखिएन ।

· मर्मत गरिएका सवारी साधनको PAMS मार्फत मर्मत आदेश र मर्मत अभिलेख तयार गरेको देखिएन ।

· यसैगरी खाना खाजा विविधमा पालिकाले बनाएको लिखु तामाकोशी गाउँपालिकाको कार्यसंचालन निर्देशिका, २०७८ को दफा ६ मा भएको चियापान र अतिथि सत्कार खर्चमा प्रति वडा चियापान र खाना खाजा वापत मासिक रु.८,०००। खर्च गर्न पाउने व्यवस्था गरेकोमा वडाले निर्देशिकाले तोकेको भन्दा बढी रकम खर्च गरेको देखियो ।

· भ्रमण खर्च नियमावली, २०६४ मा भएको व्यवस्था बमोजिम भ्रमण आदेशको स्वीकृति नभएको, अधिकार प्राप्त अधिकारी बाहेकबाट भ्रमणको स्वीकृति भएको,नियमानुसार भ्रमण आदेशको दर्ता नभएको,भ्रमण अभिलेख नराखिएको र भ्रमण प्रतिवेदन व्यवस्थित रुपमा राखिएको देखिएन ।

· विभिन्न आपूर्तिकर्ता, पार्टी र व्यक्तिहरुलाई रकम भुक्तानी गर्दा उपयुक्त विद्युतीय माध्यम वा बैङ्किङ प्रणाली मार्फत नगरी वडा सचिव वा वडाको कर्मचारीले सोधभर्ना लिई वा पेश्की लिई नगद भुक्तानी गरेको देखियो ।

· दैनिक प्रशासनिक संयन्त्रबाट अनिवार्य रुपमा गरिने क्रियाकलाप र कामकारबाहीका सामान्य विषयलाई समेत वैठकको विषय बनाइ वैठक बसी वैठक भत्ता भुक्तानी गरेको देखियो ।

पालिकाले माथी उल्लिखित विषयहरुमा सुधार गरी कानुनमा भए बमोजिम वडा संचालन खर्च गर्नुपर्दछ ।

३३ **जिन्सी मालसामान व्यवस्थापन**

कार्यालयका जिन्सी मालसामान व्यवस्थापनमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन् ।

३३.१ **जिन्सीमालसामानको अवस्था** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा आशिंक मात्रामा मात्र गरेको पाइयो । कार्यालयले सामान खरिद गर्दा हालसम्म केहि सामाग्री Manual प्रणाली मार्फत र केहि सामाग्री PAMS मार्फत दाखिला गरेको छ । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरी जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ ।

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । कार्यालयले यस वर्ष नियमानुसार जिन्सी निरिक्षण गरेको छैन । यसरी नियमावलीमा भएको व्यवस्था बमोजिम जिन्सी निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

· सुधारिएको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS V2 समेत सम्पूर्ण सरकारी कार्यालयमा आ.व २०८१।८२ देखि लागू भईसकेको छ । तर पालिकाले अझै पनि केही सामाग्री दाखिलामा Manual जिन्सी प्रयोग गरेको छ ।

· कार्यालयको कृषि शाखा, पशु शाखा, स्वास्थ्य शाखा लगायतका विषयगत शाखाबाट खरिद भएका सामाग्रीहरु शाखाले Manual प्रणाली मार्फत शाखामा नै दाखिला गरेको देखियो । जसले कार्यालयको सम्पूर्ण सम्पत्तीको एकिकृत विवरण यकिन गर्न सकिएन ।

· कार्यालयले ईन्धन र मर्मतका लागि नियमानुसार PAMS को प्रयोग गरेको छैन ।

· वडा मार्फत खर्च भएर जाने र नजाने सामाग्रीहरु खरिद भएकोमा वडामा नै Manual दाखिला भएको देखियो । यसले कार्यालयको जिन्सी सामाग्रीको अवस्था यकिन गर्न सकिएन ।

यसरी कार्यालयले आफू मातहतका सम्पूर्ण निकायको जिन्सीलाई एकिकृत गरी Public Assets Management System (PAMS) मा विवरण अध्यावधिक गर्ने साथै ईन्धन, मर्मत र जिन्सी निरीक्षणलाई पनि पाम्स मार्फत गरी जिन्सीलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

वडा मार्फत खरिद र दाखिला - सार्वजनिक खरिद नियमावली,२०६४ (चौधौँ संसोधन सहित) मा मालसामान खरिद गर्दा नियम ९ र ११ अनुसारको लागत अनुमान तयार गरी नियम १४ अनुसार तोकिएको अधिकारीबाट स्वीकृत गर्नुपर्ने साथै सार्वजनिक खरिद ऐन,२०६३(संसोधन सहित) को दफा ४ अनुसार वस्तु तथा मालसामान खरिद गर्दा अधिकार प्राप्त अधिकारिको लिखित आदेश विना खरिद गर्न नहुने व्यवस्था रहेको छ । वडा कार्यालयबाट देहाय बमोजिमका खर्च भएर नजाने सामाग्री खरिद गरेकोमा स्थानीय सरकार संचालन ऐनमा वडाबाट यस्ता सामाग्री खरिद गर्न मिल्ने देखिदैन । यसरी खरिद भएका खप्ने जिन्सी सामाग्रीहरु वडाले PAMS मा

दाखिला नगरी वडाकै Manual ढड्डामा दाखिला गरेको देखियो । साथै Manual ढड्डामा दाखिला गरेकोमा कुनै कुनैमा जिन्सी खाता पाना नं, जिन्सीको वर्गिकरण नं र दाखिला प्रतिवेदन नं समेत उल्लेख गरेको छैन । जसले जिन्सीको वर्तमान अवस्था यकिन गर्न सक्ने अवस्था देखिएन । यसरी कार्यालयले जिन्सी अभिलेखलाई एकिकरण गरी पाम्समा ल्याउनुपर्नेमा वडा पिच्छे छुट्टै Manual ढड्डामा दाखिला गरेको नियमानुसार देखिएन । परीक्षण गरिएका देहाय बमोजिमका गोश्वारा भौचरहरुमा वडा मार्फत खप्ने सामाग्री खरिद गरी वडामा नै Manual ढड्डामा दाखिला गरेको देखियो । यसमा सुधार हुनुपर्दछ ।

गो.भौ.नं/मिति	वडा	खरिदको विवरण	फर्मको नाम	रकम
५२७-०८२/०३/०९	वडा नं ७	फर्निचर खरिद (अफिस टेबुल, रिभल्भिङ चेयर, स्टील दराज, पोडियम लगायत)	श्रेष्ठ डेकोर एण्ड सप्लायर्स	१४८९३४
६४३-०८२/०३/२०	वडा नं २	ल्यापटप ब्याग खरिद	सनराइज व्याग प्रोडक्टस	९७५४७
१८६-०८२/०३/२०	वडा नं ४	दराज, रिभल्भिङ चेयर, सोफासेट, पोडियम लगायत	श्रेष्ठ डेकोर एण्ड सप्लायर्स	१६३४९७
७१०-०८२/०३/२४	वडा नं ३	रिभल्भिङ चेयर खरिद	श्रेष्ठ डेकोर एण्ड सप्लायर्स	२५०००
५२२-०८२/०३/०९	वडा नं ७	दलित लक्षित कार्यक्रम २२ थान ट्याङ्की वितरण	श्री दिपज्योती हार्डवेयर	१९८०००
५२३-०८२/०३/०९	वडा नं ७	ज्येष्ठ नागरिक सम्मान कार्यक्रम ५४ थान चरेसको थाल वितरण	लिखु स्टोर्स एण्ड सप्लायर्स	१९८१७९
६४७-०८२/०३/२०	वडा नं २	ज्येष्ठ नागरिक सम्मान कार्यक्रम २५० थान ब्ल्याङ्केट वितरण	बाल भगवती ट्रेडर्स प्रा.ली	२५००१२

३३.२ **जिन्सी दाखिला**- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ देखि १०२ मा भएको व्यवस्था बमोजिम खरिद गरिएका मालसामानहरु ७ दिन भित्र मुल्य र स्पेशिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । कार्यालयले जिन्सी दाखिलाका लागि PAMS System को प्रयोग गरेकोमा केही सामाग्रीहरु उक्त सिस्टमबाट दाखिला नगरी पुरानो जिन्सी दाखिलाबाट दाखिला गरेको देखियो। यसरी पाम्स लागु भइसकेपश्चात पनि पुरानो जिन्सी दाखिलाबाट सामाग्रीको दाखिला गर्दा सम्पूर्ण सम्पत्ति र सामाग्रीहरुको एकिकृत विवरण अध्यावधिक नहुने हुदाँ यस तर्फ कार्यालयको विशेष ध्यान जानुपर्ने देखिन्छ । केही उदाहरणहरु देहाय बमोजिम रहेका छन् ।

गो.भौ.नं।मिति	फर्मको नाम	सामाग्रीको विवरण	बिल नं	रकम
२०१-०८१/१०/०१	श्रेष्ठ डेकोर एण्ड सप्लायर्स	स्टील ओपन र्याक, रिभल्भिङ चियर लगायत	१२३, १२४	४५४८२५
२५०-०८१/१२/०१	रिमाल इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक सेन्टर	प्यानल, एल इ डी बल्ब लगायत	२३९	२५८७७
२९९-०८१/१२/२२	क्वालिटी प्रिन्टिङ्ग प्रेस	केश रजिष्टर, कृषि रजिष्टर, नगदी रसिद	३६९	२००००
३३३-०८१/१२/२७	अभिषेक ट्रेडर्स	व्याट्री र कन्ट्रोलर	०८०	४८९९९
३५२-०८२/०१/१०	रामलक्ष्मण सप्लायर्स एण्ड फेन्सी स्टोर्स	सिरक, डस्ना, तन्ना लगायत	विभिन्न	६६७४०
२७७-०८२/०२/२३ पूँजिगत		आकस्मिक खानेपानी पाइप खरिद		९८१६७६

विद्यालय र अन्य संघ संस्थाको जिन्सी - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ देखि १०२ मा भएको व्यवस्था बमोजिम खरिद गरिएका मालसामानहरु ७ दिन भित्र मुल्य र स्पेशिफिकेशन खुलाई PAMS System मा जिन्सी दाखिला गरी लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था छ। साथै गैरसरकारी संस्था, सामाजिक संस्था, विद्यालय वा अन्य निकायलाई सार्वजनिक हित प्रवर्धन गर्ने उद्देश्यले आवश्यक सामाग्री खरिद गरी सम्बन्धित निकायलाई हस्तान्तरण गरेमा सम्बन्धित निकायले ऐन र नियमावलीमा भएको व्यवस्थाको पालना गरी प्राप्त सामाग्रीको दाखिला गरेको प्रमाण अनिवार्य पेश गर्नुपर्दछ । कार्यालयले सोही दाखिला फारमको रुजु गरी लगत कट्टा गर्नुपर्दछ। तर सामुदायिक विद्यालय र विभिन्न समुहले पालिकाबाट प्राप्त गरेको अनुदानबाट खरिद गरेका सामाग्रीहरुको दाखिला नै नगरेको, जिन्सी दाखिला गरेतापनि पाने दाखिला पेश गरेको, जिन्सी खाता पाना नं र मिति उल्लेख नगरेको, सहायक जिन्सी खातामा नचढाएको देखिएकोले यसरी खरिद गरिएका सामाग्रीको सम्बन्धमा एकिन हुन सकिएन। यस तर्फ सम्बन्धित निकायको विशेष ध्यान जानु पर्दछ । केही उदाहरणहरु देहाय बमोजिम रहेका छन् ।

गो.भौ.नं र मिति	विद्यालय र समुहको नाम	सामाग्रीको विवरण	रकम	कैफियत
१०९-०८१/०८/०७	भृङ्गेश्वरी मा.वि धारापानी	टि-सर्ट २० थान, क्याप १० थान	२२०००	विद्यालयले जिन्सी दाखिला नगरेको ।
	चण्डेश्वरी मा.वि	विभिन्न खेल सामाग्री	२६८००	
	अरुणोदय मा.वि	जर्सी ४० थान, चेस्ट प्याड लगायत	५२६००	
	बुद्ध जनप्रिय मा.वि	विभिन्न खेल सामाग्री	३९३१०	
	मा.वि ज्यामिरेखानी	जर्सी १० थान, निक्याप लगायत	२१२३०	
७२३-०८२/०३/२५	भैरव देवी युवा क्लब वडा नं ४	स्क्वापर टेबल ३० पिस	९०१७४	सम्बन्धित समुहले सामाग्रीको जिन्सी दाखिला नगरेको साथै प्राप्त गरेको जानकारी नदिएको ।
	पिपलदिप छेउटोल वडा नं ५	डल्फिन सन्फ्लावर कुर्सी १०० पिस	६७८००	
	त्रिपुरेश्वर कृषि तथा पशुपन्छी कृषक समुह वडा नं ४	डल्फिन कुर्सी १०० पिस	९९७७९	
३९५-०८२/०२/०६	श्री झट्टेश्वर मा.वि धोबी	पञ्चेबाजा सेट, डम्फु सेट, खैजडी, मादल लगायत	२०५६६०	विद्यालयले जिन्सी दाखिला नगरेको ।

३३.३ .जिन्सी दाखिला

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **२९८,९९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१६३,४९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१,५९५,३५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **८९०,०४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३४ **अभिमुखिकरण कार्यक्रम** (448-2082-02-23):

लिखु तामाकोशी गाउँपालिकाको कार्यसंचालन निर्देशिका, २०७८ को परिच्छेद ७ मा तालिम/गोष्ठी/ सेमिनार/कार्यशाला संचालन कार्यविधिको व्यवस्था गरिएको छ । कार्यालयले ३ दिने महिला सशक्तिकरणका लागि नेतृत्व विकास तथा जनचेतनामुलक अभिमुखिकरण कार्यक्रम संचालन गर्नका लागि सहयोगी महिला समाज (६०५८६१७३८) सँग सम्झौता गरी देहाय बमोजिमका खाना, खाजा, प्रशिक्षक प्रचारप्रसार, प्रमाणपत्र, अतिथिलाई टोकन अफ लभ र मसलन्दमा पालिकाको कार्यसंचालन निर्देशिकामा भएको भन्दा बढी दर राखी वा दोहोरो भुक्तानी दिएकोले बढी र दोहोरो भुक्तानी रकम सहयोगी महिला समाजबाट असुल हुनुपर्ने रु.

क्र.सं	विवरण	संख्या (प्रशिक्षक, प्रशिक्षार्थी र अन्य)	कार्यविधि अनुसार पाउने	भुक्तानी भएको	बढी कर बाहेक
१.	खाना	४५ जना	५००*४५*३ दिन = ६७५००	७००*४५*३ दिन = ९४५००	२७०००
२.	खाजा	४५ जना	३५०*४५*३ दिन = ४७२५०	४००*४५*३ दिन = ५४०००	६७५०
३.	प्रशिक्षक भत्ता	३ जना* ४ सेसन = १२ सेसन	४०००*१२ सेसन = ४८०००	६६६००	१५८१०
४.	प्रचारप्रसार		नपाउने	३०००	३०००
५.	प्रमाणपत्र	३५ जनालाई	७०००	३१५००	२४५००
६.	अतिथिलाई टोकन अप लभ		नपाउने	११०००	११०००
७.	Marker A4 Paper लगायत स्टेशनरी		दोहोरो	११०००	११०००
	जम्मा				**९९०६०**

असुल गर्नुपर्ने	९९,०६०

३५ **गृहिणी महिला सशक्तिकरण कार्यक्रम** (4-2082-02-31):

प्रदेश चालु – बागमती प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ को दफा ११ मा तालिम, गोष्ठी, सेमिनार, कार्यशाला संचालन सम्बन्धी खर्चको मापदण्डको व्यवस्था गरिएको छ । बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयको ८५ प्रतिशत र गाउँपालिकाको १५ प्रतिशत लागत साझेदारीमा गृहिणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को अधिनमा रहि पालिकाका गृहिणी महिलालाई सीप विकास तालिम दिनका लागि मैनावती एग्रिकल्चर डेभलप्मेन्ट प्रा.ली (६२१२९२५) सँग रु.९९८००७/- मा सम्झौता भएको छ । उक्त संस्थाले वडा नं १ का २५ जना गृहिणी महिलालाई १५ दिने कोदोको विस्कुट बनाउने सीप विकास तालिम र वडा नं ४ का २५ जना गृहिणी महिलालाई १५ दिने साबुन बनाउने सीप विकास तालिम संचालन गरेको छ । यसरी सीप विकास तालिम कार्यक्रम गर्दा भएको खर्च तेरिजमा देहाय बमोजिम लागत अनुमान राखी त्यसमा ९ प्रतिशत ओभरहेड जोडेको छ । त्यसपश्चात पनि जनशक्ति परिचालन सम्बन्धी खर्चको विवरणमा कार्यक्रम संयोजक, लेखापाल र तालिम सहजकर्ता वापत देहाय बमोजिम भुक्तानी लिएको देखियो । यसरी बागमती प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ को दफा ११ मा यस सम्बन्धी कुनै व्यवस्था नरहेकोमा मापदण्डमा नभएको खर्च रकम भुक्तानी सम्बन्धित फर्मबाट असुल हुनुपर्ने रु.

क) **तालिम कार्यक्रममा भएको खर्चको तेरिज**

क्र.सं	सीप विकास तालिम	जम्मा लागत	ओभरहेट ९%	भ्याट १३%	जम्मा
१.	वडा नं १ का २५ जना गृहिणी महिलालाई १५ दिने कोदोको विस्कुट बनाउने सीप विकास तालिम	३८३९००	२३१७५	३८०११.३५	४४५०८६.३५
२.	वडा नं ४ का २५ जना गृहिणी महिलालाई १५ दिने साबुन बनाउने सीप विकास तालिम	३८७९००	२३५३५	५३४८६.५५	४६४९२१.५५
	जम्मा	**७७१८००**	**४६७१०**	**९१४९७.९**	**९१०००७.९**
नोट	ओभरहेट ९% पूँजिगत सामान, तालिम सामाग्री र कच्चा पदार्थमा जोडिएको छ ।				

ख) जनशक्ति परिचालन सम्बन्धी खर्चको विवरण

क्र.सं	जनशक्तिको विवरण	संख्या	दर	महिना	जम्मा	कैफियत
१.	कार्यक्रम संयोजक	१ जना	३५०००	१ महिना	३५०००	ओभरहेडमा ९% रकम जोडिएको र प्रदेश खर्चको मापदण्डमा जनशक्ति परिचालन सम्बन्धी व्यवस्था नभएकोले
२.	लेखापाल	१ जना	२८०००	१ महिना	२८०००	
३.	तालिम सहजकर्ता	१ जना	२५०००	१ महिना	२५०००	
	जम्मा				**८८०००**	

असुल गर्नुपर्ने	८८,०००

३६ **घरभाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित) को नियम ९४ को उपनियम ४ मा सार्वजनिक निकायले भाडामा लिने घर जगाको भाडा निर्धारण गर्न जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा ५ सदस्यीय भाडा निर्धारण समिति रहने र सोही नियमको उपनियम ७ र ८ बमोजिम समितिले घर जगाको भाडा निर्धारण गरेपछि सार्वजनिक निकायले घर जग्गा धनी संग सम्झौता गरी घर भाडामा लिनुपर्ने व्यवस्था छ। पालिकाको आफ्नो प्रशासनिक भवन र आफ्नो स्थानीय खरिद नियमावली नभएको अवस्थामा संघीयनियमावलीमा भएको भाडा निर्धारण समितिको निर्णय वेगर कार्यालय र वडा कार्यालय प्रयोजनको लागि यस वर्ष देहाय बमोजिमका घरधनीसँग घरभाडा सम्झौता गरी घरभाडा शिर्षकबाट रु.१७,७२,५००/- भाडा खर्च भुक्तानी गरेको छ। नियमको पालना गरी घरभाडा भुक्तानी गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

क्र.सं	घरधनीको नाम	भाडामा लिइएको कोठा	मासिक भाडा दर	जम्मा	अवधी
१.	हरि ब. खड्का	१३ वटा	५१०००	६१२०००	वर्षभरी
२.	कमला कु. खड्का	१४ वटा	४२०००	५०४०००	वर्षभरी
३.	अम्बर ब. खड्का	५ वटा	२१०००	२५२०००	वर्षभरी
४.	उक्त ब. खड्का क्षेत्री	४ वटा	२२०००	२६४०००	वर्षभरी
५.	मकरध्वज खड्का	१ वटा	११०००	५५०००	५ महिना
६.	नारायण दास श्रेष्ठ	विभिन्न	१३५००	१६२०००	वर्षभरी

३७ **पुजिगततर्फ**

पुँजीगत खर्चको अवस्था - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पुजिगत शिर्षकबाट रु १४,६९,६८,१०१।९२खर्च गरेकोमा रु ४,९२,८९,७३७।९३ अर्थात् ३३.५३ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलवन्दी सोझै अन्य रु ६,४१,२८,८५६।६५।०० र उपभोक्ता समितिबाट रु ३,३५,४९,५०७।३४ को खरिद गरेको छ सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

३८ **प्रमाण नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाँच गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयले निम्म भौचरबाट भुक्तानी दिई खर्च गरेको रकमबाट गरेका कार्यको पुष्टयाई हुने कागजात तथा हस्तान्तरण,गरेका विल भरपाई भौचर साथ राखेको देखिएन । अत पालिका कार्यालय खर्च पुष्टयाई गर्ने कागजात तथा प्रमाण पेश गर्नु पर्ने देखिएको रू.

भौचर न. र मिति	व्यहोरा	रकम	कैफियत
३०२।२०८२।३।२५	खानेपानी पाइप खरिद शुभलक्षी हर्डवयर एण्ड सप्लार्स	७४५४५	दाखिला/ वितरण भरपाई नभएको
३०२।२०८२।३।२५	खानेपानी पाइप खरिद	७४५४५	दाखिला/ वितरणको भरपाई नभएको
२८८।२०८२।३।२४	खानेपानी पाइप खरिद वडा न ३	१९५२४८	जडान/वितरणको भरपाई नभएको
२७७।२०८२।३।२३	खानेपानी पाइप खरिद वडा न ४	२०६३०२	जडान/वितरणको भरपाई नभएको
२४९।२०८२।३।१९	होपिन भीरखर्क रादासे बोमौचोर सिचाई योजना	४४६१६९	जडान/वितरणको भरपाई नभएको
२७१।२०८२।३।२०	आवासीय विद्यालय स्थापना कार्यक्रमको लागि सामान खरिद	७३९०२३	स्थापना भए/नभएको पालिकाले अनुगमन प्रगति प्रतिवेदन नभएको
		प्रमाण पेश नगरेको	११,६१,२८७

३९ **वढि नम्स राखी भूक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ । खानेपानी विभागको नर्म्स अनुसार पानी सहितको फिलिङ्गमा श्रमिक ०.५ र पानी बेगरको फिलिङ्गमा ०.२५ श्रमिक लाग्ने उल्लेख भएकोमा लिखु गाउपालिकामा पानीको प्रयोग बेगर फिलिङ्ग भएको ठाउँमा नम्स अनुसार ०.२५ राख्नु पर्नेमा ०.५० राखेको देखिएकोले नर्म्स भन्दा ०.२५ बढी राखेको देखिएकोले निम्न भौचरबाट बढी भुक्तानी हुन गएको रकम एकिन गरी असुल गर्नु पर्ने देखिएको रू.

भौचर नं. र मिति	योजनाको नाम	परिमाण	भुक्तानी भएको दर	हुनु पर्ने दर	फरक दर	बढी भुक्तानी
९२।२०८१।१२।२७	ढुङ्गेखोला मुहान पिप्ले आपडाडा खानेपानी	५०७	४४८	२५८।७५	१८९।२५	९५९४९
२५२।२०८२।३।१९	नागदहधारा पिङ्डाडा खानेपानी योजना	७५।६	४४८	२५८।७५	१८९।२५	१४३०७
१८६।२०८२।२।२६	छागेखोला ताप्के नेवारटोल खानेपानी योजना	१२६	४४८	२५८।७५	१८९।२५	२३९०८
२८६।२०८२।३।२३	भरिगाउ खानेपानी योजना	६०	४४८	२५८।७५	१८९।२५	११३८५
					असुल गर्नुपर्ने	१,४५,५४९

४० सोझै खरिद

४०.१ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन २०६३,को दफा ५ को १ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ भने नियम ८५ (१) मा तोकिएको सिमामा मात्रै मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गरेको वा निर्माण कार्य सोझै गराउन सक्ने व्यवस्था छ भने १(ख)मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार विभिन्न प्रकृतिको सामान एक पटक भन्दा बढी पटक टुक्रा गरी खरिद गरेको देखियो । पालिकालेे यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ । केही उदाहरण निम्न छन् ।

भौचर नं.	योजनाको नाम	भूक्तानी पाउनेको नाम	रकम
२२७।२०८२।३।११	पशुपंक्षी रोग नियन्त्रण औषधी खरिद	आचार्य भेटेनरी सेन्टर	४९९६००
५४।२०८१।१२।१	पशुगर्वाधान मिशन कार्यक्रम	काभ्रे भेटेनरी सेन्टर	४७३५००
५४।२०८१।१२।१	पशुपंक्षी महामारी रोग नियन्त्रण	काभ्रे भेटेनरी सेन्टर	४९९५००
५६।२०८१।१२।१	पशुस्वास्थ्य सेवा नियमन औषधी खरिद	एग्रो भेटीनरी फर्मा	९८५२८५
५५।२०८१।१२।१	पशुमे शिनरी औजार खरिद	एम आर एस ईटरप्राइजेज	४९६५००
२२८।२०८२।३।११	पशु स्वास्थ्यसेवा औषधी खरिद	तिमिल्सैना भेटेनरी सेन्टर	४९८९५७

४०.२ **कोटेसन माग गरी कार्य** - सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा १० लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका समान प्रतिस्पधी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०८१।८२ मा केही निमार्णका कार्य कोटेशन माग गरी गरेको देखिन्छ । विभिन्न योजनाको निमार्ण गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन समेत गरेको, प्रमाण अभिलेख राखेको देखिएन साथै उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी एउटै प्रकृतीका कार्य फरक फरक लागत अनुमान तयारी गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ०.५२ प्रतिशत देखि २.५३ प्रतिशत सम्म मात्र घटेको देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउदा २०.४८ देखि ४१.९२ प्रतिशत सम्म घटी प्रतिस्पर्धा भएको देखिन्छ । यसरी प्रतिश्पर्धा नगरी सोझै कोटेशनद्वारा पालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया पालना गर्नुपदर्छ । यस्ता केही उदाहरण निम्न प्रकार छन ।

गो.भौ. न र मिति	योजनाको नाम	लागत अनुमान	भुक्तानी रकम	घटी प्रतिशत
२१०।२०८२।३।८	दिलौरी वडा कार्यालय सडक स्तरोन्नती	९६५४७७	९४०२४९	२.२७
२४७।२०८२।३।१९	आकस्मिक खानेपानी पाईप खरिद	९९८५६७	९८१६७६	१.६९
२७६।२०८२।३।२०	भुमेडाडा धारापानी सडक निर्माण	९६०७३१	९५५६९६	०.५२
२७८।२०८२।३।२०	तिल्पुङ वडा कार्यालय भवन निर्माण	९९९५८६	९८१८२४	१.७८
१६०।२०८२।२।८	स्वास्थ्य संस्था RUSG खरिद	९८३११७	९५८२०३	२.५३

४१ **अनुत्पादक क्षेत्रमा लगानी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस गाउँपालिकाले सामुदायिक भवन, मसानघाट, क्लब भवन, मन्दिर तथा गुम्बा निर्माणतर्फ कला समाजिक विकास भाषा तथा संस्कृति शिर्षकमा रू १,९८,३०,०००।०० विनियोजन गरी रू १,३२,३६०००।०० यस्ता अनुत्पादक योजनाहरु छनौट गरी उपभोक्ता समितिबाट कार्य गराई खर्च गरेको पाइयो । यससम्बन्धी केही उदाहरण देहाय अनुसार छन् ।

सि न	भौचर नं. र मिति	योजनाको नाम	रकम
१	२३५।२०८२।३।१८	सुतार कार्की कुलथान निर्माण	५७६०००
२	२३३।२०८२।३।१८	सेतिवरू थान निर्माण	४७४७७५
३	२०४।२०८२।३।८	तल्लो मालिका मन्दिर निर्माण	४८००००
४	१६२।२०८२।२।८	महतगाउ कुलथान तारघेरावार निर्माण २स्थान	१९०९२५०
५	१५९।२०८२।२।७	चन्डीथान ट्रस निर्माण	३८२८४५
६	१५४।२०८२।२।६	कालिदेवि मन्दिर निर्माण	६७२०००
७	१३१।२०८२।२।१	आईतवारेथान ट्रस निर्माण	५७६००
८	३३।२०८१।९।२९	राधाकृष्ण मन्दिर निर्माण	५९००००

४२ **टुक्रापारी खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने र दफा ८(२) मा यस ऐन र ऐन अन्तर्गत वनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने उल्लेख छ । सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गर्न खरिद योजना निर्माण गर्ने, खरिद माग प्राप्त गर्ने, खरिद गर्ने सामानको लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तवरबाट खरिद गर्ने जस्ता प्रक्रियाहरु पुरा गरी सार्वजनिक खरिद कार्य गर्नुपर्ने देखिन्छ।टुक्रापारी खरिद भएका केहि उदाहरणहरु निम्नानुसार रहेका छन् ।

गो.भौ.नं. र मिति	भुक्तानी पाउनेको नाम	सामानको विवरण	भक्तानी रकम
४२८ २०८२।०२।०९	दिक्षा छापाखाना	कार्यालय सामाग्रि	१७६३३५
४३१ २०८२।०२।०९	श्रेष्ठ डेकोर एण्ड सप्लायर्स	मसलन्द खरिद	२८४१४३
४३३ २०८२।०२।१८	सेन्टर प्वाईन्ट डिजिटल प्रिन्ट	मसलन्द खरिद	२५४२५०
५४१ २०८२।०३।११	वि एन् एस् ट्रेडर्स	मसलन्द खरिद	२९८९९८
५५१ २०८२।०३।११	युनिसा जनरल सप्लायर्स	मसलन्द खरिद	४६६४६४

४३ **कृषि तथा पशुतर्फ**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायत कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान कार्यक्रममार्फत विभिन्न व्यक्ति तथा समूहलाई अनुदान प्रदान गरिएको देखिन्छ । यस्ता कार्यक्रम सङ्घीय, प्रदेश तथा स्थानीय तहको स्रोत साधन समावेश गरी सञ्चालन गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट विभिन्न नीति, कार्यविधि तथा निर्देशिका तर्जुमा गरिएको छ । सो बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण गर्ने वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिका मार्फत रु. १२ लाख ७० हजारभन्दा बढी रकम अनुदानमा खर्च भएको विवरण निम्नानुसार रहेको छ । पालिकाले यस्ता अनुदानका कार्यक्रममा विगत वर्षमा प्रवाह गरेको अनुदानको अभिलेख अद्यावधिक गरी अभिलेख राखेको नपाइएकोले अनुदानमा दोहोरो भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न अनुदान प्राप्त गर्ने कृषकहरूको नाम, ठेगाना, अनुदानको किसिम तथा रकम जस्ता विवरण समावेश गरी वेबसाइटमार्फत सार्वजनिक गर्न आवश्यक छ ।

कृषि फर्म/कृषक समूह/सहकारी	प्यान नं	वडा	अनुदान	कार्यक्रम
जाल्पादेवी कृषी तथा पशु फर्म	६०२६१६१६४	६	२०००००	च्याउ पकेट
जन्मभुमी एकिकृत कृषि तथा पशु फर्म		५	१०००००	च्याउ पकेट
तिनभाइ जैबिक कृषि तथा पशुपंक्षी फर्म	६२१५५९३३२	१	११००००	बंगुर पकेट
काङवा फलाटे बंगुर फर्म		३	८००००	बंगुर पकेट
नवउर्जाशिल कृषि तथा पशुपंक्षी फर्म		६	८००००	बंगुर पकेट
युयु एकिकृत कृषि तथा पशुपंक्षी फर्म	६१६६२४६४५	७	५००००	बंगुर पकेट
श्रृष्टी कृषि तथा पशुपंक्षी फर्म	६१६४२३३०५	२	५००००	बंगुर पकेट
आत्मानिर्भर कृषि तथा पशुपंक्षी कृषक समुह	६२०७०१३९४	३	२५००००	किवी बाली
सीताकुण्ड कृषि पशुपंक्षी तथा माहुरी फर्म		६	१२५०००	किवि बाली
रत्नमाला कृषि तथा पशुपंक्षी फर्म	१०४५९४१८६	६	१२५०००	किवि बाली
नमुना बहुउद्धेश्यीय कृषि तथा पशु पंक्षी फर्म	६१८५४५२६१	६	१०००००	किवि बालि

४४ **कर भुक्तानी**

कर भुक्तानीमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन् ।

४४.१ **आयकर** – आयकर नियमावली, २०५९ को नियम ३१ मा वार्षिक पारिश्रमिकमा लाग्ने कर दामासाहीको हिसाबले मासिक रुपमा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आयकर ऐन, २०५८ को अनुसुची १ बमोजिम करको दर निर्धारण गरी कर कट्टी गरी पारिश्रमिक भुक्तानी गर्नुपर्नेमा आ.व. २०८१/८२ मा कार्यालयले निम्न कर्मचारीको पारिश्रमिक भुक्तानीमा पारिश्रमिक कर अग्रिम रुपमा कट्टी गरेको नदेखिएकोले नियमानुसार पारिश्रमिक कर असुल गरी दाखिला गर्नुपर्ने रु.

कर्मचारीको नाम र पद	वार्षिक खुद आय	नियमानुसार लाग्ने कर	लाग्ने कर रकम	कट्टी गरेको कर रु.	दाखिला गर्नुपर्ने कर
डा. प्रमोद थापा मगर	११४२९५१	रु.६,००,०००/- सम्मको १%	६०००	११४२९ (१%)	८७४५६
		रु.६,००,०००/- देखि रु.८,००,०००/-सम्मको १०%	२००००		
		रु.८,००,०००/- देखि रु.११,००,०००/- सम्मको २०%	६००००		
		रु.११,००,०००/- भन्दा माथीको ३०%	१२८८५.३		
	जम्मा				**८७४५६**

असुल गर्नुपर्ने	८७,४५६

४४.२ (390-2082-02-04):

भुक्तानीमा कर- आयकर ऐन**,** २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ ।सवारी धनी दिनेश कुमार खत्रीलाई सवारी भाडा वापत रु.३५,०००**/-**भुक्तानी गर्दा नियमानुसार बहाल कर वापत १० प्रतिशत कर कट्टी गर्नुपर्नेमा २**.**५ प्रतिशत मात्र कर कट्टी भएकोले कम कर कट्टी सम्बन्धितबाट असुल हुनुपर्ने रु**.**

असुल गर्नुपर्ने	२,६२५

४४.३ (731-2082-03-25):

परामर्श सेवा

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **२६,७३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४५ **दिलौरी-जगमाने-वासे सडक (ठेक्का नं LTRM/NCB/WORKS/07/2081/82)**

लागत अनुमान रु. ८५,५४,९८१ (मूल्यअभिवृद्धि करबाहेक) रहेको वडा नं १ र २ को दिलौरी-जगमाने-वासे सडक निर्माण कार्यको लागि मिति २०८२।०२।३१ सम्म सम्पन्न गर्ने गरी BRS Construction (102540347) सँग रु. ६४,२४,९०० (मूल्यअभिवृद्धि करसमेत) मा मिति २०८१।०९।१८ मा सम्झौता भएकोमा देखिएका बेहोरा निम्न रहेका छन् ।

४५.१ **कार्य सम्पादन जमानत रकम** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (४) मा बोलपत्रदाताले कार्यसम्पादन जमानत दाखिला गर्दा लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबोल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध प्रतिशत भन्दा बढी घटेर कबोल गरेको अवस्थामा पन्ध प्रतिशत भन्दा जति रकमले घटी कबोल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबोल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत वापत दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उक्त ठेक्कामा ३३.५४ प्रतिशत घटी कबोल गरेको छ । उक्त अवस्थामा रु. १२,१३,३६२ कार्य सम्पादन जमानत वापत राख्नुपर्नेमा रु. ११,८२,००० मात्र राखेकोले नपुग कार्य सम्पादन जमानतवापत रु. ३१,४०५ थप गरी प्रमाण पेस गर्नुपर्दछ ।

४५.२ .कार्य सम्पादन जमानत म्याद

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१,२१३,३६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४५.३ **कन्टिन्जेन्सी खर्च** - निर्माण कार्यको लागत अनुमानमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित अनुसूची-१ मा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी रकम व्यवस्था गरी सम्झौता रकमको आधारमा अधिकतम ४ प्रतिशत खर्च गर्न सकिने व्यवस्था रहेको छ । उक्त ठेक्काको सम्झौता रकम रु. ६४,२४,९०० रहेको र कन्टिन्जेन्सी खर्च अधिकतम ४ प्रतिशत अर्थात् रु. २,५६,९९६ गर्न सकिनेमा पालिकाले निम्न ५ भौचरबाट विभिन्न मितिमा रु. ४,०६,५५८ खर्च गरेको देखिन्छ । सीमाभन्दा बढी रु. १,४९,५६२ कन्टिन्जेन्सी खर्च गरेको नियमसम्मत नदेखिएको रु.

मिति	**भौ.नं**	**प्रयोजन**	**रकम**
२०८१-०७-११	२	सुचनाको प्रकाशन	१५,०००
२०८१-०७-११	३	विभिन्न रकम भुक्तानी	२९,७९०
२०८२-०२-०९	१५	भृगेश्वर धारापानी सडक डि पि आर	२,००,०००
२०८२-०३-१९	२०	थप योजनाको रकम	९६,०००
२०८२-०३-२५	२६	बिभिन्न रकम भुक्तानी	६५,७६८
		जम्मा	**४,०६,५५८**

अनियमित भएको	१,४९,५६२

४६ शैक्षिक छात्रवृत्ति वितरण

गाउँपालिकाले लिखु तामाकोशी गाउँपालिकाको शैक्षिक छात्रवृत्ति वितरण कार्यविधि, २०७९ बनाई उक्त कार्यविधिको दफा ५ मा भएको व्यवस्था बमोजिम प्राविधिक विषय तथा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको छनौट गरी यस वर्ष ३१ जनालाई रु.१३,५७,३८४/- छात्रवृत्ति उपलब्ध गराएको छ । यसरी छात्रवृत्ति रकम उपलब्ध गराउदा अध्ययनरत वर्ष वा सेमेष्टरको कुल लागत रु.५०,०००/- भन्दा कम भए सत प्रतिशत र रु.५०,०००/- भन्दा बढी भए ७० प्रतिशत रकम उपलब्ध गराएको देखियो । कार्यालयले छात्रवृत्ति उपलब्ध गराउदा विद्यार्थीसंग सम्झौता गरेको देखिएन । कार्यविधिको दफा ५ (छ) मा छात्रवृत्ति उपलब्ध गराउदा विद्यालय वा कलेजको खातामा निकासा गर्ने उल्लेख गरेकोमा केही विद्यार्थीको खातामा रकम निकासा भएको देखियो । साथै कार्यालयबाट उपलब्ध गराएको छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीले अध्ययन पश्चात पालिका भित्र दिन सक्ने योगदानको बारेमा कार्यविधिमा उल्लेख गरेको देखिएन ।पालिकाको आफ्नो आन्तरिक स्रोत न्यून रहेको अवस्थामा यस किसिमका वितरणमुखी योजनामा खर्च गर्दा वास्तविक रुपमा पालिकाको आवश्यकता र क्षेत्रमा लगानी कम हुने अवस्था हुने हुदाँ यस तर्फ समेत ध्यान दिइ विनियोजन र खर्च गर्नुपर्दछ ।

४७ खेलकुद कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानिय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने, जनताको जीवनस्तर उठाउने, आयआर्जन सँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनु पर्दछ।पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लिखित विषयहरुमा केन्द्रित भइ योजना कार्यान्वयन गर्नु पर्दछ । गाउँपालिकाले खेलकुद कार्यक्रममा पालिका तर्फ रु.३३,००,०००/- र वडा तर्फ रु. १५,६०,०००/- बजेट विनियोजन गरी खर्च गरेकोमा उक्त खर्चको लागि मापदण्ड स्वीकृत गरेको देखिएन । खर्चको प्रवृत्ति हेर्दा भलिवल, फुटबल, लगायतका खेलकुद कार्यक्रम आयोजना गरी वा सहभागी भई खाना, खाजा, यातायात भाडा, खेलकुद सामाग्री, खेलकुद पोशाक, पुरस्कार र प्रशिक्षक र सहयोगी भत्ता वितरण गरेको देखियो । खेलाडी र समितिले यातायात र खाना खाजाको बिल पेश गरी सोझै भुक्तानी दिएकोमा खेलाडीको संख्या र दिन प्रष्ट रुपमा स्रेस्तामा देखिएन । साथै वितरित सामाग्रीहरुको व्यवस्थित रुपमा अभिलेख राखेको देखिएन । यस्ता समिति र समूहहरुलाईगाउँपालिकाबाट प्रत्येक वर्ष पटक पटक भुक्तानी भएकोमा ति खेलकुद सामाग्रीहरुको सदुपयोग बारे पालिकाले अनुगमन गर्नुपर्ने देखिन्छ । यस्तै नतिजामुलक कार्यमा खर्च गर्नुपर्ने बजेट

वितरणमुखी कार्यमा खर्च गरेको उचित देखिएन । यस्ता खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ । केही उदाहरणहरु देहाय बमोजिम रहेका छन् ।

गो.भौ.नं र मिति	कार्यक्रमको विवरण	भुक्तानी रकम
९१-०८१/८/३	वडास्तरीय भलिबल प्रतियोगिता वडा नं ७	१९६७७५
३४२-०८२/१/८	वडा अध्यक्ष भलिवल कप वडा नं ६	२०००००
३५९-०८२/१/२५	दोस्रो उमाकुण्ड कप खुल्ला अन्तरपालिका भलिवल प्रतियोगितामा सहभागी भए वापत	१००५६०
७१२-०८२/३/२४	अध्यक्ष/उपाध्यक्ष भलिवल कप कार्यक्रम	७४३००
७२५-२०८२/३/२५	वडा नं ६ खेलकुद सामाग्री वितरण	६००००
७२४-०८२/३/२५	वडा नं ४ खेलकुद प्रतियोगिता	१८५६५२

४८ **फोटोकपि पेपर (३७।२०८१।०६।१४)**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु. १० लाखसम्मको मालसामान सोझै खरिद गर्न सकिने र ८६ (१घ) मा सोझै खरिद गर्नुअघि प्रस्तावित आपूर्तिकर्ताबाट प्रस्ताव गरिएको मूल्य उचित भए वा नभएको यकिन गर्नुपर्ने उल्लेख छ । पालिकाले फोटोकपि पेपरसहित विभिन्न मसलन्द तथा कार्यालय सामग्री खरिद गरी मुनिशा जनरल सप्लायर्सलाई रु. ९,२४,५५१/- भुक्तानी दिएको छ । उक्त फर्मबाट पेस भएको बिलमा फोटोकपि (८० जिएसएम) पेपरको दर ६५०० प्रति बक्स रहेकोमा ९० बक्सको जम्मा रु. ६,६१,०५०/- समावेश गरेको छ । अन्य खरिदमा पालिकाले सोही स्पेसिफिकेसनको पेपरको मूल्य प्रति बक्स रु. ३२०० रहेकोमा प्रति बक्स दोब्बरभन्दा बढी मूल्यमा खरिद गरेको देखियो । पालिकाले बक्समा ५ रिम नभई १० रिम रहेकोले उक्त मूल्य परेको जनाएको छ ।

४९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

४९.१ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क सूचीकृत गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाभित्रका देहाय बमोजिमका ९ विभिन्न योजना सञ्चालन गरी ६५ जनालाई ज्याला स्वरूप रु. ४५,१७,१००/- खर्च भएको विवरण पेस भएको छ ।

वडा नं	आयोजनाको नाम	वडा नं	विनियोजित वजेट	ज्यालामा भएको खर्च	रोजगारी संख्या	औसत रोजगारी दिन
१	फेदी मादे बासे बाघखोर बनौती मुलखर्क सडक	१	४१७६००	४१७६००	६	१००
२	थापाडाँडा जगमाने सडक मर्मत तथा पसारेखोला पुल निर्माण	१	६२४४००	६२६४००	९	१००
३	आहालडाँडा पुलु गोरेटो बाटो सिंढी निर्माण	२	४८२२००	४८२२००	७	१००
४	खोल्मागाउ कुकुरकाटे भन्ज्यांग सडक लप्सीबोट ओखरबोट खण्ड सोलिङ	३	५५६८००	५५६८००	८	१००
५	कल्लेरीरातामाटा गोरेटोबाटो निर्माण	४	६२६४००	६२६४००	९	१००
६	वडा कार्यालयबाट पट्टाखेल्ने डाडा गोरेटोबाटो निर्माण	४	४८७३००	४८७३००	७	१००
७	आइतबारे खोला लामागाउ हुदै भालुखोप कठजोर सडक स्तरउन्नती	५	६२६४००	६२४४००	९	१००
८	भुमेथान सिम्ले गोरेटोबाटो निर्माण	६	३४८०००	३४८०००	५	१००
९	जमदारचोक देखी खरीबोट बा नि कालिमाटी टोल देखी बासबोटे सिडी निर्माण	७	३४८०००	३४८०००	५	१००
	जम्मा		**४५१७१००**	**४५१७१००**	**६५**	

कामको दीगोपना - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेकोमा सञ्चालित योजनाहरूले लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिँदैन ।

श्रमिक समूह - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २५ मा रोजगार आयोजनाहरुले कामको प्रकृति र आवश्यकता अनुसार आयोजनाको कामलाई विभिन्न खण्डमा विभक्त गरी एक खण्डको काम १० देखि १५ जनासम्मको एउटा श्रमिक समूहले गर्ने गरी विभिन्न श्रमिक समूहहरु गठन गरेर जिम्मा दिनुपर्ने उल्लेख छ । पालिकाले रोजगारका धेरै योजनाहरूमा तोकिएकोभन्दा सानो समूह बनाइ काममा खटाएको छ । निर्देशिका बमोजिमको योजना छनौट गरी श्रमिकलाई काममा लगाउनुपर्दछ ।

४९.२ **बढी दरमा लागत अनुमान** - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (दोस्रो संशोधन २०७८) को दफा २७ मा श्रमिकको काम बापतको पारिश्रमिक निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दर रेटको असी प्रतिशतले कायम हुन आउने रकम मध्ये जुन बढी हुन्छ सोही दर कायम हुने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स बमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रममा विभिन्न कार्यको दर विश्लेषण गर्दा तोकिएको नर्म्सभन्दा बढी दर प्रयोग गरेको पाइयो । बढी दर प्रयोग गरेको कारण निम्न लिखित आयोजनामा रु. ३५,१६२/- बढी मूल्याङ्कन गरी भुक्तानी गरेको देखिन्छ । बढी व्ययभार परेको रकम नियमसम्मत नदेखिएको रु.

S.N.	Name of Yojana	Ward	Qty. (m3)	Used Rate	New Rate	फरक दर	फरक रकम	बढी भुक्तानी
१	आहाल डाँडा पुलु गोरेटोबाटो सिढी निर्माण	२						१४००६
	Earth work		६२५.००	५३७.६६	५२२.००	१५.६६	९७८७	
	Soling		३२.००	३७५८.००	३६२६.१६	१३१.८४	४२१९	
२	खोल्मागाउँ कुकुरकाटे भन्जयाङसडक,लप्सीबोट, ओखरबोट खण्ड सोलिङ नाला निर्माण					०.००		३०१६
	Earth work	३	१११.२३	५३७.६६	५२२.००	१५.६६	१७४२	
	Soling		१०९.१४	३७५८.४०	३६२६.१६	१३२.२४	१४४३३	
३	कल्लेरी रातामाटा गोरेटोबाटो निर्ममण	४						१५१८७
	Earth work		१५९.१२	५३७.६६	५२२.००	१५.६६	२४९२	
	Soling		९६.००	३७५८.४०	३६२६.१६	१३२.२४	१२६९५	
४	जम्दार चोक देखी खरिबोटेसम्म बाटो निर्माण,कामिटोलदेखी बासबोटे सम्म सिढि निर्माण	७	६२.००	३७५८.४०	३६२६.१६	१३२.२४	८१९९	२९५३
	Earth work		८४.००	५३७.६६	५२२.००	१५.६६	१३१५	
	Soling		६२.००	३७५८.४०	३६२६.१६	१३२.२४	८१९९	
	जम्मा							**३५१६२**

अनियमित भएको	३५,१६२

५० **बढि भूक्तानी**

पालिकाले आर्थिक बर्ष २०८१।८२ मा दलित लक्षित सशक्तिकरण आय आर्जन कार्यक्रम संचालनको लागि रू ८०००००।०० विनियोजन गरी कार्यक्रम संचालन गर्न गुगल व्यावसायि कन्सल्टेन्सी प्रा लि लाई रू ७,९८,९६७।००भुक्तानी गरेको देखिन्छ ।गुगल व्यावसायी कन्सल्टेन्सीले संचालन गरेको वडा अभिमुखिकरण कार्यक्रम र साझा सवाल कार्यक्रमको लागत अनुमान प्रस्ताव तयार गरी कोटेशन वा दरभाउ प्रस्ताव माग्नु पर्नेमा सोझै प्रस्ताव माग गरी कार्यक्रमको भुक्तानी दिएको देखिन्छ ।जस्ले गर्दा कार्यक्रम प्रभावकारी भएको छ भन्न सक्ने अवस्था देखिएन । साथै उक्त कन्सल्टेन्सीले पेश गरेका कागजात प्रमाण भिडान गर्दा सामाग्री खरिद र वितरणको लागि रू १५०५००।०० को मात्र प्रस्ताव पेश गरेकोमा खर्चमा रू. २,५७,२६५ को विल पेश गरेको देखिन्छ भने वितरणको भरपाई प्रस्तावमा पेश गरेको परिमाण वा रू १,५०,५००।०० को मात्र देखिन्छ । यसरी वितरण भरपाई वेगर रू १,०६,७६५।०० वढी भुक्तानी भएको नियमसंगत देखिएन ।अत यस सम्वन्धमा गाउँपालिकाले एकिन गरी असुल गर्नु पर्ने देखिएको रु.

असुल गर्नुपर्ने	१,०६,७६५

५१ **प्रमाण पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यालयले निम्नानुसारको भुक्तानीमा आवश्यक प्रमाण संलग्न नगरेकोले प्रमाण पेश हुनुपर्ने रु.

गो.भौ.नं र मिति	फर्मको नाम	कामको विवरण	रकम	कैफियत
४१७-०८२/०२/०७	नेकी गार्मेन्ट्स प्रा.लि	टि सर्ट १५ थान खरिद	१२०००	वितरण भर्पाइ पेश नभएको
४९०-०८२/०२/३१	एस. टि हार्डवेयर स्टोर र डोर हाजिरी	दुरागाउँ स्वास्थ्य चौकी वर्थिङ सेन्टर व्यवस्थापन	५६७०४	लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन नभएको
५६३-०८२/०३/१८	विभिन्न	सुत्केरीसँग उपाध्यक्ष कोशेली भेटघाट कार्यक्रम	४७५००	१५० जना मध्ये १२५ जनाको मात्र भर्पाइ पेश, भर्पाइ बाकी २५ जनाको
७१२-०८२/०३/२४	समिरा इन्टरप्राइजेज	खेलकुद सामाग्री खरिद	७४३००	६ थान बिलमा भएका सामाग्रीको जिन्सी दाखिला र वितरण भर्पाइ पेश नभएको
६४७-०८२/०३/२०	बाल भगवती ट्रेडर्स प्रा.ली	२५० थान ब्ल्याङ्केट वितरण	८३००४	२५० थान मध्ये १६७ थानको मात्र भर्पाइ पेश, ८३ थानको भर्पाइ बाकी

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **३४६,९४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **९७,८९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	२,७३,५०८

५२ **विभिन्न समितिको वैठक भत्ता**

विभिन्न समितिका वैठक भत्ता भुक्तानीमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन् ।

५२.१ **ऐनमा व्यवस्था नभएका समितिको वैठक भत्ता** –स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १४ को उपदफा १ मा कार्यपालिकाले आफ्नो काम कारबाही व्यवस्थित गर्न आवश्यकता अनुसार कुनै सदस्यको संयोजकत्वमा समिति वा उपसमिति गठन गर्न र उपदफा २ मा विषय विज्ञता आवश्यक पर्ने क्षेत्रमा कुनै सदस्य वा विषय विज्ञको संयोजकत्वमा कार्यदल गठन गर्न सक्ने व्यवस्था गरेको छ । कार्यालयले ऐनमा भएको व्यवस्थाको पालना नगरी आवश्यकताका र कामको प्रकृतिका आधारमा समिति गठन गरी वैठक भत्ता वापत भुक्तानी दिएको देखियो । यसरी ऐनमा व्यवस्था भएका र सो बमोजिम गठित समिति, उपसमिति र कार्यदलका लागि मात्र वैठक भत्ता भुक्तानी दिनु पर्नेमा आवश्यकताका आधारमा गठित समिति उपसमितिलाई भत्ता भुक्तानी गरेको रकम नियमानुसार नदेखिएको रु.

गौ.भौ.नं।मिति	समिति/उपसमिति/कार्यदल	उपस्थित संख्या	दिन	भत्ता दर	जम्मा भुक्तानी कर बाहेक
१७८-०८१/०९/२९	स्थानीय तह मल वितरण व्यवस्थापन समिति	७ जना	३/५ दिन	१०००	२६३५०
४६१-०८२/०२/२९	कृषि विकास समिति	१६ जना	१४ दिन	१०००	१०२०००
१७७-०८१/०९/२९	कृषि विकास समिति	११ जना	६ दिन	१०००	३८२५०
६३३-०८२/०३/२०	गा.पा स्तरीय बीमा समिति	विभिन्न	विभिन्न	१०००	२६३५०
६४०-०८२/०३/२०	स्वास्थ्य शाखा समिति	२२ जना	विभिन्न	१०००	९६५१७
	जम्मा				**२८९४६७**

अनियमित भएको	२,८९,४३७

५२.२ **बैठकमा आमन्त्रित सदस्य-** अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०८१(नवौँ संस्करण) को दफा ४५(६) मा बैठकमा आमन्त्रित सदस्यको रुपमा थप व्यक्ति राख्न नपाइने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म आमन्त्रित सदस्यलाई राखेर भत्ता प्रदान गर्न सकिने व्यवस्था छ। नमुना छनौटका आधारमा परीक्षण गरिएका निम्नानुसारका भौचरमा कार्यालयले बैठक भत्ता भुक्तानी गर्दा मापदण्डमा तोकिएको भन्दा बढी संख्यामा आमन्त्रित सदस्यलाई भुक्तानी गरी थप आर्थिक व्ययभार पारेको देखिन्छ। यसरी कार्यालयले कानुनको परिपालनामा जोड दिदै सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ। केही उदाहरणहरु देहाय बमोजिम रहेका छन्-

गौ.भौ.नं।मिति	समिति	समिति सदस्य	आमन्त्रित सदस्य	दिन	भत्ता दर	मापदण्ड भन्दा बढी आमन्त्रित सदस्यलाई भुक्तानी रकम कर बाहेक
७२-०८१/०७/११	बोलपत्र मुल्याङ्कन समिति	४ जना	८ जना	१४ दिन	१०००	६२०५०
१९८-०८१/१०/०१	बोलपत्र मुल्याङ्कन समिति	४ जना	५ जना	१५ दिन	१०००	६३७५०
१७८-०८१/०९/२९	स्थानीय तह मल वितरण व्यवस्थापन समिति	३ जना	४ जना	३/५ दिन	१०००	१३६००
४६१-०८२/०२/२९	कृषि विकास समिति	३ जना	१० जना	१४/१२/९ दिन	१०००	६३७५०
१७७-०८१/०९/२९	कृषि विकास समिति	३ जना	८ जना	६/४/३ दिन	१०००	२०४००
६४०-०८२/०३/२०	स्वास्थ्य शाखा समिति	३ जना	१७ जना	विभिन्न	१०००	५८२२०

५२.३ **अन्तर्वाता र सूचिकरण समिति** – लिखु तामाकोशी गाउँपालिकामा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७७ को दफा ५ मा प्रमुख प्रशासकीय अधिकृत, अध्यक्ष वा प्रमुखले तोकेको विषय विज्ञको रुपमा सरकारी सेवाको अधिकृत स्तरको कर्मचारी सदस्य र गाउँपालिकाको विषयगत शाखा प्रमुख सदस्य गरी जम्मा ३ सदस्यीय अन्तर्वाता र सूचिकरण समितिको व्यवस्था गरेको छ । कार्यालयमा आवश्यक ईन्जिनियर, रोजगार संयोजक लगायत पदमा पदपूर्ती गर्दा कार्यविधिमा व्यवस्था भएको भन्दा बढी संख्यामा समितिमा सदस्य राखी भत्ता भुक्तानी लिएको नियमानुसार नदेखिएको रु.

गौ.भौ.नं र मिति	पदाधिकारी र कर्मचारीको विवरण	वैठक संख्या	भत्ता दर	समिति सदस्य बाहेकलाई जम्मा भुक्तानी
६८-०८१/०७/११	गा.पा अध्यक्ष, उपाध्यक्ष लगायत जम्मा ११ जना	९ वटा	१०००	५७०००
१३४-०८१/०८/२५	गा.पा अध्यक्ष, उपाध्यक्ष लगायत जम्मा ११ जना	११ वटा	१०००	६७०००
३२१-०८१/१२/२५	गा.पा अध्यक्ष, उपाध्यक्ष लगायत जम्मा १९ जना	१७ वटा	१०००	९८०००
१७५-०८१/०९/२९	गा.पा अध्यक्ष, उपाध्यक्ष लगायत जम्मा १३ जना	१० वटा	१०००	७३०००
	जम्मा			**२९५०००**

अनियमित भएको	२,९५,०००

५२.४ .अनुउपस्थित बैठक भत्ता

(✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५३ **पर्वतारोहीलाई खर्च** (584-2082-03-18):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । तर यस गाउँपालिकाले वार्षिक कार्यक्रममा गाउँपालिकाका स्थानीय पर्वतारोही सामाग्रि सहयोग कार्यक्रमको लागि बजेट विनियोजन गरी एक स्थानीय पर्वतारोहीलाई अक्टिटेक्स प्रिमियम प्रा.लि.बाट डाउन जकेट,जुत्ता स्लिपङ्ग व्याग लगायतका सामाग्रिहरु रु ६ लाखमा खरिद गरी वितरण गरेको देखिन्छ। पालिकाको आन्तरिक राजश्व एकदमै न्यून रहेको र आफ्नो आन्तरिक आम्दानीको झण्डै १० प्रतिशत रकमको सामाग्रि एक मात्र व्यक्तिलाई सहयोग गर्ने कार्य उचित देखिदैन । आगामि दिनमा यस्ता प्रकृतिका खर्चमा नियन्त्रण गर्दै उक्त रकम अनियमित देखिएको रू.

अनियमित भएको	६,००,०००

५४ **सूचनाको हक**

सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ बमोजिम सार्वजनिक निकायले सूचना अधिकारी तोकी आफ्नो सूचना स्वत: प्रकाशन गर्नुपर्दछ । पालिकाले सो प्रयोजनको लागि सूचना अधिकारी तोकेको पाइएतापनि सूचना वर्गीकरण गरी अद्यावधिक गरेको पाइएन । पालिकाको आफ्नो वेव साइट रहेमा २०८१ पछि अपडेट नगरेको, तीन/तीन महिनामा स्वत: प्रकासन नगरेको तथा माग गरिको र उपलब्ध गराएको सूचनाको अभिलेख राखेको पाइएन । सूचनाको हक सम्बन्धी निमयको पालना गरी पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

५५ सहकारी संस्थाको नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार सहकारीहरूले मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाभित्र सञ्चालनमा रहेका सहकारीको विवरण निम्न अनुसार रहेकोमा देखिएका बेहोरा निम्न रहेका छन् ।

सहकारी संस्थाको किसिम	सहकारी संख्या	सदस्य संख्या	शेयर पुँजी रु	बचत रु	ऋण लगानी
वचत तथा ऋण सहकारी	१८	७५१९	३६०८८७४०	१९८१५७५३४	३०६२९२०७३
बहुउद्वैश्यीय सहकारी	३	१३६	१३१०००	१०८८१७१	८७१०००
कृषि सहकारी	१७	३३०३	१०१०६४००	५७७९५४६६	२११७९४४५
अन्य	३	५९७	९८७६००	६५५६५५	१२८१९०३
जम्मा	**४१**	**११५५**	**४७३१३७४०**	**२५७६९६८२६**	**३२९६२४४२१**

(क) सक्रिय सहकारी संस्था : डिभिजन सहकारीबाट पालिकालाई हस्तान्तरण भएका सहकारी संस्थाहरूको अभिलेखको विवरण प्राप्त भएन भने पालिकाले आफ्नो क्षेत्रभित्र ४१ वटा सहकारी संस्था रहेको विवरण पेस गरेको छ ।

(ख) सूचना प्रणालीमा अभिलेख : पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गर्नुपर्नेमा गरेको पाइएन । ६ सहकारी संस्थाको मात्र उक्त प्रणालीमा अद्यावधिक रहेको छ ।

(ग) लेखापरीक्षण प्रतिवेदन : सम्पूर्ण सहकारी संस्थाहरूले समयमै लेखापरीक्षण सम्पन्न गराएको पाइएन ।

(घ) अनुगमन : पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन लेखापरीक्षणका क्रममा पेश भएन । प्रचलित नियम अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

(ङ) समस्याग्रस्त सहकारी – पालिकाभित्र सञ्चालित सहकारी संस्थामध्ये १ वटा सहकारीको विषयमा उजुरी दर्ता भएको विवरण प्राप्त भएको छ । १८ वटा निस्क्रिय सहकारी संस्थाको विषयमा पालिकाले सूचना जारी गरेको जानकारी दिएको छ ।

५६ पारिश्रमिक कर

आयकर ऐन, २०५८ को दफा ८७ (१) अनुसार रोजगारीबाट प्राप्त हुने आयस्वरुप नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा सोही ऐनको अनुसूची -१ मा उल्लेखित दर अनुसार कर कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निम्न कर्मचारी तथा शिक्षकको वार्षिक आयमा तोकिएको दर अनुसार कर कट्टी नगरी भुक्तानी गरिएको तलबी भरपाइबाट देखिन्छ । नियम अनुसारको पारिश्रमिक रकम यकिन गरी सम्बन्धित कर्मचारी/शिक्षकबाट असुल गरी राजस्व खातामा दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने रु.

कर्मचारीको नाम	पद	करयोग्य आय	वार्षिक तिरेको कर	तिर्नुपर्ने पा. क.	फरक
किसोरी प्रसाद साह	स्वास्थ्य शाखा प्रमुख	६३७८६०	५७४८	९७८६	४०३८
कौशला देवी खत्री	सि अ न मी छैटौँ	६३७४२४	६६७२	१९७४२	१३०७०
छविलाल श्रेष्ठ	मा वि द्वितीय (तामाकोशी ज जा मा वि)	७४०९७४	७०००	२००९७	१३०९७
राजाराम महतो	मा वि द्वितीय (तामाकोशी ज जा मा वि)	७५९३४२	६८७४	२१९३४	१५०६०
				असुल गर्नुपर्ने	४५,२६५

५७ लघु उद्यम विकास कार्यक्रम

५७.१ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा नं ३९ मा तालिमबाट उत्पादित सामानका वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मुल्यको ५० % छुट मुल्यमा सहभागिहरुलाई बिक्रि गर्ने तथा यसरी बिक्रि हुन नसकेमा सम्भव भए सम्म बिक्रि वितरण तथा प्रसार प्रचारको लागि कोसेली घर, सौगात गृहमा पठाउने र पठाउदा पनि बिक्रि नभएमा विवरण सहित कार्यालयमा बुझाइ सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । सामान वा वस्तुको बिक्रीबाट प्राप्त रकम तालिम सम्पन्न भएपछि शाखाले राजस्व खातामा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले लघु उद्यम विकास कार्यक्रम अन्तर्गत निम्न सीपमूलक तालिम सञ्चालन गरी रु. ६,६३,९०० खर्च गरेकोमा ती तालिमबाट उत्पादित सामग्रीको अभिलेख राखेको तथा जिन्सी दाखिला गरेको पाइएन । विक्री गरी बाँकी रहेका सामग्रीको जिन्सी दाखिला गरी नियमको पालना गर्नुपर्दछ ।

सि.नं	तालिम कार्यक्रम	अवधि	सहभागी सङ्ख्या	विनियोजित रकम	खर्च रकम
१	नया उद्यमी तर्फ-बेमौसमी तरकारी खेती तालिम	५ दिन	१३ जना	२८७७५०	२८७७५०
२	नया उद्यमी तर्फ- दुध डेरी तालिम	७ दिन	१६ जना	२८७७५०	२८७७५०
३	पुरानो तर्फ हाते मिन ट्याक्टर मर्मत	७ दिन	१५ जना	१७८९००	१७८९००
४	समुहमा प्रबिधि सहयोग		२२ जना	१३५०००	१३५०००
५	नया उद्यमीलाइ प्रबिधि सहयोग		२८ जना	३५००००	३५००००

५७.२ पालिकाले उद्यम विकास सेवा समाज (३०२५५०४७८) बाट १६ जनालाई दूधका परिकार बनाउने र १३ जनालाई वेमौसमी तरकारी खेतीसम्बन्धी ७/७ दिने उद्यमी सिर्जना गर्ने तालिम गराएवापतको रु. ७,२९,९४७ खर्च लेखेको छ । पालिकामा शाखासँग सम्बन्धित जनशक्ति हुँदा हुँदै सेवा प्रदायकबाट उक्त तालिम कार्यक्रम सञ्चालन गर्दा लागत बढ्न गएको छ । यस्तो कार्यमा पालिकाले सुधार गर्नुपर्दछ ।

५८ महिला लक्षित कार्यक्रम

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८६ (१घ) मा सोझै खरिद गर्नुअघि प्रस्तावित सेवा प्रदायकबाट प्रस्ताव गरिएको मूल्य उचित भए वा नभएको यकिन गर्नुपर्ने उल्लेख छ । पालिकाले रामेछाप युनेस्को संगी शिक्षा कार्यक्रम (६०३६५६७७०) लाई ५/५ दिने २० जनालाई साबुन बनाउने र १५ जनालाई पशुपालन सम्बन्धी तालिम गराएवापतको रु. ५,५०,००० भुक्तानी दिएको छ । पालिकामा शाखासँग सम्बन्धित जनशक्ति हुँदा हुँदै सेवा प्रदायकबाट उक्त तालिम कार्यक्रम सञ्चालन गर्दा लागत बढ्न गएको छ । स्पष्ट आधारवेगर सेवा प्रदायकबाट तालिम सञ्चालन गराइ खर्च गरेको नियमसम्मत देखिएन ।

५९ **बढी भुक्तानी** (522-2082-03-09):

चालु – आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ। मागमा आधारित दलित लक्षित कार्यक्रममा ड्रम खरिद गर्न विभिन्न फर्मबाट दररेट माग गरी तुलनात्मक तालिका अनुसार दिपज्योती हार्डवेयरले कबोल गरेको अंक भ्याट सहित रु.८७००/- भएको तर भुक्तानीको बखत प्रति ड्रम भ्याट सहित रु.९०००/- मुल्य राखी भुक्तानी भएको २२ वटा ड्रमको रु.३००/- का दरले फरक रकम भ्याट सहित असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	६,६००

६० सोधभर्ना भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ कोनियम ३०(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात

अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ। साथै नियम ४० (४) मा उपनियम २ बमोजिम नेपाल सरकारबाट सबै प्रकारको भुक्तानी सम्बन्धित व्यक्ति वा संस्थाको बैङ्क खातामा जम्मा हुने गरी गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले देहायका खरिद, मर्मत र विविध खर्च भुक्तानी कार्य गर्दा सम्बन्धित फर्मलाई रकम भुक्तानी नदिई कर्मचारी र पदाधिकारी मार्फत भुक्तानी दिएको छ। यस्तै वडा कार्यालयको संचालन बजेटबाट वडाध्यक्ष, वडा सदस्य र वडा सचिवले रकम सोधभर्ना लिई भुक्तानी दिएको छ । नियमको परिपालना गरी कर्मचारी र पदाधिकारी मार्फत भुक्तानी दिने परम्परालाई निरुत्साहित गर्नुपर्दछ। केही उदाहरण निम्नानुसार छन् -

गो.भौ.नं/मिति	फर्म/संस्थाको नाम	कार्यको विवरण	सोधभर्ना लिने पदाधिकारी र कर्मचारी	रकम
७४३ चालु, ७ प्रदेश चालु	टोटल मेसिनरी प्रा.लि र श्रेष्ठ ट्रेड मिडिया	ग्रामिण महिला सशक्तिकरण कार्यक्रम मेशिनरी औजार खरिद	म.वि.नि कमला कुमारी खत्री	४०३१९३
२४-०८१/०६/१०	विभिन्न फर्म	सामग्री खरिद र विविध खर्च	अ.छैटौँ भुम बहादुर बुढा	६७९१०
१३६-०८१/०८/२६	कल्पना होटल	खाना खाजा वापत	अ.छैटौँ भुम बहादुर बुढा	११९७५०
२८-०८१/०६/१०	विभिन्न फर्म	मर्मत र ईन्धन	ह.स.चा राज कुमार आले मगर	३७१००
२८-०८१/०६/१०	विभिन्न फर्म	मर्मत र ईन्धन	ह.स.चा बाबुलाल तामाङ	३४८८०
५०-०८१/०६/१६	विभिन्न फर्म	मर्मत र ईन्धन	वडाध्यक्ष दिपक पुलामी मगर	३५८१८
८५-०८१/०८/०२	विभिन्न फर्म	मर्मत र ईन्धन	ह.स.चा सिद्धार्थ तामाङ	२७२९०
३३३-०८१/१२/२७	अभिषेक ट्रेडर्स	व्याट्री र कन्ट्रोलर खरिद	ज्ञान बहादुर बुढाथोकी	४८९९९
१५-०८१/०६/०९	सेन्टर प्वाइन्ट डिजिटल प्रिन्ट मन्थली	शैक्षिक सामाग्री	प्र.प्र.अ रामसिंह डडाल	८१३६०
७१५-०८२/०३/२५	विभिन्न	मर्मत वापत	ह.स.चा कुवेर बस्नेत	३७०००
४९३-०८२/०३/०१	विभिन्न	मर्मत र इन्धन वापत	ह.स.चा राज कुमार आले मगर	२०५५०
नोट	वडा संचालन खर्चबाट वडाका पदाधिकारी र कर्मचारीले सम्पूर्ण खर्चको सोधभर्ना लिइ भुक्तानी दिएको छ ।			

६१ **तालिम तथा कार्यक्रम**

कार्यालयबाट संचालित तालिम तथा कार्यक्रममा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

६१.१ **तालिम तथा कार्यक्रममा यातायात खर्च** – अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका २०८१ (नवौँ संस्करण) को अनुसुची ११ मा सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्डको व्यवस्था गरिएको छ। उक्त मापदण्डमा सहभागिको आते जाते खर्चको सम्बन्धमा सार्वजनिक यातायात चल्ने स्थानमा (बस) बापतको न्युनतम भाडा पाउने/सार्वजनिक यातायात नचल्ने स्थानमा आतेजाते गरी दुइ दिनसम्मको लागि एकमुष्ट रु.२०० र सो भन्दा बढी जतिसुकै दिन भए पनि रु.५०० एकमुष्ट पाउने व्यवस्था रहेको छ। पालिकाले लिखु तामाकोशी गाउँपालिकाको कार्यसंचालन निर्देशिका, २०७८ बनाइ परिच्छेद ७ मा तालिम/गोष्ठी/सेमिनार संचालनको कार्यविधि बनाएको छ । उक्त कार्यविधिको दफा २ (छ) मा पाचँ किलोमिटर टाढाबाट आउनुपर्ने सहभागीलाई सार्वजनिक यातायातको खर्च उपलब्ध गराउने उल्लेख गरेपनि दर तोकेको देखिएन । परीक्षण गरिएका निम्नानुसारका भौचरमा सहभागीलाई यातायात वापत ३००, ४००, ५०० र १००० सम्म भुक्तानी भएको देखियो । संघले बनाएको मापदण्ड भन्दा बढी दर हुने र दर नै नतोकी कार्यविधि बनाउने कार्यमा सुधार गर्नुपर्ने देखिन्छ। केही उदाहरणहरु निम्नानुसार रहेका छन् ।

गो.भौ.नं।मिति	कार्यक्रम	संख्या	दिन	दर (रु.)	जम्मा यातायात खर्च
१५९-०८१/०९/०८	रोजगार अभिमुखीकरण तालिम	६४ जना	१ दिन	१०००	६४०००
१६०-०८१/०९/०८	मेलमिलापकर्ता पुनताजगी तालिम	२५ जना	१ दिन	५००, १०००	१४५००
४०४-०८२/०२/०६	राजश्व सम्बन्धी २ दिने क्षमता विकास तथा अभिमुखीकरण तालिम	१५ जना	२ दिन	३००, ५००	६३००
६३३-०८१/०३/२०	बीमा दर्ता सहयोगी क्षमता अभिवृद्धि	२६ जना	१ दिन	४००	३०५००

६१.२ **तालिमको भत्ता दर -** अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०८१ (नवौँ संस्करण) को अनुसुची ११ मा तालिम, गोष्ठी, सेमिनार लगायतका खर्चको मापदण्ड उल्लेख गरिएको छ । त्यस्तै बागमती प्रदेशको प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ को अनुसुची १ मा पनि माथी उल्लेखित कार्यक्रमको खर्चको मापदण्ड उल्लेख गरिएको छ । स्थानीय तहले सोही मापदण्डलाई आधार मानेर त्यसको अधिनमा रहि आफ्नो मापदण्ड बनाउनुपर्ने व्यवस्था छ । पालिकाले लिखु तामाकोशी गाउँपालिकाको कार्यसंचालन निर्देशिका, २०७८ बनाइ परिच्छेद ७ मा तालिम/गोष्ठी/सेमिनार संचालनको कार्यविधि बनाएकोमा संघ र प्रदेशले बनाएको मापदण्ड भन्दा बढी दरमा आन्तरिक प्रशिक्षक, बाह्य प्रशिक्षक, संयोजक, प्रतिवेदक र सहयोगी कर्मचारीको भत्ता दर तोकिएको देखियो । स्थानीय तहले कार्यविधि बनाउदा संघीय र प्रदेशको मापदण्डलाई ननाघ्ने गरी बनाउनु पर्दछ । केही उदाहरण देहाय बमोजिम रहेका छन् ।

गो.भौ.नं र मिति	कार्यक्रमको नाम	वापत	संघीय र प्रदेश दर	स्थानीय तह दर	बढी रकम	कक्षा। दिन संख्या	जम्मा बढी कर बाहेक
४०४-०८२/०२/०६	राजश्व सम्बन्धी दुइ दिने क्षमता विकास तथा अभिमुखिकरण तालिम	प्रशिक्षण वापत (प्रशिक्षण र कार्यपत्र)	१४०० प्रति कक्षा	२००० प्रति कक्षा	६०० प्रति कक्षा	४ कक्षा	२०४०
१६०-०८१/०९/०८	मेलमिलाप कर्ता पुनताजगी तालिम	सहजीकरण वापत	नभएको	नभएको	१०००	३ दिन	२१०००
५०६-०८२/०३/०८	अभिभावक शिक्षा कार्यक्रम वडा नं ४	व्यवस्थापन र संयोजन	३०० प्रति दिन	१०००, १५००	७००, १२००	२ दिन	५६१०

६१.३ **सीप विकास तालिममा उत्पादित सामाग्री र प्रयोग भएका मेशिन र औजारको व्यवस्थापन** – बागमती प्रदेश सीप विकास तालिम संचालन सम्बन्धी कार्यविधि, २०८० को बुँदा नं. १८ र १९ मा क्रमशः सीपमुलक तालिममा उत्पादित सामाग्री र प्रयोग भएका मेशिन र औजारको व्यवस्थापन सम्बन्धी कार्यविधिको व्यवस्था गरी उत्पादित सामाग्रीहरु तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई उत्पादन मुल्यको पचास प्रतिशत छुट गरी विक्रि गर्न र सो विक्रिबाट प्राप्त भएको रकम कार्यालयको राजश्व खातामा दाखिला गर्ने वा अभिलेख राखी कोशेली घर, प्रर्दशनी गृह वा त्यस्ता स्थलहरु नभएमा जिल्ला दैवी प्रकोप उद्धार समिति, स्थानीय विपद व्यवस्थापन, नेपाल रेडक्रस सोसाइटी, स्थानीय तह वा अन्य निकायहरुलाई निःशुल्क रुपमा वितरण गर्ने र तालिमका लागि खरिद भएका मेशिन र औजारहरु कार्यालयमा दाखिला गरी आगामी तालिमको लागि राख्नुपर्ने व्यवस्था छ।तर कार्यालयले संचालन गरेका सीप विकास तालिममा उत्पादित सामाग्री र प्रयोग भएका मेशिन र औजारको कार्यविधिमा भएको व्यवस्था अनुरुप नगरी प्रशिक्षार्थीलाई वितरण गरेको उल्लेख गरेको छ। कार्यविधि अनुरुप गर्न सम्बन्धित कार्यालयको ध्यान जानुपर्दछ। केही उदाहरणहरु देहाय बमोजिम रहेका छन् ।

गो.भौ.नं।मिति	सीपविकास तालिम	तालिम सामाग्री खरिद गरिएको फर्म	रकम
७४३ चालु, ७ प्रदेश चालु	कोदोको विस्कुट बनाउने सिप विकास तालिम वडा नं १	विभिन्न	२८९४४९
७४३ चालु, ७ प्रदेश चालु	साबुन बनाउने सिप विकास तालिम वडा नं ४	विभिन्न	२९५६०८
५२५-०८२/०३/०९ चालु	२ दिने बटारे धुप बनाउने तालिम वडा नं ७	श्री बाल कन्या देवि पुजा सामाग्री पसल	३८५००
५८२-०८२/०३/१८ चालु	मुडा बनाउने तालिम वडा नं ६	विभिन्न	५१७००

६१.४ .बढी भुक्तानी

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६१.५ **तालिम तथा कार्यक्रममा सहभागी भए वापत भत्ता** – अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०८१ (नवौँ संस्करण) को अनुसुची ११ मा सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्डको व्यवस्था गरिएको छ। उक्त मापदण्डमा कार्यक्रममा सहभागीलाई खाना खाजा उपलब्ध गराएकोमा सहभागी भत्ता वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत भुक्तानी दिने व्यवस्था गरेको छ । कार्यालयले देहायका कार्यक्रममा खाना खाजा र आवासको बिल पेश गरेकोमा पुनः सहभागी भत्ता वापत प्रति व्यक्ति प्रति दिन कर सहित वा बाहेक रु.१०००। भुक्तानी दिएको देखियो । यसरी मापदण्डमा भएको व्यवस्था भन्दा बढी भुक्तानी भएको नियमसंगत देखिएन । यसरी सहभागी रकम वितरण गर्दा अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिका पालना गर्ने वा पालिकाले आफ्नै कार्यविधिमा यस सम्बन्धी व्यवस्था गरी एकरुपता ल्याउनु पर्ने देखिन्छ। केही उदाहरणहरु निम्नानुसार रहेका छन् ।

गो.भौ.नं।मिति	कार्यक्रम	संख्या	दिन	जम्मा सहभागी खर्च कर बाहेक
२९२-०८१/१२/२१	नारी दिवस कार्यक्रम	२७ जना	१ दिन	२२९५०
३०१-०८१/१२/२२	सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम	१४ जना	२ दिन	२३८००
४०४-०८२/०२/०६	राजश्व सम्बन्धी २ दिने क्षमता विकास तथा अभिमुखीकरण तालिम	२९ जना	२ दिन	५८०००
४७१-०८२/०२/२९	सामाजिक सुरक्षा बायोमेट्रिक सम्बन्धी तालिम	१७ जना	२ दिन	५६१००
४६३-०८२/०२/२९	सहकारी संस्थाको लेखापरीक्षण सम्बन्धी कार्यक्रम	२९ जना	३ दिन	९१८५०
५२५-०८२/०३/०९	२ दिने बटारे धुप बनाउने तालिम वडा नं ७	६० जना	२ दिन	१२२४००
६३३-०८२/०३/२०	बीमा दर्ता सहयोगी क्षमता अभिवृद्धि	२६ जना	१ दिन	२४९०५
२०४-०८१/१०/०१	लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान	२५ जना	३ दिन	३३१५०

६१.६ **सीप विकास प्रशिक्षकको छनौट योग्यता** - बागमती प्रदेश सीप विकास तालिम संचालन सम्बन्धी कार्यविधि, २०८० को बुदाँ नं. ११ मा सीप विकास प्रशिक्षकको छनौट योग्यता तथा सुविधाको व्यवस्था गरी कार्यालयले प्रत्येक वर्ष सुचना प्रकाशन गरी प्रशिक्षकको रोष्टर सुचि तयारी तथा अध्यावधिक गर्नुपर्ने साथै प्रशिक्षकको योग्यता तालिम वा अनुभव कार्यविधिमा भएको व्यवस्था बमोजिम हुनुपर्ने व्यवस्था गरेकोमा कार्यालयले रोष्टर सुची तयार गरी वार्षिक रुपमा अद्यावधिक गरेको छैन ।साथै प्रशिक्षक, सहायक प्रशिक्षक र प्रशिक्षण

सहायकको शैक्षिक योग्यता तालिम वा अनुभवको विवरण अध्यावधिक गरेको देखिएन। यस तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। यस आ.व.मा सञ्चालन भएका केही तालिमका प्रशिक्षक र सहायक प्रशिक्षकको विवरण देहाय बमोजिम रहेका छन् ।

गो.भौ.नं।मिति	**सीप विकास तालिम**	**प्रशिक्षक र सहायक प्रशिक्षक**	**प्रशिक्षण वापत भुक्तानी रकम कर बाहेक**
७४३ चालु, ७ प्रदेश चालु	कोदोको विस्कुट बनाउने सिप विकास तालिम वडा नं १	विभिन्न	३७५००
७४३ चालु, ७ प्रदेश चालु	साबुन बनाउने सिप विकास तालिम वडा नं ४	विभिन्न	४२३७५
५२५-०८२/०३/०९	२ दिने बटारे धुप बनाउने तालिम वडा नं ७	बिमला बस्नेत र दिपा के.सी	१४०००
५८२-०८२/०३/१८	५ दिने मुडा बनाउने तालिम वडा नं ६	विभिन्न	३६०००

६२ शिक्षातर्फ

६२.१ **शैक्षिक गुणस्तर सुदृढीकरण अनुदान -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ अनुसार विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अन्तर्गत विद्यालयमा पुस्तकालय व्यवस्थापनको लागि प्रति विद्यालयलाई रु. ६ लाख ५० हजार अनुदान निकासा दिन सकिन्छ । पालिकाले सामुदायिक विद्यालयहरूलाई सार्वजनिक खरिद ऐन र नियमावली तथा विद्यालय खरिद दिग्दर्शनअनुसारका प्रक्रियाहरू पूरा गरी पुस्तक खरिद गर्न लगाउनु पर्दछ । पालिकाले श्री बालकन्या आवि र श्री त्रिपुरेश्वर माविलाई प्रति विद्यालय रु. ६,५०,००० का दरले पुस्तकालय स्थापनाको लागि अनुदान निकासा गरेको देखिन्छ । विद्यालयहरूले छुट नलिई पुस्तक खरिद गरेको बिल समावेश गरेकोले खरिद मितव्ययी भएको पाइएन । शिक्षा शाखाबाट विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरूप कार्यान्वियन गरे/नगरेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गरेको पाइएन ।

६२.२ **दिवा खाजा -** सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ अनुसार दिवा खाजा कार्यक्रम कार्यान्वयनको अनुगमन सम्बन्धी निर्देशन तयार गर्ने र सो अनुसार अनुगमन गर्ने गराउने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ । विद्यार्थी संख्याको तथ्याङ्क यकिन गरी राष्ट्रिय स्तरमा देखिने अनुपस्थित दर र विद्यालय छाड्ने दरलाई आधार मानी प्रति विद्यार्थी रु. १५ का दरले दिवा खाजाको रकम निकासा दिनुपर्ने व्यवस्था छ । विद्यालय खुलेको दिन खाजा उपलब्ध गराइएका विद्यालयलको प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित विद्यार्थीको सङ्ख्यात्मक हाजिरी विवरण पेस भएपश्चात् मात्र दिवा खाजा वापतको रकम निकासा दिनुपर्दछ । पालिकाले यस वर्ष दिवा खाजावापत शिशु कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत १५८८ विद्यार्थीको लागि सामुदायिक विद्यालयहरूलाई रु. ३६ लाख ६ हजार ५१० अर्थात् औसत १५१ दिनको लागि अनुदान निकासा दिएकोमा अनुगमन गरी लगत राखेको पाइएन । विद्यालय अवधिको विद्यार्थीको उपस्थिति दर, सिकाइको अवस्था, भौतिक, आर्थिक आदि विवरणको रजिष्टर र अनुगमन पुस्तिका राखे नराखेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन अभिलेखको रुपमा राखेको पाइएन ।

६२.३ **प्रति विद्यार्थी लागत -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ अनुसार विद्यालय शिक्षामा हाल भइरहेको लगानीका आधारमा स्थानीय तहभित्र विद्यालयगत र स्थानीय तहको प्रति विद्यार्थी लागत यकिन गर्नुपर्नेमा पालिकाले सोको अभिलेख राखेको पाइएन । लेखापरीक्षणको लागि उक्त विवरण माग गरिएकोमा शिक्षा शाखाबाट उपलब्ध गराएको विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा पालिकाभित्र सञ्चालनमा रहेका ४२ सामुदायिक विद्यालयहरूमा विभिन्न शिर्षकमा रु. १८ करोड १२ लाख १९ हजारभन्दा बढी निकासा खर्च भएको देखिन्छ जसबाट प्रति विद्यार्थी लागत रु. ४६ हजारभन्दा बढी हुन जान्छ । शिक्षा तथा मानवस्रोत विकास केन्द्रले तयार गरेको विद्यालय नक्साङ्कन, भौतिक सर्वेक्षण र विद्यालय समायोजनका लागि सहयोगी स्रोत पुस्तिका, २०८० अनुसार पालिकाबाट हाल भइरहेका विद्यालयको भौगोलिक अवस्था, जनघनत्व लगायतका आधारमा विद्यालयको तह थपघट, समायोजन/एकीकरण तथा बन्द गर्ने एवं सबै बालबालिकालाई विद्यालयमा शिक्षामा भर्नाको सुनिश्चितता गर्न वैकल्पिक कार्यक्रम सञ्चालन गर्ने लगायतका आधारमा विद्यालय नक्साङ्कन गर्ने कार्य गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

६२.४ **शैक्षिक गुणस्तर** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रूपमा अनुगमन गरी शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा प्रतिवेदन पठाउने र सोको कार्यान्वयन गरी विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने व्यवस्था छ । शैक्षिक सत्र २०८१ मा पालिकाभित्रका १० माध्यमिक विद्यालयहरूबाट २९२ विद्यार्थी माध्यमिक शिक्षा परीक्षामा सहभागी भएकोमा १८२ विद्यार्थी अर्थात् ६२.३३ प्रतिशत उत्तीर्ण भएको देखिन्छ । पालिकाले विद्यालयको शैक्षिक गुणस्तरबारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारका लागि मापदण्ड निर्धारण गर्नुपर्दछ ।

६२.५ **शिक्षक दरबन्दी** - आ.व. २०८१।८२ मा यस पालिकामा ४२ सामुदायिक विद्यालयहरू सञ्चालनमा रहेका छन् । ती विद्यालयहरूमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीहरूको विवरण देहायबमोजिम रहेको छ ।

दरबन्दी	स्थायी	राहत/ करार	अनुदान	प्रदेश अनुदान	स्थानीय स्रोत	जम्मा
मावि (९-१२)	०	२	१२	०	०	१४
मावि (९-१०)	१०	१९	१०	२	९	५०
निमावि	१७	२२	४	०	५	४८
प्रावि	८१	५६	०	०	०	१३७
बाल विकास सहजकर्ता	०	४३	०	०	३	४६
विद्यालय कर्मचारी	०	११	०	०	०	११
कार्यालय सहयोगी	०	४५	०	०	४	४९
अन्य	०	७	०	०	०	७
जम्मा	**१०८**	**२०५**	**२६**	**२**	**२१**	**३६२**

पालिकाले उपलब्ध गराएको विवरणअनुसार सामुदायिक विद्यालयहरूमा स्थायीतर्फ १०८ शिक्षक, राहत/करारतर्फ २०५ र अनुदानबाट समेत ३६२ जना शिक्षक तथा कर्मचारीहरू कार्यरत रहेको देखिन्छ ।

६२.६ **निशुल्क पाठ्यपुस्तक** - शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं. २.४.६.१ को उपक्रियाकलाप ३.१ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यायलयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई तेस्रो त्रैमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम निकासा दिनुपर्दछ । यसरी रकम निकासा दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दिने र बाँकी २५ प्रतिशत रकम शैक्षिक सत्र २०८२ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप निकासा दिनु पर्दछ । पालिकाले ३२ सामुदायिक विद्यालयहरूमा ७५ प्रतिशत रकम बराबर रु. १४,८८,९२१/- निकासा दिएकोमा दोस्रो पटक विद्यालयहरूले खरिद गरी माग गरेको आधारमा थप रु. ५,६९,१५६/- गरी जम्मा रु. २०,५८,०७७/- निकासा दिएको छ । IEMIS मा प्रविष्ट विद्यार्थी तथ्याङ्क, विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा नपुग रकम भुक्तानी दिनुपर्नेमा विद्यालयको मागको आधारमा रकम निकासा गरेको देखिन्छ । IEMIS मा प्रविष्ट तथ्याङ्कको आधारमा भिडान गर्दा निम्नानुसारका ४ विद्यालयमा पाठ्यपुस्तक वापतको बढी निकासा भएको देखिएकोले सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

विद्यालयको नाम	इमिसअनुसार भुक्तानी हुनुपर्ने	ऐच्छिक विषयको	अनिवार्य विषयको	जम्मा निकासा	बढी निकासा
Shree Jhatteshwar Secondary School	१८८३९९	१८८९७	१९११५९	२१००५६	२१६५७
Shree Tripureshwar Secondary School	१७७००३	१४६९१	१७२२४३	१८६९३४	९९३२
TAMAKOSHI JANAJAGRITI SECONDARY SCHOOL	२३७३३२	१८०२३	२४२६८४	२६०७०७	२३३७५

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३,२८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८,४३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१९,२२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **२३,४०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१०,९९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	५४,९६४

६२.७ **शिक्षक तलब भत्ता -** कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ अनुसार विद्यालयहरूले शिक्षक र कर्मचारीको तलब भत्ता बैङ्कमार्फत भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ । पालिकाले चार त्रैमासिकमा तलब भत्ता वापत रु. १३,३२,३४,८६९ विद्यालयलाई निकासा गरेको देखिन्छ । विद्यालयहरूलाई तलबभत्ता वापत रकम निकासा गर्दा अघिल्लो त्रैमासिकमा शिक्षक तथा कर्मचारीलाई तलब भुक्तानी भएको भरपाइसहितको माग फाराम रुजु गर्नुपर्नेमा सो गरेको पाइएन । शिक्षा शाखाबाट विद्यालयहरूलाई अनिवार्य तलबी भरपाई पेस गर्न लगाई तलबी विवरण यकिन गर्नुपर्दछ ।

६२.८ **निजि विद्यालय व्यवस्थापन -** राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत यकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन रहेको १ निजी विद्यालयमा ३२ विद्यार्थी अध्ययनरत रहेकोमा शुल्क निर्धारण र त्यसको कार्यान्वियनको अनुगमन गरेको पाइएन । विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनुर्दछ ।

६२.९ **शिक्षक विद्यार्थी अनुपात -** पालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा शैक्षिक सत्र २०८१ मा अध्ययनरत विद्यार्थीहरू तथा कार्यरत शिक्षकहरूको विवरण देहायबमोजिम रहेको छ ।

तह	विद्यालय संख्या	शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
प्रारम्भिक बाल विकास	४	४६	३८६	१:८
प्राथमिक तह	२२	१३७	१२२९	१:९
निमावि	६	४६	९५०	१:२१
मावि	३	४८	६१९	१:१३
उमावि	७	१०	५४४	१:५४
प्राविधिक धार	१	८	७१	१:९
जम्मा	**४३**	**२९५**	**३७९९**	**१:१३**

शिक्षा नियमावली, २०५९ को नियमा ७७ अनुसार सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी सङ्ख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः पचास, पैतालीस र चालीस हुनु पर्दछ । पालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा कार्यरत प्रावि देखि माविसम्मका शिक्षकको संख्या २९५ रहेकोमा बाल विकास केन्द्र देखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या इमिस तथ्याङ्कअनुसार ३७९९ रहेको छ । शिक्षा नियमावली तथा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले उल्लेख गरेको आधारमा शिक्षक विद्यार्थी अनुपातअनुसार शिक्षक दरबन्दी मिलान गरी शिक्षकहरूको व्यवस्थापन गर्नुपर्दछ ।

६२.१० **छात्रवृत्ति रकम** - शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. ७.२.१.१ को क्रियाकलाप ४.२ बमोजिम विद्यालयहरुलाई IEMIS को तथ्याङ्कको आधारमा विद्यार्थीहरू सङ्ख्या यकिन गरी स्थानीय तहले आवासीय तथा गैर आवासीय छात्रवृत्ति निकासा गर्ने र निकासा प्राप्त गरेपछि विद्यालयहरुले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या, छात्रवृत्ति बुझेको भर्पाई र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामनामेसी सहितको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । सो पुस्तिकाअनुसार सामुदायिक विद्यालयहरूका कक्षा १-८ का छात्रा तथा दलित छात्र छात्राहरुलाई प्रति विद्यार्थी रु. ४००।- का दरले विद्यार्थी सङ्ख्याको आधारमा रकम भुक्तानी गर्नुपर्दछ । पालिकाले निम्नानुसारका विद्यालयहरूलाई छात्रवृत्ति रकम निकासा गरेकोमा निकासा भएको रकमभन्दा घटीको वितरण भरपाइ पेस भएको देखिएकोले बढी रकम असुल गर्नुपर्ने रु.

विद्यालयको नाम र ठेगाना	निकासा रकम	वितरित रकम	बाँकी रकम	कैफियत
श्री भृङ्गेश्वर माध्यमिक विद्यालय, धारापानी	१५६००	०	१५६००	भर्पाई पेश गर्नुपर्ने
श्री त्रिपुरेश्वर माध्यमिक विद्यालय, दुरागाउँ	५३०००	५१८००	१२००	बढी भएको रकम फिर्ता गर्नुपर्ने

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१६,८००

६२.११ **विद्यालयहरूको लेखापरीक्षण** - शिक्षा नियमावली, २०५९ को दफा १७१ मा विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष पालिकाबाट नियुक्त लेखापरीक्षकबाट तोकिएको समयमा विद्यालयको लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिका अन्तर्गत साधारण धारतर्फका ४२ सामुदायिक विद्यालयमध्ये आ. व. २०८१।८२ को अन्तिम लेखापरीक्षण अवधिसम्म कुनै पनि विद्यालयले लेखापरीक्षण गराएको छैन भने आ. व. २०८०।८१ को लेखापरीक्षण प्रतिवेदन समेत २७ विद्यालयहरूले मात्र पेस गरेका छन् । पालिकाले विद्यालयहरूको लेखापरीक्षण समयमा सम्पन्न गर्न लगाई सो को प्रतिवेदन अभिलेखको रूपमा सुरक्षित

राख्नुपर्दछ । विद्यालयको वित्तीय प्रतिवेदनमा निकासा गरिएको रकम समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरेको यकिन गर्नुपर्दछ । साथै वित्तीय विवरण विश्लेषण गरी रकम सदुपयोग भए/नभएको सुनिश्चित गर्नुपर्दछ ।

६२.१२ **सहकारी संस्थामा खाता सञ्चालन** - विद्यालय लेखाङ्कन दिग्दर्शन, २०७६ को बुँदा २.३ अनुसार विद्यालयमा हुने सबै प्रकारका कोषको कारोवार बैंकमा खाता खोली गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाभित्र सञ्चालनमा रहेको विद्यालयले सहकारी संस्थामा खाता सञ्चालन गरी आर्थिक कारोवार गरेको तथा नगद मौज्दात समेत राखेको देखिन्छ । यसरी विद्यालयहरूको बचत रकम सहकारी संस्थामा निक्षेप राख्नाले विद्यालय कोषको रकम जोखिममा परेको देखिन्छ । नमुना छनोट गरी परीक्षण गर्दा श्री माध्यमिक विद्यालय, ज्यामिरेखानीको रु. १२ लाख ८ हजारभन्दा बढी रकम सहकारी संस्था (जनसहयोगी साकोस) मा राखी कारोवार गरेको अवस्था देखिन्छ । विद्यालयको सम्पूर्ण आम्दानी तथा खर्चको कारोवार बैंक खातामार्फत गराउन पहल गर्नुपर्दछ ।

६२.१३ **परीक्षा सञ्चालन खर्च (१८५-२०८२।०३।२०)** - कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ अनुसार कक्षा ८ को परीक्षा सञ्चालनको लागि सामुदायिक विद्यालयहरूमा अध्ययनरत कक्षा ८ का विद्यार्थी सङ्ख्याको आधारमा प्रति विद्यार्थी रु. २७५ का दरले सङ्घीय सशर्त बजेटबाट खर्च गर्न सकिने र नपुग रकम आन्तरिक स्रोतबाट ब्यहोर्नुपर्ने उल्लेख छ । पालिकाभित्रका सामुदायिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत विद्यार्थी ३५० रहेको देखिन्छ । सो आधारमा रु. ९६,२५० परीक्षा सञ्चालनमा खर्च गर्न सकिनेमा रु. ५,९६,२९८ खर्च गरेको देखिएकोले तोकेको भन्दा बढी खर्च लेखिएको रकम रु. ५ लाख रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५,००,०००

६२.१४ **प्राविधिक धारका विद्यालयलाई अनुदान** (५९।२०८१।११।१३) - कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ अनुसार स्थानीय तहले अनुदान वितरण गर्नुपूर्व साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्न निर्णय भएका अनुसूची ११ मा उल्लिखित विद्यालयहरू तोकिएको मापदण्डअनुसार सञ्चालन भए नभएको अनुगमन गरी विद्यालयमा अध्ययनरत कक्षा ९-१२ सम्मका विद्यार्थी सङ्ख्या यकिन गरी शिक्षण सिकाइ अनुदान प्रति विद्यार्थी रु. १५००० अनुदान दिन सकिने उल्लेख छ । पालिकाले श्री तामाकोशी जनजागृत मा विलाई प्रति विद्यार्थी लागतको आधारमा OJT Operation cost ब्यवस्थापन अनुदानवापतको रकम निकासा दिँदा ७१ जनाको विद्यार्थी सङ्ख्याको रु. १०,६५,००० भुक्तानी दिएको देखिन्छ । कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ अनुसार ल्याव असिस्टेन्टलाइ पारिश्रमिक भुक्तानी भएको भरपाई, व्यावहारिक अभ्यासमा सहभागी हुने विद्यार्थीका लागि प्रति महिना रु. १००० भुक्तानी दिएको भरपाई, ल्याब र पाठ्य सामग्री खरिद गरिएको प्रमाण सहित मापदण्ड बमोजिम खर्चको पालना भए नभएको सन्दर्भमा अनुगमन गरी प्रतिवेदन पेस हुनुपर्दछ ।

६२.१५ **स्यानिटरी प्याड (१५२।२०८२।०३।१८)** - पालिकाले आ. व. २०८१।८२ मा सामुदायिक विद्यालयका छात्राहरुलाई नि:शुल्क सेनेटरी प्याड वितरण गर्न प्रति थान रु. ६५ (मूल्यअभिवृद्धि करबाहेक) मा १३००० थान बिशु टोटल इन्टरप्राइजेज (१११८७९६०९) बाट खरिद गरेको छ । सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ बमोजिम सेनेटरी प्याडको सुरक्षित किसिमिले भण्डारणको व्यवस्था मिलाउनुपर्ने र सेनेटरी प्याडको गुणस्तरमा असर नपर्ने गरी व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पालिकाले आपूर्ति गरिएका स्यानीटरि प्याडको गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेको पाइएन । कार्यविधिमा भएको व्यवस्थाको पालनामा पालिकाले ध्यान दिनुपर्दछ ।

६२.१६ **स्थानीय पाठ्यक्रम व्यवस्थापन कार्यक्रम (६२१।२०८२।०३।२०)** - पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास तथा वितरण निर्देशिका, २०७९ को दफा ६ अनुसार स्थानीय तहले राष्ट्रिय पाठ्यक्रम प्रारूप तथा पाठ्यक्रम संरचनाको अधीनमा रही निर्धारित विषयक्षेत्र तथा पाठघण्टाको स्थानीय/मातृभाषाको पाठ्यक्रम विकास गरी लागु गर्नुपर्ने उल्लेख छ । पालिकाले स्थानीय पाठ्यक्रम लागु गरी छपाइ संसारबाट पाठ्यपूस्तक छपाइको लागि रु. ६,९१,९३५ खर्च गरेको देखिन्छ । पालिकाभित्रका कक्षा १ देखि ५ सम्म अध्ययरत

विद्यार्थीको सङ्ख्या १०३८ इमिस तथ्याङ्कबाट रहेकोमा स्थानीय पाठ्यपुस्तक १७८७ छपाइ गरेको देखिन्छ । आवश्यकताभन्दा बढी छपाइ गरेकोले व्ययभार बढी भएको देखिन्छ भने सिकाइ उपलब्धीको मापन नगरी यस्तो खर्च निरन्तर गरेको उपयुक्त देखिएन । पालिकाले आगामी शैक्षिक सत्रको लागि वितरण गर्न मौज्दात सुरक्षित रहेको जनाएको छ ।

६३ स्वास्थ्यतर्फ

६३.१ औषधी खरिद

औषधी खरिद सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान सोझै खरिद गर्न सकिने तथा वार्षिक दशलाख रुपैयाँभन्दा बढी रकमको औषधीजन्य मालसामान वा उपकरणको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । सो योजना आगामी वर्षको वार्षिक कार्यक्रम तयार गर्न समयमा नै तयार गरी पेस गर्नुपर्ने र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत भएपछि सोअनुसार वार्षिक खरिद योजना अद्यावधिक गरी अधिकारप्राप्त अधिकारीले स्वीकृत गरी राख्नुपर्दछ । सो योजनामा औषधिजन्य मालसामान वा उपकरणको विवरण, सोको लागत अनुमान, खरिदको प्याकेज, बोलपत्रसम्बन्धी कागजातको तयारी र स्वीकृति, खरिद प्रक्रियाको समयतालिका, खरिद विधि, माध्यम आदि उल्लेख भएको हुनुपर्दछ । पालिकाले आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि सशर्त अनुदानबाट रु १२ लाख १० हजारको बजेट प्राप्त गरेकोमा सोही शीर्षकमा समानीकरणबाट रु २८ लाख समेत विभिन्न स्वास्थ्य कार्यक्रमबाट ६५ लाख १० हजारको बजेट व्यवस्था गरेकोमा वार्षिक खरिद योजना तयार गरेको पाइएन । साथै पटक पटक सोझै विभिन्न फर्मबाट निम्नानुसारको रु. ५८,८१,१९२ को औषधी तथा औषधीजन्य सामग्री खरिद गरेकोमा प्रतिष्पर्धा गराएको नपाइएकोले खरिद नियमसम्मत देखिएन ।

क) लागत अनुमान - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरीद गर्दा लागेको वास्तविक लागत, स्थानिय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र उद्योग वाणिज्य सङ्घले जारी गरेको दररेटलाई आधार मानी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष नेपाल सरकारले तोकेको निशुल्क ९८ प्रकारका औषधीको अतिरिक्त औषधिजन्य सामग्रीको दर ३ वटा फर्मबाट माग गरी लागत अनुमान गरेको छ । नियमित आवश्यक पर्ने औषधीको आवश्यकता यकिन गरी खरिद योजनाबमोजिम प्रतिष्पर्धा गराई खरिद गर्नुपर्नेमा सो गरेको पाइएन । सोझै खरिद गर्दा छुट लिएको नदेखिएकोले खरिद प्रतिष्पर्धात्मक तथा मितव्ययी भयो भन्न सकिएन ।

ख) माग निर्धारण - पालिकामा औषधी खरिदको लागि सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट गत आर्थिक वर्षमा खपत भएको औषधि परिमाणको आधारमा पालिकाले औषधीको परिमाण निर्धारण गर्नुपर्दछ । लागत अनुमान गर्दा आवश्यक परिमाणको विश्लेषण गर्दा विगत वर्षको विरामी संस्था र खपत परिमाण समेत उल्लेख गरी पालिकाले विश्लेषण गरेको छैन । आवश्यक्ताको निर्धारण आर्थिक वर्ष अनुसार खपत परिमाण र खरिदबीच सन्तुलन कायम भएको छैन । यसले गर्दा खरिद प्रकृयाबाट प्राप्त सम्पूर्ण औषधी उपयोग हुने सम्वन्धमा यकिन गर्न सक्ने अवस्था छैन ।

ग) निरीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ अनुसार आपूर्ति गरिएका औषधि स्पेसिफिकेसन तथा गुणस्तर बमोजिको भए नभएको निरीक्षण गरी (Post delivery inspection) प्रतिवेदन राखेको पाइएन । खरिद गरिएका औषधि डब्लु.एच.ओ. जिएमपि सर्टिफाइड हुनुपर्नेमा सो को प्रमाण पेस भएन । औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राखेको पाइएन । साथै जिन्सी कितावमा प्राप्त औषधीको आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँधेको देखिएन । औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको देखियो । तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको सम्बन्धमा यकिन गरी हस्तान्तरणको अभिलेख राख्नुपर्दछ ।

भौ.नं	मिति	क्रियाकलाप	फर्मको नाम	बजेट विनियोजन	खरिद रकम
२३	२०८१।०७।११	आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद	मानसरोवर मेडिहेल्थ प्रा.लि. (६१०४०२९५१)	१२१००००	१२०२९६९
४०७	२०८२।०२।०७	सम्पूर्ण स्वास्थ्य संस्थाका लागि निःशुल्क औषधि खरिद तथा वितरण कार्यक्रम	मेडिसिल्स मेडिको फर्मा (६०८९११५६७६)	२५०००००	२४६८४०१
६६३	२०८२।०३।२१	सम्पूर्ण स्वास्थ्य संस्थाका लागि निःशुल्क औषधि खरिद तथा वितरण कार्यक्रम	संजिवनी मेडिसीन सप्लायर्स (३०२६५८०१५)	०	४००००
५४६	२०८२।०३।१९	ग्रामिण आखाँ क्लिनिक औषधि तथा औजार उपकरण खरिद	हनिस्टार सर्जिकल सप्लायर्स (६०७०४९०८२)	३०००००	२,९४,०२६
५८८	२०८२।०३।१९	सम्पूर्ण स्वास्थ्य संस्थालाई उपकरण तथा सामग्री खरिद	के एण्ड के ट्रेड कन्सर्न (६०५४८३५०३)	१५०००००	९९१०९२
५९१	२०८२।०३।१९	जेष्ठ नागरिक घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रम	निरीजमा मेडीको सप्लायर्स (६०७४९४५३४)	५०००००	३९६५१७
२८८	२०८१।१२।२०	सैपु फेदीबेँसी, काङवा र रातमाटा सामुदायिक स्वास्थ्य इकाइ व्यवस्थापन कार्यक्रम	संजिवनी मेडिसीन सप्लायर्स (३०२६५८०१५)	५०००००	४८८१८७
जम्मा				६५१००००	५८८११९२

६३.२ **बिलभरपाइ** (५१।२०८१।१०।०१)

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) अनुसार कुनै पनि सरकारी रकम खर्च गर्नु वा भुक्तानी दिनु अघि सो रकमसँग सम्बन्धित आवश्यक बिल, भरपाइ तथा कागजात संलग्न भए/नभएको र संलग्न कागजातका आधारमा भुक्तानी दिन प्रक्रिया पूरा भए/नभएको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले स्वास्थ्य शाखाको लागि मसलन्द तथा कार्यालय सामग्री खरिद गरी दीपा छापाखानालाई रु. ४३०९९३ भुक्तानी दिएको छ । उक्त छापाखानाले पेस गरेको बीजक नम्बर केरमेट भएकोले भुक्तानी भएको मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेस गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४९,५८३

६४ **उपभोक्ता समिति वा लाभग्राही समुहबाट खरिद** (26-2081-06-10):

गाउँपालिका चालु-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति/लाभग्राही समुदायबाट काम गराउने व्यवस्था छ। नियममा उपभोक्ता समितिले आफु बसोबास गरेको स्थानमा आवश्यकताको आधारमा निर्माण कार्य वा सो सम्बन्धी सेवा मात्र गर्न पाउने तर मालसामान मात्र खरिद गर्न उपभोक्ता समिति गठन गर्न पाउने देखिदैन। पालिकाको दलित सामुदायिक संस्था उपभोक्ता समितिलेअशोक भेराइटि स्टोर एण्ड सप्लायर्स (१८४-०८१।०३।३१) बाट प्लाष्टिक कुर्सी, तामाको गाग्री, डाइनिङ टेबल लगायत सामाग्रीखरिद गरेको कार्य नियमावली विपरीत भएकोले यस्तो कार्य अनियमित भएको रु.

अनियमित भएको	१,४९,३८६

६५ **उपभोक्ता समिति**

६५.१ **उपभोक्ताको काम** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्वी हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको

सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना र सिचाई कुलो निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन।सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएकोछ। केही उदाहरण निम्न छन्।

सि. नं.	उपभोक्ता समितिको नाम	कामको नाम	भुक्तानी रकम
१	राम्चेडाडा वडान ७ हुदै धोविनजार सडक निर्माण उ. स.	सडक निर्माण	१२४०६१६
२	महेश्वर नेपारटोल छापगाउ सडक नि. उ. स..	सडक निर्माण	१४१८१३३
३	नेवारटो चन्डालीडाडागैरी सडक नि. उ .स.	सडक निर्माण	१२४९६०५
४	साउनेपानी वालविकास भवन निर्माण उ. स.	भवन निर्माण	९१०६८८
५	महतगमाउ २ वटा कुलथान घेरावार तथा ट्रस नि. उ. स.	ट्रस निर्माण	१९०९२५०
६	तिलुङखोला पिपलवोट सिचाई नि. उ. स.	सिचाई निर्माण	७५५०९८
७	राम्चेडाडा सहिद पार्क निर्माण नि. उ. स.	पार्क निर्माण	१५५३६८८
८	खोल्टे खोला पहिरो नियन्त्रण उ. स.	पहिरो नियन्त्रण	१९१३८७१
९	ढुङ्गेखोला मुहान पिप्ले आपडाडा खानेपानी उ.स .	खानेपानी निर्माण	१४४००००
१०	भुजेल सामुदायिक भवन निर्माण उ. स.	भवन निर्माण	६७२०००
११	भुङ्गेश्वर मा वि धारापानी सडक नि. उ. स.	सडक निर्माण	१८६४५००
१२	घिसिङ्ग टोल माकुरीडाडा काफ्ले सडक उ. स.	सडक निर्माण	७६८०००

६५.२ **अनुगमन समिक्षा नभएको-** स्थानीय सरकार संचालन ऐन२०७४, को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिबेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वियन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने ब्यवस्था छ।यस पालिकामा आर्थिक बर्ष २०८१।८२ मा संचालन भएका योजना तथा कार्यान्वयन भई सम्पन्न भएका योजनाको प्राबिधिक प्रतिबेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको पालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण गरेको प्रतिबेदन पेश गरेको देखिन्छ भने पालिकाद्वारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भनी पालिकाले समिक्षा गरेको प्रतिबेदन छैन ।

६५.३ **गुणस्तर परीक्षण**-सार्वजनिक खरिद नियमावली, २०६४, को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु /गराउनु पर्ने व्यवस्था छ।यस स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पेश गरेको ल्याब टेष्ट रिपोर्टबाहेक निर्माण कार्यमा प्रयोग हुने सामानको

गुणस्तर परीक्षण गरेको पाइएन ।अतःकार्यालयले निर्माण तथा खरिद गरेका सामानको परिक्षण गराउन तर्फ ध्यान दिनुपर्दछ। केही उदाहरण निम्न अनुसार छन् ।

सि.नं	निर्माण कामको विवरण	पार्टीको नाम	भुक्तानी रकम
१	गौरीखोलाटार सिम्रे सिचाई योजना	निर्माण उपभोक्ता समिति	५७६०००
२	सवास्थ्य संस्थालाईRUSG समान खरिद	जयमाता सर्जिकल एण्ड केमिकल हाउस	९५८०२०३
३	धोवीवजार देखि स्वास्थ्य चित्रे सडक ढलान	मोति कस्स्टक्शन	८४९९९९३
४	कोटगाउ कल्लेरी वाहुन गाउ खानेपानी निर्माण	गैगासागर निर्माण सेवा	८३३८३८
५	राम्चेडाडा सहिद पार्क निर्माण	निर्माण उपभोक्ता समिति	१५५३६८८
६	कोटगाउ लिफ्ट खानेपानी योजना	निर्माण उपभोक्ता समिति	१०१९७२२
७	राधाकृष्ण मन्दिर उधान पार्क निर्माण	निर्माण उपभोक्ता समिति	५९००००

६५.४ **नापी किताव**- निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो।उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन। यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ।साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी कितावको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यस पालिका कार्यालयद्रारा गत आ.वा.मा संचालित योजनाहरुको भुक्तानी यस बष कार्य सम्पन्न भएको आधारमा भुक्तानी दिएको देखिन्छ । लेखापरीक्षणको क्रममा गत आर्थिक बर्षका नापी किताब भुक्तानी बिवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले जोडजम्मा भिडानगर्न सकिएन।अतः कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राख्नु पर्ने देखिन्छ।

६५.५ **वहाल कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८८ को १ मा नेपाल स्रोत भएको भाडा भुक्तानीमा १० प्रतिशत अग्रिम कर कट्टी गर्नु पर्ने ब्यवस्था छ।यस पालिकाले निम्न निर्माण कार्यको काम उपभोक्ताबाट कार्य गराउँदा भाडाको विल पेश भएकोमा पुर्ण रूपमा १० प्रतिशत भाडा अग्रिम कर कट्टी गरेको देखिएन। यसरी कर कट्टी नभएको कर छुट रकम असुल गरी संचित कोष दाखिला गर्नु पर्ने देखिएको रू

भौचर नं. र मिति	उपभोक्ता समितिको नाम	विषय	भुक्तानी	कट्टी हुनु पर्ने	कट्टी भएको	बाँकी
६३।२०८१।१२।१९	ठाटी पधेरो रात्माटा उ ..स.	ढुवानी भाडा	१६००००	१६०००	५७५०	१०२५०
७१।२०८१।१२।२६	खाल्टे खोलापहिरो नियन्त्रण उ. स.	ढुवानी भाडा	३०००००	३००००	७५००	२२५००
८७।२०८१।१२।२६	नाङ्गेडाडा खसिकुण्ड पदमार्ग नि. उ. स.	ढुवानी भाडा	७७०००	७७००	१९५८	५७४२
९२।२०८१।१२।२७	ढुङ्गेधारामुहान पिप्ले आपडाडा खानेपानी उ. स.	ढुवानी भाडा	२३००००	२३०००	३२५०	१९७५०
९८।२०८१।१२।२७	तामेडाडा चण्डीस्थान सडक र चण्डीथान नि. उ. स.	ढुवानी भाडा	७००००	७०००	००	७०००
१११।२०८२।१।१२	पाखावारी कामी गाउ सडक स्तरोन्ती उ. स.	ढुवानी भाडा	९३६६०	९३६६	३५४१	५८२५
११०।२०८२।१।१२	तिल्पुङ्गखोला पिपलबोट कल्छे सिचाई योजना उ. स.	ढुवानी भाडा	११००००	११०००	०	११०००
१११।२०८२।१।१२	तल्लो कल्लेरी मन्दिर निर्माण उ. स.	ढुवानी भाडा	७७०००	७७००	१९२५	५७७५
१३०।२०८२।२।१	भगवती मन्दिर व्यवस्थापन उ. स.	ढुवानी भाडा	६७५००	६७५०	१५३७	५२१३
१५२।२०८२।२।६	दुरागाउ होपिना सडक पहिरो नि. उ. स.	ढुवानी भाडा	९००००	९०००	२२५०	६७५०
१५७।२०८२।२।७	छापगाउ सामुदायिक ट्रस निर्माण उ .स.	ढुवानी भाडा	९३५००	९३५०	३४६३	५८८७
१६२।२०८२।२।८	महतगाउ २वटा कुलथान निर्माण उ. स.	ढुवानी भाडा	३०४०००	३०४००	१९०००	११४००
१७२।२०८२।२।१८	तारूखे नमुना प्रा लि सडक स्तरोन्नती उ. स.	ढुवानी भाडा	७००००	७०००	१७५०	५२५०
१७५।२०८२।२।१९	ताप्के तुङ्गालो टोल गहते सडक उ. स.	ढुवानी भाडा	१०००००	१००००	२५००	७५००
१८५।२०८२।२।२६	ऐरमखोला पिपलडाडा सिचाई योजना उ. स.	ढुवानी भाडा	१०४०००	१०४००	२६००	७८००
१९०।२०८२।२।२९	साउने पानी वालविकास नि उ. स.	ढुवानी भाडा	१०००००	१००००	२८४०	७१६०
१९९।२०८२।३।८	नेवारटोल चन्दुलीडाडा गैरी सडक उ. स.	ढुवानी भाडा	७९०००	७९००	१९७५	५९२५
२०४।२०८२।३।८	तल्लो मालिका मन्दिर नि. उ. स.	ढुवानी भाडा	१०९०००	१०९००	२७२५	८१७५
२०७।२०८२।३।८	विघालिचौर ट्रस ब्यवस्थापन उ. स.	ढुवानी भाडा	१७७५००	१७७५०	६६२५	१११२६
२०१।२०८२।३।८	खरवारी महतटोल खानेपानी नि .उ.स	ढुवानी भाडा	९३०००	९३००	३१६५	६१३५
२२४।२०८२।३।८	उग्रेन मेतोक पेमा छ्योलिङ गुम्बा नि. उ. स.	ढुवानी भाडा	४२००००	४२०००	१२६३७	२९३६३
२३७।२०८२।३।१८	भट्टेश्वर नेवारटोल छापगाउ सडक उ. स.	ढुवानी भाडा	४३५०००	४३५००	१०८७५	३२६२५
२३९।२०८२।३।१८	भट्टेश्वर नेवारटोल छापगाउ सडक उ. स .	ढुवानी भाडा	४६४०००	४६४००	२१०८७	२५३१३
२४३।२०८२।३।८	घिसीङ्ग टोल माकुराडाडा काफ्ले सडक उ. स.	ढुवानी भाडा	११५०००	११५००	२८७५	८६२५
२६६।२०८२।३।१९	खोल्यागाउ कुकुरकोट भन्ज्याङसालु सडक उ स	ढुवानी भाडा	३३००००	३३०००	७३२५	२५६७५
२८१।२०८२।३।२३	झटेश्वर मा बि भष्मेश्वर सडक उ .स.	ढुवानी भाडा	२७४५००	२७४५०	६८६०	२०५९०

असुल गर्नुपर्ने	३,१८,३५४

६५.६ **ढुंगा रोयल्टी** – बागमती प्रदेश आर्थिक ऐन, २०८१ को अनुसुची-५ स्थानिय तहले प्राकृतिक स्रोत माटो ढुंगा, गिट्टी, वालुवा स्रोतप्रयोग गरे वापत प्रति घन फिट रू ९ रूपैया रोयल्टी लिने व्यवस्था गरेको छ । यस पालिकाले आर्थिक बर्ष २०८१।८२मा पालिकाबाट सञ्चालन भएका योजनामा स्थानिय स्रोत ढुंगा, गिट्टी, वालुवा प्रयोग भएको देखिन्छ । पालिकाले स्थानीय स्रोत, ढुङ्गा, गिट्टी वालुवा

प्रयोग गरे वापत रोयल्टी असुल गरेको देखिएन । अत: पालिकाले प्रदेश कार्यविधि बमोजिम रोयल्टी लिने गर्नु पर्दछ । प्रयोग भएका केही उदाहरण निम्न छन् ।

भौचर न र मिति	उपभोक्ता समितिको नाम	प्रयोग ढुंगा परिमाण	दर	कट्टी हुनुपर्ने	भएको	बाँकी
६२।२०८१।१२।१५	कोटगाउ कल्लेरी पोकुवेशी सडक नि उ स	१२३।५	२४६।९६	३२७२२	०	३२७२२
७१।२०८१।१२।२६	खाल्टे खोलापहिरो नियन्त्रण उ स	४४९	२४६।९६	११०८८५	०	११०८८५
१५२।२०८२।२।६	दुरागाउ होपिना सडक पहिरो नि उ स	१२७	२४६।९६	३१३६३	०	३१३६३
१६२।२०८२।२।८	महतगाउ २वटा कुलथान निर्माण उ स	१४२	२४६।९६	३५०६८	०	३५०६८
१७२।२०८२।२।१८	तारूखे नमुना प्रा लि सडक स्तरोन्नती	१२१	२४६।९६	२९८८२	०	२९८८२
१८१।२०८२।२।२३	गैरीगडा सिम लाकुरीडाडा सडक उ स	२८५	२४६।९६	७०३८३	०	७०३८३
१९९।२०८२।३।८	नेवारटोल चन्दुलीडाडा गैरी सडक उ स	२२४	२४६।९६	५३३१९	०	५३३१९
२३७।२०८२।३।८	भट्टेश्वर नेवारटोल छापगाउ सडक उ स	३०५	२४६।९६	७५०७५	०	७५०७५

६५.७ **मु. अ. कर बिजक बेगर भुक्तानी**- सार्वजनिक खरिद नियमावली, २०६४, को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयलले जाँच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष निम्न उपभोक्ता समितिलाई समान खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विल पेश नभएको समानको मु.अ. कर भुक्तानी भएको देखिन्छ । यसरी बिजक बेगर मु.अ.कर भुक्तानी दिएको नियमसम्मत देखिएन । अतः पालिका कार्यालयले मूल्य अभिवृद्धि कर भुक्तानीको बिजक लिएको भए मु.अ.कर.समायोजन सहितको प्रमाण उपभोक्ताबाट पेश गर्न लगाउने अन्यथा उक्त मु.अ.कर असुल गरी संघिय संचित कोष दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू.

भौचर नं.र मिति	उपभोक्ता समितीको नाम	कामको विवरण	मु.अ. कर भुक्तानी रकम	बिजक पेश भएको रकम	बिजक पेश नभएको रकम	शिर्षक
१५२।२०८२।२।६	दुरागाउ होपिन पहिरो नि उ स	जाली २ । १को १२७ घमी	२९०६५	२३३०८	५७५६	गा पा
२२४।२०८२।३।११	उग्रेन मेतोक पेमा छीलिङ्ग गुम्वा उ स	ईटा प्रयोग ९१००	२०१००	१३०१३	७०८७	
२३७।२०८२।३।१८	भट्टेश्वर नरेवारटोल छापगाउ सडक नि उ स	जालि प्रयोग ३०४ घ मी	३५८९८	२६४७९	९४१८	
७१।२०८१।१२।२६	खाल्टे खोलापहिरो नियन्त्रण उ स	जाली प्रयोग ४४९	८३१७८	७७८७९	५२९८	

प्रमाण पेश नगरेको	२७,५५९

६५.८ **प्राविधिक बिल र कार्यसम्पन्न** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन प्राविधिकले पेश गर्ने कार्य सम्पन्न

प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

६५.९ **सामाजिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन ।सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।यस्तो कार्यमा पालिकाले सुधार गर्नुपर्दछ ।

६५.१० **मु.अ. कर समायोजन प्रमाण पेश गर्नुपर्ने**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को १३ (क)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति तथा लाभग्राहीलाई भबिष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने ब्यवसायीलाई कालो सुचीमा राख्न सार्वजनिक अनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने ब्यवस्था छ। यस पालिकामा उपभोक्ता समितिका कार्यमा निर्माण ब्यावसायिले ढुँगा, गिट्टी, बालुवा, सडक कटिङ्ग जस्ता कामका बिल पेश गरी उपभोक्ता समितिबाट मु. अ. कर रकम भुक्तानी लिएको देखिन्छ । पालिकाले यसरी निर्माण ब्यावसायीले मु. अ. कर लिएको जानकारी समेत आन्तरिक राजस्व कार्यालयलाई दिएको देखिएन । अतः यसरी पालिकामा पेश भएको बिजकको मु.अ.कर समायोजन गरेको भए निर्माण ब्यावसायीको मु.अ. कर समायोजन गरेको प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल गरी राजस्व खातामा दाखिला गर्नु पर्ने देखिएको रू.

गो. भौ.न. र मिति	योजनाको नाम	निर्माण ब्यावसायी नाम	बिजक पेश रकम	मु.अ. कररकम	भुक्तानी रकम र ईन्धन विल
२८४।२०८२।३।२३	नागथली गैरी सडक नि. उ .स.	थापा एण्डभलु वाजोर निर्माण सेवा	३३९९६२	३९१११	२१०५७४
१२८।२०८२।२।१	साउनेपानी केरावोट सडक नि. उ. स.	लिखु भुजी कन्स्टक्शन एण्ड सप्लायर्स	२५०९५०	२८८७०	
१७२।२०८२।२।१८	तारूखे नमुना प्रा लि सडक स्तरोन्नतीउ. स.	जयकृष्ण विल्डर्स	२०७९२०	२३९२०	
१८९।२०८२।२।२७	लर्खुखोला रातामाटा सडक उ. स.	साँघुटार खडका कन्स्ट्रक्शन	१०८०१७८	१२४२६८	
१९९।२०८२।३।८	नेवारटोल चन्दुलीडाडा गैरी सडक उ. स.	हिमाल कन्स्ट्रक्शन एण्ड सप्लायर्स	४०२९९९	४६३६२	
२३७।२०८२।३।८	भट्टेश्वर नेवारटोल छापगाउ सडक उ. स .	रियासा विल्डर्स	३९५३७३	४५४८५	
२५१।२०८२।३।१९	ज्यामिरेबोट जोलेघर सडक उ .स.	हिमाल कन्स्ट्रक्शन एण्ड सप्लायर्स	१७८७३४	२०५६२	

प्रमाण पेश नगरेको	३,२८,५७८

६५.११ **बिल भरपाई** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात

अनुसार भुक्तानी दिन जाँच गर्नु पर्ने ब्यवस्था छ । यसरी प्राविधिकले मूल्याङ्कन गरी पेश गरेको बिलको आधारमा उपभोक्ता समितिबाट बिल भरपाई नलिई प्रयोग हुने एउटा मात्र समानको बिल धेरै पेश गरेको आधारमा भुक्तानी भएको कारण कार्यालयद्वारा निर्माण भएका काम वास्तविक हुन भन्न सकिने आधार देखिएन । कार्यालयले निर्माण कार्यमा प्रयोग भएका वास्तविक बिल भरपाई मात्र भुक्तानी भौचरसँग राख्ने तर्फ ध्यान दिनु पर्दछ । यस्ता केही उदाहरण निम्न छन् ।

सि.न.	योजनाको नाम	भुक्तानी रकम	समानको नाम	पेश भएको बिल रकम
१	भङ्गेश्वर मा वि धारापानी सडक स्तरोन्नती	१८६४५०१	ढुगां गिट्टी वालुवा	८४३५००
२	खोल्टेखोला पहिरो नियन्त्रण	१९१३८७१	ढुगां गिट्टी वालुवा	३०००००
३	ठाटी पधेरो निर्माण रातमाटा	६६५४८३	ढुगां गिट्टी वालुवा	१६००००
४	वेलौरी पहरे सडक	४८००००	ढुगां गिट्टी वालुवा	१०५०००
५	घिसिङटोल माकुराडाडा सडक	७६८०००	ढुगां गिट्टी वालुवा	११५०००

६५.१२ **सामुदायिक भवन निर्माण** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७ मा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने ब्यवस्था छ भने दफा ९७ मा गाँउपालिकातथा नगरपालिका आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको संरक्षण गर्ने जिम्मेवारी स्थानिय तहको रहेने ब्यवस्था छ।पालिकाले उक्त उल्लेखित ब्यवस्था बिपरित सार्वजनिक जग्गाको संरक्षण नगरी सार्वजनिक जग्गामा नक्शा पास नगरी निम्न सामुदायिक भवन निर्माण गरी भुक्तानी दिएको रकम नियमसम्मत देखिएन । अतः पालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गरी स्थानिय सरकार संचालनको भावना र मर्म अनुसार भवन निर्माण गर्नु पर्दछ । केहि उदाहरण निम्नानुसार रहेका छन् ।

सि. नं.	भौचर नं. र मिति	योजनाको नाम	रकम
१	२०७।२०८२।३।२३	विथालीचौर सामुदायिक भवन निर्माण	४८००००
२	१८३।२०८२।३।२३	भुजेल सामुदायिक भवन निर्माण	६२००००
३	१५७।२०८२।२।७	छापगाउँ सामुदायिक भवन ट्रस निर्माण	५३८९००
४	१४८।२०८२।२।६	थापाडाडा सामुदायिक भवन व्यवस्थापन	१४४०००
५	१३५।२०८२।२।२	महतगाउ सामुदायिक भवन निर्माण	१९२०००
६	११३।२०८२।१।२५	सच्चाई भवन निर्माण	३३६०००
९	९४।२०८१।१२।२७	फेदी सामुदायिक भवन निर्माण	१४२२४५

६६ ठेक्का व्यवस्थापन तर्फ

६६.१ **ठेक्का व्यवस्था** -सार्वजनिक खरिद ऐन, २०६३, को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धिआपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ६.४७ देखि ४१.९२ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाले स्वीकृत नम्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भए पनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ।साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य गराउनु पर्दछ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजना निम्न अनुसार छन् ।

क्र.सं.	योजनाको विवरण	ठेक्का नं.	बोलपत्र दर्ता	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
१	सैबु वडा कार्यालय भवन निर्माण	१।२०८१।८२	३	२१००१५२	१६१२६७४	२०.४८
२	नागदह वडा कार्यालय भवन निर्माण	२।२०८१।८२	६	३८६९०१६	२३४६४७४	३९.३५
३	खिम्ती वडा कार्यालय भवन निर्माण	३।२०८१।८२	७	३२१७४२४	१९३४२१७	३९.८८
४	तिल्पुङ वडा कार्यालय भवन निर्माण	४।२०८१।८२	८	३८६९०१६	२२४६८७७	४१.९२
५	गृरिधारा खोल्टेखोला दुरागाउ होपिनसडक	५।२०८१।८२	४	३८६०७१२	२५८५०२१	३३.०२
६	दिलौरी वडा कार्यलय सडक	६।२०८१।८२	४	२८९७३५७	१८९८६१५	३१.०५
७	दिलौरी जगमाने वासे सडक	७।२०८१।८२	६	९६५७९७५	६४९४८९९	३२.७५
८	धोवीबजार देखि स्वास्थ्य चौकी चित्रे सडक	९।२०८१।८२		२४९७२३५	१५९४३७०	४१.२३
९	काड्वा चिलाउने भिरगाउ कोटगाउ सडक	१०।२०८१।८२		२८९७२२१	१८१६१५९	३७.३१
१०	लर्खुखोला कटान नियन्त्रण	११।२०८१।८२		२६५६०००	१५९५७२२	३९.९२
११	छागा भाल्टार खाल्सा खडकगाउ सडक	११।२०८१।८२		२४१४४११	१४६४५३८	३९.३४
१२	भुमेडाडा धारापानी रुद्रमोड सडक	१३।२०८१।८२		३८६१०७१	२७३११५०	२९.२६
१३	झट्टेश्वर मा बि खेल मैदान निर्माण	१४।२०८१।८२		२८९७७१९	१८२९३७२	३६.८६
१४	नालि लेति पहरे वेलौरी सडक	१५।२०८१।८२		४८२६१२८	३११७५५१	३५.४०
१५	बुर्पा खानेपानी योजना	१८।२०८१।८२		७७३३९२९	५१७८४८६	३३.०४
१६	धोबिबजारदेखि १५ बेड अस्पताल	२०।२०८१।८२		३०००१९८१	२८०६०६६३	६.४७

६६.२ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नु पर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

६६.३ **कार्य सम्पन्न प्रतिवेदन**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएका निर्माण कार्य आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको व्यहोरा राखी प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले खरिद सम्झौता संख्या, सम्पन्न भएको निर्माण कार्य, प्राप्त भएको माल सामान वा सेवाको विवरण, निर्माण कार्य सम्पन्न भएको वा मालसमान वा सेवा प्राप्त भएको मिति र सम्पन्न निर्माण कार्य,प्राप्त मालसमान,वा सेवा स्वीकृत भएको मिति लगाएतको व्यहोरा सहितको प्रतिवेदन तयार भएपछि सार्वजनिक निकायले आवश्यक प्रक्रिया पुरा गरि भुक्तानीको लागी आर्थिक प्रशासनमा लेखी पठाउनु पर्ने ब्यवस्था छ । कार्यालयले यो बर्ष संचालित र गत बर्षका योजना यस बर्ष सम्पन्न भएका आधारमा कार्य स्वीकार प्रतिवेदन तयार गरी भुक्तानी गरेको देखिन्छ । कार्यालयले आर्थिक वर्ष २०८०।८१ मा कार्य स्वीकार गरी भुक्तानी दिएका योजनाको निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भए पछी सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग डिजाइन वा स्पेशिपीकेशन बमोजिम भए नभएको कुरा प्राबिधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्नेमा कार्य सम्पन्न प्रतिबेदन तयार गरेको विवरण लेखापरीक्षणको समयमा उपलब्ध भएन ।कार्य सम्पन्न प्रतिवेदन बेगर कार्यालयले स्वीकार गरेका

योजनाहरूको कार्य, स्वीकृत ड्रइङ्ग डिजाइन गुणस्तर र स्पेसिफिकेशन अनुसार भएको छ भन्न सकिने आधार देखिएन । कार्यालयले सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम सम्पन्न योजनाको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ ।

६६.४ **कर बिजक नभएको** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाँच गर्नुपर्ने ब्यवस्था छ । यस कार्यालयले निम्न निर्माण कार्यको बिल रकम भुक्तानी गर्दा PS आईटममा राखेको बिमा बिजकको म्याद थप प्रमाण र सक्कल विल बेगर भुक्तानी दिएको देखिन्छ । यसरी म्याद थप र कर बिजक बेगर भुक्तानी गरेको नियमसंगत नदेखिएकोले निर्माण ब्यावसायीले विमा पोलिसिको म्याद थप गरेको प्रमाण र कर विजक प्रमाण पेश गर्नुपर्ने देखिएको रू.

भौचर नं र मिति	योजनाको नाम	पार्टीको नाम	विवरण	बिमा बिल पेश हुनु पर्ने रकम	कैफिएत
२७।२०८२।३।२४	बुर्पा खानेपानी योजना	मलिनिया निर्माण कम्पनी	ल्याव टेष्टरिपोट	१९७७५	सक्कल विल नभएको
			विमा सालिको	१९८३८	कर विजक नभएको
८।२०।८१।११।१६	काङ्क्वा चिलाउने भिरगाउ कोटगाउ सडक	नागवेली कन्स्टक्शन	ल्याव टेष्ट	८०००	सक्कल विल नभएको
			बिमा विल	१६६५२	प्रभु इन्सुरेन्सको कर विजक नभएको

प्रमाण पेश नगरेको	६४,२६५

६७ **अस्पताल निर्माण (१५ शैया)**

यस पालिकाको वडा नं. ४ मा १५ शैयाको अस्पताल निर्माणाधिन रहेको छ । सो सम्वन्धमा रहेका बेहोराहरु निम्नानुसार रहेका छन् ।

(क) **पृष्ठभूमि** - लिखु तामाकोशी गाउँपालिकाको १५ शैया अस्पताल निर्माणको लागि ठेक्का नं.LTRM/NCB/WORK/03078/79 आ.व.२०७८।७९ मा लागत अनुमान रू १५,११,४६,८१९.९५ (भ्याट बाहेक) स्विकृत भई सबैभन्दा कम अंक रू १४,९९,४८,५१०.६० कबोल गर्ने वोलपत्रदाता श्री लुम्बिनी कल्पवृक्ष मिसन जे.भि. सँग मिति २०७८।१२।०६ मा मिति २०८०।१२।०६ कार्यसमपन्न गर्ने गरी सम्झौता भई मिति २०८० जेष्ठ १९ गते कार्यादिश दिएको देखिन्छ ।उक्त भवनको आर्थिक वर्ष २०७७।७८ मा रिप्पल ट्रेनिङ्ग एण्ड कन्सल्टिङ सर्भिसेज प्रा.लि. बाट डि.पि.आर. गरी रु.१८,६४,५०० भुक्तानी गरेकोमा लेखापरिक्षणको क्रममा उक्त डि.पि.आर. पेश भएको छैन । पालिकाले भवन निर्माणको कार्यको लागि सिरियल नं ९ मा रहेको Providing and laying machine cut Ashlar stone masonry work in 1:4 Cement Mortar in superstructure को २०९.५९ घनमिटर र सोही नम्बरमा सोही कामको ५ वटा तला र टप फ्लोरको लागि ९७२.०९ घनमिटर गरी जम्मा १२४४.६८ घनमिटरको इस्टिमेट तयार गरेको छ । पालिकाले डि.पि.आर. बमोजिम लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गर्दा भवनको वालको Providing and laying Manual cut Ashlar stone masonry work in 1:4 Cement Mortar in superstructure कार्यमा १२४४.६८ घनमिटरको कार्य गर्नुपर्ने भनेको भएता पनि ठेक्का आह्वान गर्दा ९७२.०९ घनमिटरको मात्र समावेश गरेको छ ।लागत अनुमानमा भएको परिमाण भन्दा घटी परिमाणको ठेक्का आह्वान गर्नुको स्पष्ट कारण खुलाएको देखिदैन ।

(ख) **हालसम्म भूक्तानी रकम** - पालिकाले उक्त भवन निर्माणको लागि आ.व.२०७९।८० मा पहिलो रनिङ्ग बिल रू.३,०५,७२,२४१/-, आ.व.२०८०।८१ मा दोश्रो रनिङ्ग बिलमा रू.३,७२,१८,०१६/-,तेश्रो रनिङ्ग बिलमा रू.२,३९,६७,६७१/-, आ.व.२०८०।८१ चौथो रनिङ्ग बिलबाट रू.१,३५,८६,३६८/-, आ.व. २०८१।८२ मा पाँचौ बाट रू.३९,८३,०१२/- र छैठौं रनिङ् बिल(भेरिएसन अर्डर

सहित) बाट रू.२२,५३,५३१/- गरी जम्मा रू.११,१५,८०,८३९/- भुक्तानी भएको देखिन्छ । अस्पतालको भौतिक प्रगति ७० प्रतिशत भन्दा वढि भएको देखिन्छ ।

(ग) **म्याद थपको निर्णय** – यस भवन निर्माणको लागि मिति २०८०।१२।०६ सम्म रहेकोमा पहिलो पटक म्याद थप मिति २०८१।०८।२९ मा समाप्त भएकोमा कार्यपालिकाको बैठकबाट निर्माण कम्पनिले दोश्रो पटक माग भएको २४० दिन सम्म अर्थात् थप ८ महिनाको लागि म्याद थप भएको देखिन्छ ।तर कुन दिन देखिको २४० दिन हो निर्णयमा खुलेको देखिदैन । यसरी निर्णय गर्दा अब कामसम्पन्न गर्नुपर्ने मिति कति हो भन्ने सम्वन्धमा स्पष्ट हुन सक्ने अवस्था रहेको छैन ।

(घ) **निर्माण व्यवसायिलाई कार्यालयको आदेश** – मिति २०८०।१२।२८ मा निर्माण व्यवसायिलाई कार्यालयको तर्फबाट BOQ मा भएअनुसारको Machine Cut Ashar Masonary प्रयोग गरी कार्य गर्नुहुन आदेश दिएको देखिन्छ ।मिति २०८१।०७।०७ मा पुनः ताकेता सम्वन्धी पत्र लेख्दै कार्यालयले BOQ मै भएको कार्य गर्नुपर्ने अन्यथा कार्य भएमा कार्यालयले भुक्तानी नदिने व्यहोराको पत्र पठाएको देखिन्छ ।तर पनि उक्त निर्माण व्यवसायिले machine cut Ashlar stone masonry को कार्य गर्नुपर्नेमा बाहिरी भागमा machine cut Ashlar stone masonry को कार्य गरेको तर भित्री भागमा random rubble stone masonry को वाल निर्माण गरेको छ ।

(ङ) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र – मिति २०८१।१०।२२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबास,महोत्तरीको पत्रमा उक्त अस्पतालको बारेमा उजुरी आएको र यस सम्वन्धमा रहेका सबै आवश्यक कागजात र राय प्रतिक्रिया सहितको जवाफ पेश गर्नुपर्ने वेहोराको पत्र प्राप्त भएको देखिन्छ ।उक्त पत्रको जवाफ कार्यालयले पठाएको र लेखापरीक्षण अवधिसम्ममा उक्त उजुरी प्रकिया मै रहेको देखिन्छ ।पालिकाले निर्माण व्यवसायिले १४ ईन्चको गार्हो लगाएको तर त्यसको भूक्तानी नभएको कुरा जनाएको छ । कार्यस्थलमा उक्त अस्पताल निर्माण कार्य अहिले रोकिएको देखिन्छ ।

(च) **कार्यपालिका निर्णय** –मिति २०८०।०९।२८ गते कार्यपालिका बैठकमा यस पालिकामा निर्माणाधिन १५ शैंयाको अस्पतालको निर्माण व्यवसायि सँग भएको सम्झौताको BOQ को बुँदा नं. ११ मा Machine Cut Ashal Masonary को ९ ईन्च गार्हो भएको तर ढुंङ्गाको गार्हो ९ ईन्च लगाउनु प्राविधिक दृष्टिले उपयुक्त नहुने १२ वा १४ ईन्चको गार्हो लगाउन अनुमती पाउँ भनि निर्माण व्यवसायिले निवेदन पेश गरेको हुनाले यस सम्वन्धमा प्राविधिक शाखाको राय सुझाव अनुसार भवन सम्वन्धी विशेषज्ञ परामर्शबाट थप अध्ययन अनुसन्धान गराई प्राप्त प्रतिवेदनका आधारमा निर्माण व्यवसायिले पेश गरेको निवेदनमा दावी गरे अनुसार गर्नुपर्ने देखिएमा सार्वजनिक खरिद ऐन र नियमावलीमा भए अनुसार निर्णय गर्ने भनि निर्णय गर्ने भनि निर्णय भएको देखिन्छ ।

(छ) **परामर्श सेवा** – कार्य भईरहेको १५ शैंयाको अस्पताल निर्माणको लागि RCC Frame Structure को निर्माण सकिएको र Wall को कार्य सुरु गर्नुपर्ने भएकोले BOQ मा सम्झौता ९ ईन्च भएको तर निर्माण कम्पनीले ९ ईन्च लगाउन नसकिने भनि निवेदन पेश भएको र कार्यपालिकाबाट स्विकृत भएको अवस्थामा उक्त अस्पतालको पुनः अध्ययन गरी प्रतिवेदन पेश गर्नको लागि परामर्शको लागि आव्हान भएको देखिन्छ । दर्ता हुन आएका परामर्शदाताको आर्थिक तथा प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा श्री SMART Engineering & Design Solution को कम कबोल अंक रू.४,९६,०७०/- (भ्याट सहित) हुन आउँदा उक्त परामर्शदातालाई मिति २०८१।११।१२ मा कार्यादेश दिएको देखिन्छ । मिति २०८२।०३।१९ गो.भौ.नं.६०९ बाट रू.४,९६,०७०/- भूक्तानी भएको देखिन्छ ।भवनको डि पि आ र मा भएको प्राविधिक त्रुटिका कारण पालिकालाई थप व्ययभार पर्न गएको देखिएको छ ।

(ज) **सुझावहरु** - भवन निर्माणमा निर्माण व्यवसायीले बि.ओ.क्यूमा उल्लेख भए अनुसारको कार्य नगर्दा र डि.पि.आरमा कैफियत तथा लागत अनुमानमा कैफियत देखिएको कारण कार्यमा ढिला आएको देखिन्छ । डि.पि.आर. तथा लागत अनुमान बमोजिम कार्य नगर्दा भवनको गुणस्तरमा आउने ह्रास तथा अस्पतालमा आउने विरामीलाई समेत जोखिम सृजना हुने देखिन्छ । अस्पतालको डि.पि.आर. तयार गर्ने देखि ठेक्का व्यवस्थापन गर्दा समेतका प्रकृयामा संलग्न पदाधिकारी तथा कर्मचारीलाई जिम्मेवार वनाई पछिल्लो पटक उक्त भवनका सम्वन्धमा भएको परामर्श सेवाबाट दिएका सुझावको कार्यान्वियन गरी सार्वजनिक सम्पत्तिमा भएको लगानीलाई दुरुपयोग हुन नदिन र यथाशिघ्र निर्माणको कार्य सम्पन्न गरी अस्पताल सञ्चालनमा ल्याउन जिम्मेवार पदाधिकारी,कर्मचारी तथा अन्य सम्वद्ध निकायले थप पहल गर्नुपर्दछ।

६८ **वहाल कर कट्टी दाखिला**

आयकर ऐन, २०५८ को दफा ८८ को १ मा नेपाल स्रोत भएको भाडा भुक्तानीमा १० प्रतिशत अग्रिम कर कट्टी गरी सङ्घीय सञ्चित कोष दाखिला गर्नु पर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न निर्माण कार्यको तथा उपभोक्ताबाट कार्य गराउँदा अग्रिम कट्टी गरेको ढुवानी कर संघिय संचित कोषमा दाखिला गर्नु पर्नेमा भौचर नं. ३०६।२०८२।३।२६ बाट रू. २,७६,४३२।०० गाउँपालिका संचित कोष दाखिला गरेको देखिन्छ । यसरी नियम बमोजिम दाखिला गर्नु पर्ने कर रकम सम्वन्धित संचित कोष दाखिला नगरेको नियमसंगत नदेखिएकोले संघिय संचित कोष दाखिला गर्नु पर्ने देखिएको रू.

प्रमाण पेश नगरेको	२,७६,४३२

६९ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। कार्यालयले कन्टिन्जेन्सी निम्न तालिका बमोजिम यस वर्ष रु. ४७ लाख ९४ हजार कन्टीन्जेन्सीमा खर्च गरेको छ।

सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।

महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाइ, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा रु. ४७,९४,२२४।०० समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन।

कन्टिन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ। वर्क चार्ट स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मूल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नु पर्दछ।

क्र.सं.	कार्यक्रमकोनाम	कन्टेजेन्सी रकम खर्च
१	पारिश्रमिक	२९०००।००
२	पुजिगत संरचना निर्माण	१४३४०९५।००
३	अन्य सहयोग	१५३०५०।००
४	मर्मत सम्भार	२९६६२३।००
५	मसलन्द तथा कार्यालय सामाग्री	४०६४५७।००
६	पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च	११३०५१६।००
७	परामर्श	३००३६५।००
८	विविध	५६२३५८।००
९	भाडा	३४०००।००
१०	अनुगमन तथा मुल्याङ्कन	४४७७६०।००
	जम्मा	४७९४२२४।००

पालिका कार्यालयले आन्तरिक स्रोतबाट विनियोजन भएको योजनाहरूको लागि कर्मचारी तलव, भत्ता, इन्धन, भ्रमण भत्ता र मसलन्द फिल्ड भत्ता प्रोत्साहन सुबिधा समेत रकम बिनियोजन गरी खर्च गरेको अवस्थामा पुन पालिकाका योजनाबाट कन्टेजेन्सी रकम कट्टा गरी खर्च गरेको नियमसंगत हो भन्न सक्ने अवस्था देखिदैन । अत पालिकाले यस्ता कार्यमा नियन्त्रण गर्नु पर्दछ।

७० **लागत अनुमान बढी राखी डि पि आर खर्च** (166-2082-02-09):

पूँजिगत - सडक विभाग योजना अनुगमन तथा मुल्याङ्कन शाखाको पत्र संख्या २०८१/०८२ मिति २०८१/०५/२१ को चलानी नं C81-202 को पत्रबाट परामर्श सेवा खरिदको लागि Professional/Supporting Staffs हरुको स्वीकृत दररेटलाई सम्पूर्ण महाशाखा, आयोजना, निर्देशनालय, कार्यालय, सडक डिभिजन, योजना लगायतमा प्रयोग गर्न सम्प्रेषण गरेको छ । पालिकाले Aaitabare Manedada Valukhop Sadak, Duragaun Karkale Likhu Sadak, Likhu Tamakoshi ward 4 to Bringeshwor School (Dharapani & Kotgaun) Sadak DPR तयार गर्नका लागि बनाएको लागत अनुमान सडक विभागबाट स्वीकृत भएको दररेट भन्दा बढी भएको देखियो । यसरी लागत अनुमानमा स्वीकृत दररेट भन्दा बढी दररेट राखी लागत अनुमान तयार गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ । उक्त डिपिआर सबैभन्दा कम अंक कबोल गर्ने परामर्शदाता ग्राब इन्जिनियरिङ्ग प्रा.ली (६०४३१८५३०) संग सम्झौता गरी रु.१२,९५,०००/- भुक्तानी भएको छ । यसरी फरक दर राखी कार्यालयले उक्त कार्यको लागि लागत अनुमान रु. १६,८६,६८३/- बनाएकोमा सडक विभागको दर राखी लागत अनुमान बनाउदा निम्नानुसारको बढी लागत रु.२,४५,१८२/- देखिएकोले उक्त रकम अनियमित देखिएको रु.

S.N	Description	Person	Days	Acc. to norms (wage rate per day)	paid (wage rate per day)	Diff. wage per day	Total Diff. wage amount
A.	**Key Staff**	1					
1	Team Leader (Highway/Transportation Engineer)	1	35	6617.28	7668.8	1051.52	36803.2
2	Geologist/Eng.Geologist/Geo.Technical Engineer	1	15	6617.28	7155.2	537.92	8068.8
3	Hydrologist	1	11	6617.28	7155.2	537.92	5917.12
4	Civil Engineer	1	30	6617.28	6708	90.72	2721.6
B.	**Support Staff**					0	0
1	Draft Person/CAD Operator	1	35	2278	3518.43	1240.43	43415.05
2	Computer Operator	1	25	2278	3518.43	1240.43	31010.75
3	Surveyor/Sub Engineer	1	35	3544	3518.43	-25.57	-894.95
4	Account/Admin Staff/Supervisor	1	30	2278	3518.43	1240.43	37212.9
5	Support Staff/Helper	1	35	810	1505.63	695.63	24347.05
	Total of A and B						**188601.5**
	Transportation of Personals 15% of (A+B)						28290.23
	Tools and Equipments 10% of (A+B)						18860.15
	Stationary 5% of (A+B)						9430.076
	Grand Total						**245182**

अनियमित भएको	२,४५,१८२

७१ **मूल्य अभिवृद्धि कर कट्टी**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले गो भौ नं ७३६ बाट भावि ईन्जिनियरिङ्ग सोलुसन्सलाई परामर्श सेवा वापतको रकम रु १९५६०३० भूक्तानी गर्दा मू अ कर रकम रु २२५०३० को ३० प्रतिशतले हुन आउने रकम रु

६७५०९भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु ६७५०९ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी भएको देखिएकोले भुक्तानी भएको रकमको मूल्य अभिवृद्धि कर समायोजन पेश गर्नुपर्ने देखिएको रू.

प्रमाण पेश नगरेको	६७,५०९

७२ **परामर्श तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	**परामर्शदाता**	**स्वीकृत लागत रकम (रु. हजारमा)**	**खर्च रकम (रु. हजारमा)**	**अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत (रु. हजारमा)**
फापरबारी खेल मैदान	क्रिटिकल एक्सीस इन्जिनियरीङ	४९९	४३७	प्रदेश पठाएको
धोबी गुम्बा	सगरमाथा क्न्ट्रक्सन एण्ड डिजाइन	४९८	४३७	२००००
राधा कृष्ण मन्दिर पार्क	पास कन्सल्टेन्सी	६००	५९०	प्रदेश पठाएको
गाउपालिका स्तरीय सभाहल	लङभिजन इन्जिनियरीङ	४९९	४८०	
राम्चेडाडा सहिद स्मृति पार्क	आर बि इन्जिनियरीङ	२९९	२७७	सम्पन्न भएको
आइतबारे मानेडाडा भालुखोप सडक,दुरागाउ कर्कले लिखु सडक,वडा नं. ४ देखि भृगेश्वर स्कुल,धारापानी कोटगाउ सडक	ग्रयाब इन्जिनियरिङ	१६८७	१५९५	प्रदेश तथा संघ मा पठाउनको लागि
कृषि पशु पन्च बर्षिय रणनिति	भावी इन्जिनियरीङ	१९७०	१९५६	

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन।डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

७३ **गाउँपालिका पार्श्वचित्र निर्माण** (464-2082-02-29):

गाउँपालिकाले पार्श्वचित्र निर्माण (LTRM/NCB/CS/01-2081/2082परामर्श सेवा खरिदको लागि मिति २०८१।११।२२ मा PECC-SARP JV सँग रू.१९,१५,३५०/- मा सम्झौता गरेको देखिन्छ ।तर पालिकाले उक्त कबोल अंकबाट भुक्तानी भने गणकको भत्ता भनेर विभिन्न २३ जना गणकलाई रू.५,८३,९१०/- भुक्तानी भएको देखिन्छ भने सम्झौता रकमको वाँकि रकम रू.१३,९४,९५०/- पिईसीसी-एस्एआरपीलाई भुक्तानी भएको देखिन्छ । यसरी सम्झौता नभएका गणकलाई भुक्तानी दिने कार्य उपयुक्त देखिदैन ।

७४ **सामाजिक सुरक्षा भत्ता**

७४.१ ·

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१,२२४,४२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७४.२ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । आ. व. २०८१।८२ मा पालिकाले ३२०० भन्दा बढी लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता स्वरूप कुल रु. १३,३१,३८,८४७ वितरण गरेको छ । यस सम्बन्धमा देखिएका थप बेहोराहरू निम्न रहेका छन् ।

	प्रथम त्रैमासिक		दोस्रो त्रैमासिक		तेस्रो त्रैमासिक		चौथो त्रैमासिक	
	वितरण संङ्ख्या	वितरण रकम	वितरण संङ्ख्या	वितरण रकम	वितरण संङ्ख्या	वितरण रकम	वितरण संङ्ख्या	वितरण रकम
अन्य जेष्ठ नागरिक भत्ता	२०८१	२४८९१९९०	२०९९	२५०९५६५२	२१४१	२५३६६१४०	२१६६	२५९१९७७०
जेष्ठ नागरिक भत्ता (दलित)	१२२	९६८२४०	१२१	९६५५८०	१२७	९८६८६०	१३१	१०१८७८०
जेष्ठ नागरिक एकल महिला	२३४	१८६७३२०	२२८	१८१९४४०	२१६	१७२३६८०	१८५	१४७६३००
जेष्ठ नागरिक क्षेत्र तोकिएका	०	०	०	०	०	०	०	०
विधवा	३३०	२५९३५००	३४१	२६८१२८०	३४६	२७५०४४०	३५८	२८३२९००
पूर्ण अपाङ्गता भत्ता	१०७	१२८०७९०	१०९	१२९०८९८	१०८	१२९२७६०	१०८	१२९२७६०
अति अशक्त अपाङ्गता भत्ता	१५२	९६१८५६	१५५	९८५२६४	१६८	१०७०३८४	१६९	१०७४६४०
दलित बालबालिका	१५१	२२८२९५	१५०	२२७९३९	१५४	२३७००९	१५२	२३८३८०
जम्मा	३१७७	३२७९१९९१	३२०३	३३०६६०५३	३२६०	३३४२७२७३	३२६९	३३८५३५३०

प्रतिवेदन - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २९ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानीय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन । प्रणालीमा प्रतिवेदन अद्यावधिक गरी कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

भत्ता वितरणको अनुगमन - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ गाउँ कार्यपालिकाका अध्यक्ष वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सामाजिक सुरक्षा भत्ता विवरणसम्बन्धमा अनुगमन गरी अभिलेख राखेको पाइएन । भत्ता वितरण प्रक्रिया तथा लाभग्राहीको निमयित निरीक्षण तथा अनुगमन गरी कार्यविधिको पालना हुनुपर्दछ ।

पारदर्शिता - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार लाभग्राहीको नाम, दर्ता/नवीकरण प्रक्रिया, भत्ताको दर, बैंक विवरण तथा लाभग्राहीले पूरा गर्नुपर्ने प्रक्रिया लगायतका जानकारी स्थानीय सामाजिक सङ्घ संस्था, गैरसरकारी संस्था तथा सामाजिक परिचालनमा संलग्न संस्थाहरूको सहयोगमा प्रचार-प्रसार गर्नुपर्नेछ साथै भुक्तानी गरिएको रकम र बुझिलिने व्यक्तिको नामावली सम्बन्धित वडा कार्यालय र स्थानीय तहको वेब साइटमा राख्नुपर्नेछ । तर पालिकाको निर्णय पुस्तिका तथा वेब साइट

अवलोकन गर्दा यस्ता सूचना सार्वजनिक गरेको देखिएन । सामाजिक सुरक्षा भत्ता विवरणमा पारदर्शिता कायम गर्न कार्यविधिले तोकेअनुसारको सूचना सार्वजनिक गर्नुपर्दछ ।

निष्क्रिय खाताको रकम - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची -११ बमोजिमको ढाँचामा प्राप्त गर्नुपर्ने व्यवस्था छ । पालिकाअन्तर्गत ३ वटा बैंकमार्फत लाभग्राहीलाई भत्ता वितरण गरेकोमा सो अनुसारको विवरण प्राप्त गरेको देखिएन । लगत कट्टा पश्चातको बैंकबाट विभिन्न मितिमा रु. ५,२७,७०७ फिर्ता दाखिला गरेको देखिएतापनि लगत कट्टा भएको लाभग्राहीको रकम यकिन गरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न अयोग्य ठहर भएको लाभग्राहीको सम्बन्धितको बैंक खातामा रहेको रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

७५ पेस्की फर्स्योट

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (४) बमोजिम फर्स्योट हुन बाँकी पेस्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नुपर्दछ । कार्यालयले उपलब्ध गराएको पेस्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्तसम्म फर्स्योट हुन बाँकी रहेका निम्न व्यक्ति/फर्म/संस्थाहरूको म्याद नाघेको पेस्की रकम नियमानुसार फर्स्योट हुनुपर्ने रु.

व्यक्ति/फर्म/संस्थाहरूको नाम	**म्याद नाघेको पेस्की**	**म्याद ननाघेको पेस्की**	**कैफियत**
विश्वकर्मा निर्माण सेवा	०	२१००००	
प्रजिल कन्स्ट्रक्शन प्रा.लि.		२४५५०००	धोबी बजारदेखि १५ शैया अस्पतालसम्म सडक कालोपत्रे
लिखु तामाकोशी गाउँपालिका स्वास्थ्य शाखा	९८०००	०	मातृ तथा नव शिशु कार्यक्रम
जम्मा	**९८०००**	**२६६५०००**	

पेश्की	९८,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : लिखु तामाकोशी गाउँपालिका, रामेछाप , लिखु तामाकोशी गाउँपालिका , रामेछाप

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,४८५,५१२	७,१२५,८४४	९,०१३,९५८	०	०	९८,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१७,७२३,३१४
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	६,६३९,७८९
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	११,०८३,५२५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१२२३००२१२.४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३५२९९५६२०	चालु खर्च	३३७५८२९८२.९३
प्रदेश सरकारबाट अनुदान	४५९७८०००	पूँजीगत खर्च	१४६९६८१०१.९२
राजश्व बाँडफाँट	११०२९३५५४.०५	वित्तीय/अन्य व्यवस्था	१९७२८७०७६.०२
आन्तरिक आय	६९७०३६८.३४		
अन्य आय	१५७९८२०१९.२८		
कुल आय	६७४२१९५६१.६७	कुल खर्च	६८१८३८१६०.८७
बाँकी मौज्दात		११४६८१६१३.२	

अनुसूची - २

सि.नं	लेखापरीक्षण	लेखापरीक्षण गरएका विषय
1	राजस्व तथा आन्तरिक आय	आन्तरिक आयतर्फ
2	चालु तथा प्रशासनिक खर्च	खर्च परीक्षण
3	विविध खर्च	अन्य विषयहरू
4	खरिद व्यवस्थापन	खरिद व्यवस्थापन
5	सामाजिक सुरक्षा	सामाजिक सुरक्षातर्फ
6	कृषि तथा पशुतर्फ	संवैधानिक र कानूनी व्यवस्था
7	अमानत, अपभोक्ता समिति तथा गैर सरकारी संस्थाबाट कार्य गराउने	उपभोक्ता समिति मार्फत कार्य
8	कोष तथा धरौटी	कोष तथा धरौटी
9	सबैधानिक तथा कानुनी ब्यवस्था पालना भएको नहुन सक्ने	संवैधानिक र कानूनी व्यवस्था
10	योजना वजेट तर्जुमा तथा कार्यक्रम	योजना तर्जुमा, बजेट तथा कार्यक्रम
11	शिक्षा	शिक्षातर्फ
12	ठेक्का तथा प्रस्ताव व्यवस्थापन	ठेक्का व्यवस्थापन
13	वार्षिक मर्मत खर्च(AMC)	वार्षिक मर्मत खर्च(AMC)
14	सफ्टवेयर खरिद	सफ्टवेयर खरिद
15	परामर्श सेवा	खर्च परीक्षण
16	सेवा प्रवाह	सेवा प्रवाह
17	वित्तीय विवरण	वित्तीय विवरणको विश्लेषण
18	अनुत्पादक खर्च	अनुत्पादक खर्च
19	स्वास्थ्य तर्फ	स्वास्थ्यतर्फ

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)			
क्र.स./आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार	गत आ.ब. को कारोबार
	राजस्व, अनुदान र अन्य प्राप्ति		
११०००	कर	१०,८७,३८,६४८.३९	९,८०,८४,९२५.७९
१३०००	अनुदान	३५,९९,३३,१३४.८२	३६,८९,६७,५८७.६६
१४०००	अन्य राजस्व	९८,३०,५०१.००	८६,८८,७३८.४४
१५०००	विविध प्राप्ति	०	४२,०००.००
क	कुल जम्मा प्राप्ति	४७,८५,०२,२८४.२१	४७,५७,८३,२५१.८९
३	चालु	३४,०३,३४,८४२.९३	३३,९२,५२,४१२.४६
२१०००	पारिश्रमिक / सुविधा	९,७१,६६,११८.२३	१९,८५,४१,६१०.४१
२२०००	मालसामान तथा सेवाको उपयोग	२३,०५,४१,१२५.७०	१२,९२,०५,५९६.०५
२५०००	सहायता (Subsidy)	०	७५,४४,८००.००
२७०००	सामाजिक सुरक्षा	१,०३,४०,५०४.००	१९,९७,८०६.००
२८०००	अन्य खर्च	२२,८७,०९५.००	१९,६२,६००.००
४	पूंजीगत	१४,६९,६८,१०१.९२	१९,८०,२०,८०१.१६
३१११०	भवन तथा संरचना	१,५५,९६,००९.५४	४३,४१,३५२.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	२३,११,२५३.००	१०,२५,१६५.००
३११३०	अन्य पूँजीगत खर्च	१,१२,२९,५७५.००	१,९९,९२०.००
३११४०	सुरक्षा उपकरण	०	८,००,०००.००
३११५०	सार्वजनिक निर्माण	११,५३,८६,५६३.३८	१८,७७,३९,०६६.६६
३११६०	निर्मितसरचनाको सुधार खर्च	२४,४४,७०१.००	३९,१५,२९७.५०
५	वित्तीय	०	०
ख)	कुल जम्मा भुक्तानी	४८,७३,०२,९४४.८५	५३,७२,७३,२१३.६२
ग)	बचत /कमी (ग = क-ख)	-८८,००,६६०.६४	-६,१४,८९,९६१.७३
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	११,३२,९०१.४५	८४,८४,१००.४५
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		

ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	-७६,६७,७५९.१९	-५,३०,०५,८६१.२८
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	१२,२२,९७,५१२.३९	१७,५३,०६,०७३.६७
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन		
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	११,४६,२९,७५३.२०	१२,२३,००,२१२.३९

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।